## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

# राष्ट्रिय प्रतिवेदन

# २०८१


नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण
# राष्ट्रिय प्रतिवेदन, २०८१

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
सिंहदबार, काठमाडौं, नेपाल
फोन नं. ०१-४२०००८२, ४२००२१६
**Email : info@mowcsc.gov.np, Web : www.mowcsc.gov.np**

**प्रकाशन**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन–२०८१

**प्रकाशक**

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

**प्रकाशन प्रति**

*३५० प्रति*

**मुद्रण**

**साइनिङ ट्रेड लिंक प्रा.लि.**

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
Email : info@mowcsc.gov.np,
Web : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

# भूमिका

मानव बेचबिखन विश्वमा गम्भीर प्रकृतिको अपराधको रूपमा लिईन्छ। मानव अधिकार उल्लंघनको दृष्टिले यो एक निकृष्ट अपराध हो। हातहतियार र लागू औषध पछि तेस्रो ठूलो संगठित अपराधको रूपमा लिने गरिएको यो समस्याबाट विश्वका कुनै पनि मुलुक अछुतो रहन सकेको छैन र करौडौं मानिसले आफ्नो आत्मसम्मान, स्वतन्त्रता र मौलिक हक गुमाउनु परेको अवस्था छ। आधुनिक दासताको परिभाषा भित्र समेटिने गरेको यो अपराध नियन्त्रण गर्नु र यसबाट पीडित/प्रभावित व्यक्तिहरूलाई संरक्षण गरी र पुनर्जीवन दिनु सबै राष्ट्रको कर्तव्य हो।

नेपाल सरकारले अन्तर्राष्ट्रिय प्रतिवद्धताका साथै नीति, कानून, कार्ययोजनाका र संस्थागत संरचनाहरूको निर्माण गरी मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई योजनाबद्ध ढङ्गबाट सम्बोधन गर्ने प्रयास गर्दै आइरहेको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको स्थापना कालदेखि नै यसको निराकरणमा सशक्त र चरणबद्ध रूपले विभिन्न कार्यक्रमहरू लागू गर्दै आएको हो। यसमा अन्य सरोकारवाला सरकारी संयन्त्रहरू, नागरिक समाज संस्थाहरू र विकास साझेदारहरूको पनि योगदान रहँदै आएको छ। मुलुकका विभिन्न जिल्लाहरूमा समुदाय स्तरसम्म सञ्चालन भइरहेका मानव बेचबिखन विरूद्धको शिक्षा सचेतना; पीडित/प्रभावितको हेरचाह, संरक्षण, पुनर्स्थापना र पुन:एकीकरणका साथै न्यायमा पहुँच कार्यक्रमहरू यसका ज्वलन्त उदाहरण हुन्। मानव बेचबिखन विरूद्ध विशेष कानूनहरुको निर्माण गरी अपराधमा संलग्न हुने बेचबिखनका दलाल एवम् मतियारहरू माथि कानून बमोजिम दण्ड सजाय हुँदै आइरहेको छ। यद्यपि, यो समस्या भने बदलिंदो अन्तर्राष्ट्रिय परिवेश र नयाँ प्रविधिको विकास सँगै नौलो आयाम सहित थप पेचिलो बन्दै गएको अवस्था छ। हालको परिवेशमा यसका स्वरूप बदलिँदै गएको छ, तर सार एउटै हो श्रम, यौन वा अन्य प्रकारको शोषणका लागि दासता।

मन्त्रालयले २०६९ सालदेखि प्रत्येक वर्ष मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्र विशेष गरी निरोध, पीडित/प्रभावितको संरक्षण, कानूनी कारवाही, सरोकारवालाहरू बीचको साझेदारी र क्षमता विकासको क्षेत्रमा सम्पादन गरिएका कियाकलापहरूबाट हाँसिल भएका प्रगतिहरूलाई समावेश गरी राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्दै आइरहेको छ। यसैलाई निरन्तरता दिने क्रममा आ.व. २०८०/८१ मा

सम्पन्न भएका क्रियाकलापहरूलाई समावेश गरी *मानव बेचबिखन तथा ओसारपसार नियन्त्र प्रतिवेदन, २०८१* प्रकाशन गरिएको हो। यस सिलसिलामा विभिन्न मन्त्रालय, विभाग, निकाय तथा गैरसरकारी संघसंस्थाहरूबाट प्राप्त सूचना तथा जानकारीका आधारमा निरोध, पीडित प्रभावितको संरक्षण, न्यायमा पहुँच, क्षमता विकास तथा समन्वय, सहयोग र सहकार्य गरी पाँच वटा प्राथमिकता क्षेत्रलाई आधार मानी ती क्षेत्रहरूमा भएका प्रयास तथा प्रगतिहरूलाई प्रतिवेदनमा समावेश गर्ने र विद्यमान चुनौतीलाई पहिल्याउँदै आगामी दिनका लागि दिशानिर्देश गर्ने प्रयास गरिएको छ।

प्रतिवेदन तयारीको सिलसिलामा सहयोग पुर्‍याउनु हुने र आवश्यक तथ्याङ्क उपलब्ध गराउने सरकारी निकायहरू तथा गैरसरकारी संस्थाहरू धन्यवादका पात्र हुनुहुन्छ। साथै यो प्रतिवेदन तयार गर्न आवश्यक सहयोग गर्नुहुने विज्ञ तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाका सम्पूर्ण कर्मचारीहरूको परिश्रमको सहाना गर्दछौं।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

# प्रतिवेदनको सारांश

- संगठित अपराध भित्र लुकेको मानव बेचबिखन र तस्करी छद्मभेषी तरिकाले हुने गरेकोले यसको यथार्थ सूचना संकलन तथा प्राप्त गर्न सहज छैन। अन्य पेशामा आवद्ध भई मानव बेचबिखन र मानव तस्करीकामा संलग्न हुने ब्यक्तिहरुको अपराधिक क्रियाकलापबारे खुलासा नहुने र पीडित/प्रभावित स्वयं पनि डर, भय, पीडा, दवाव, अज्ञानता, अविश्वास र सामाजिक लाञ्छनाका कारण उजुरी गर्दैनन्।
- मानव बेचबिखनको समस्या र सम्बोधनका प्रयासहरू सम्बन्धी एकीकृत तथ्याङ्कको अभाव छ। प्रदेश, जिल्ला र स्थानीय तहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आफ्नै समन्वयकारी एकाईको अभावमा तथ्याङ्क पाउनमा सीमितता छ।
- विश्वमा सरदर १५० मानिसहरू मध्ये १ जना आधुनिक दासताको स्थितिमा रहेको अवस्था छ। आधुनिक दासताको जीवन बिताइरहेका विश्व जनसंख्यालाई नियाल्दा आधाभन्दा बढी पुरुष, महिला तथा बालबालिका (२ करोड ९३ लाख) एसिया तथा प्रशान्त क्षेत्रमा रहेका छन्। तर क्षेत्रीय स्तरमा जनसंख्याको आकारलाई हेर्दा आधुनिक दासताको सबैभन्दा धेरै अरब मुलुकहरूमा छ। (Walk Free Foun dation, Global Slavery Index 2023)
- विश्वभरी ४ करोड ९६ लाख मानिसहरू बेचबिखनका पीडामा छन्। ती मध्ये २ करोड ७६ लाख बाध्यकारी श्रममा लगाइएका छन् भने २ करोड २० लाख मानिसहरू बलपूर्वकको विवाहका कारण दासतापूर्ण जीवन बिताउन बाध्य छन्। यसमा अधिकांश महिला र बालिका छन्। बेचबिखनमा परेका मध्ये ७१ प्रतिशत महिला तथा बालिका छन् र एकचौथाई १८ बर्ष मुनिका बालबालिका छन्। (ILO 2022)
- विश्वभरी नै मानव बेचबिखनबाट पीडित/प्रभावित भनी पहिचान गरिएका व्यक्तिहरू मध्ये महिला ३९ प्रतिशत, पुरुष २३ प्रतिशत, बालिका २२ प्रतिशत र बालक १६ प्रतिशत रहेको अनुमान गरिएको छ। दक्षिण एशियामा मानव बेचबिखनका पीडित/प्रभावितहरू भनी पहिचान भएका मध्ये ४४ प्रतिशत महिला, २४ प्रतिशत बालक, १७ प्रतिशत बालिका र १५ प्रतिशत पुरुषहरू छन्। (UNODC, Global TIP Report 2024)
- नेपालमा मानव बेचबिखनको स्थिति सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, Global Slavery Index, UNODC को Global TIP Report, अमेरिकी सरकार विदेश विभागको TIP Report लगायत CEDAW Committee को पछिल्लो निष्कर्ष टिप्पणी र सिफारिशहरू बारे महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको गम्भीर रूपमा ध्यानाकृष्ट भएको छ।

## आ.व. २०८०/८१ मा हासिल भएका प्रगति

- ✯ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को पहिलो संशोधन विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने तयारीमा रहेको छ।
- ✯ मानव बेचबिखन विरूद्धको राष्ट्रिय नीति तथा राष्ट्रिय कार्ययोजना को मस्यौदा निर्माण गरी संघ, प्रदेश र स्थानीय तहमा सरोकारवाला निकाय, नागिरक समाज संघसंस्था तथा पीडित/प्रभावितहरूसँग छलफलका आधारमा परिमार्जन गरी अन्तिम रूप दिने प्रयास भएको।
- ✯ नेपाल सरकारद्वारा पालेर्मो प्रोटोकलको अनुमोदन पश्चात नेपाललाई आइपर्ने थप दायित्वहरू कार्यान्वयन कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२) को कार्यान्वयन भइरहेको।
- ✯ समुदाय-प्रहरी साझेदारी कार्यक्रम ७५३ वटै स्थानीय तहमा करिब २४ हजार साझेदारी समितिहरू गठन भई महिला हिंसा, लागू औषध, साइबर अपराध, विपद् लगायत सवारी दुर्घटना न्यूनीकरणका साथै जबरजस्ती करणी, मानव बेचबिखन, आत्महत्या, बाल विवाह, बहु विवाह, दाइजो प्रथा विरुद्ध जनसमुदायमा सचेतना अभिवृद्धि, विद्यालय सम्पर्क कार्यक्रम, सामाजिक अपराध न्यूनीकरण, समुदाय र प्रहरीबीच खेलकुद कार्यक्रम, आगलागी न्यूनीकरण लगायतका कार्यक्रमहरू व्यापक रूपमा सञ्चालनमा रहेका।
- ✯ समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत मानव बेचबिखन विरुद्ध काठमाडौं उपत्यका लगायत सबै प्रदेशहरूमा जनसमुदायका लगभग १ लाख ६ हजार जनाको सहभागितामा कुल ३,६१२ पटक सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिएका।
- ✯ विभिन्न जिल्लाहरूमा मानव बेचबिखन नियन्त्रण जिल्ला समितिको अगुवाईमा गैससहरूको साझेदारितामा सचेतनामूलक लगायतका कार्यक्रमहरू सञ्चालन गरिएका।
- ✯ गैरसरकारी संघसंस्थाद्वारा सञ्चालित सचेतना सम्बन्धी कार्यक्रम प्रत्यक्ष तथा परोक्ष रूपमा लगभग २ लाख ७० हजार  व्यक्तिमा पुगेको।
- ✯ २०८० भाद्र २० गते "सामाजिक न्याय र आर्थिक सशक्तीकरणः मानव बेचबिखनको निर्मूलन" भन्ने मूल नाराका साथ विभिन्न सरकारी निकायहरू तथा सामाजिक संघसंस्थाहरूको सक्रिय सहभागितामा मानव बेचबिखन तथा ओसारपसार विरूद्धको १७ औं राष्ट्रिय दिवस, महिला दिवस (मार्च ८) र लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान (नोभेम्बर २५-डिसेम्बर १०) देशव्यापी रूपमा मनाइएको। प्रत्यक्ष सहभागिता लगभग ४६ हजार महिला र पुरुषको रहेको।
- ✯ यस आ.व. मा नेपाल प्रहरीले १२७ जना पीडित/प्रभावितहरूलाई विदेश र स्वदेशका विभिन्न स्थानबाट उद्धार गरेको।

- १० वटा जिल्लामा रहेका पुनर्स्थापना केन्द्रहरू मार्फत ७५८ र सोही जिल्लाका विभिन्न संघसंस्थाहरू मार्फत २,७३२ जना गरी जम्मा ३,४९० जना पीडित/प्रभावितको उद्धार र पुर्स्थापना गरिएको।
- नेपाल-भारत सीमा नाका लगायत विभिन्न स्थानमा रहेका संघसंस्थाका सूचना केन्द्रहरूले सीमा सुरक्षा तथा चेक प्वाइन्टमा कार्यरत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतका निकायहरूको सहयोगमा महिला २,७६६ जना (६४.३ प्रतिशत), बालिका १,४३६ जना (३३.४ प्रतिशत), पुरुष १५ जना (०.४ प्रतिशत) र बालक ८३ जना (१.९ प्रतिशत) गरी जम्मा ४,३०० जनालाई मानव बेचबिखन तथा ओसारपसारका लागि जोखिम भनी प्रारम्भिक पहिचान गरी उद्धार र फिर्ति गरिएका। साथै ती सूचना केन्द्रहरूले कुल ७७,५०० जनालाई मानव बेचबिखन र मानव तस्करीका विरूद्धमा परामर्श सेवा प्रदान गरेको।
- बालबालिकासम्बन्धी स्थिति प्रतिवेदन, २०८१ अनुसार १७ जना बालिका बेचबिखनमा परेको र ४६ जना बालिका अपरहणमा परेको। देशभर ६,५९० जना बालबालिका (बालिका ७२ प्रतिशत र बालक २८ प्रतिशत) हराएकोमा नेपाल प्रहरी, बालबालिका खोजतलास केन्द्र र बाल हेल्पलाइन समेतको सहयोग र समन्वयमा खोजतलास गरी ५,८३१ (बालिका ७२ प्रतिशत र बालक २८ प्रतिशत) लाई फेला पारी पारिवारिक पुनर्मिलन गरिएको।
- नेपाल सरकारको समन्वय र सहयोगमा १० जिल्लामा पुनर्स्थापना केन्द्र, २१ जिल्लामा अल्पकालीन सेवा केन्द्रहरू सञ्चालनमा छन् भने कोशी प्रदेशमा प्रदेश स्तरीय संरक्षण गृह सञ्चालनमा रहेको छ। मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा प्रादेशिक पुनर्स्थापना केन्द्र निर्माण प्रक्रियामा रहेको। बागमती र कर्णाली प्रदेश सरकारहरूबाट जिल्लामा संञ्चालित संरक्षण गृहहरूलाई सहयोग भईरहेको।
- यस आ.व. मा विभिन्न संस्थाहरू मार्फत पुनर्स्थापना सेवा प्राप्त गर्ने पीडित/प्रभावितको संख्या ४,७४३ रहेको।
- संघसंस्थाबाट प्राप्त जानकारी अनुसार यो वर्ष स्वास्थ्य सेवा प्राप्त गर्ने पीडित/प्रभावितको संख्या १,६९९ रहेको। ७७ जिल्लाका ९७ सरकारी अस्पतालमा सञ्चालित एकद्वार संङ्कट व्यवस्थापन केन्द्र लगायत अन्य स्वास्थ्य संस्थाबाट समेत पीडित प्रभावितले सेवा प्राप्त गरेको।
- यस वर्ष विभिन्न संस्थाहरूबाट ५,९०२ जना पीडित/प्रभावितले मनोसामाजिक परामर्श प्राप्त गरेका। ती मध्ये ४९ प्रतिशत महिला र ४८ प्रतिशत बालिका, ३ प्रतिशत पुरुष र बालक रहेको।

- ✭ यस वर्ष ६०६ जना पीडित/प्रभावितले विभिन्न तहको शिक्षा हासिल गर्न सहयोग प्राप्त गरेको (६७.८ प्रतिशतले आधारभूत शिक्षा, ११.४ प्रतिशतले उच्च शिक्षा, ९ प्रतिशतले उच्च माध्यमिक शिक्षा र ११.८ प्रतिशतले स्नातक तह)।
- ✭ यस वर्ष संस्थागत संरक्षणमा रहेका पीडित/प्रभावितहरू मध्ये २,००७ जनाले सीपमूलक तालिम प्राप्त गरेका, १३८ जनाले बीउ पुँजी सहायता र १२५ जनाले रोजगारी पाएका।
- ✭ यस वर्ष विभिन्न संस्थाहरू मार्फत कुल ४,८२० जना पीडित/प्रभावितहरूको पारिवारिक पुनर्मिलन र सामाजिक पुनःएकीकरण गरिएको।
- ✭ यस वर्ष विभिन्न संस्थाहरूबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्ने पीडित/प्रभावितहरूको संख्या १,९१७ रहेको।
- ✭ यस वर्ष नेपाल प्रहरीमा मानव बेचबिखन विरुद्ध जम्मा १७० वटा उजुरी परी अनुसन्धान गरिएकोमा १३४ वटा घटनाको अभियोजन गरिएको। ती मध्ये ४१ प्रतिशत ब्यूरोबाट र ५९ प्रतिशत अन्य प्रहरी कार्यालयहरूबाट अनुसन्धान/अभियोजन गरिएका।
- ✭ उपत्यकाको ८४, लुम्बिनी प्रदेशमा ३१, कोशी प्रदेश, मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशमा ११/११, बागमती प्रदेश (काठमाडौं उपत्यका बाहेक) र गण्डकी प्रदेशमा ८/८ र कर्णाली प्रदेशमा ४ वटा मुद्दाहरू रहेका।
- ✭ नेपाल प्रहरीको तथ्याङ्क अनुसार जिल्लागत रूपमा सातै प्रदेशका ३५ वटा जिल्लाहरूमा मानव बेचबिखनका उजुरी दर्ता भएका।
- ➤ नेपाल प्रहरीको विवरण अनुसार यस वर्ष नेपालभित्र यौन पेशामा संलग्न गराउन, भारतमा यौन पेशामा संलग्न गराउन, नेपाल तथा भारतमा ओसारपसार, Cyber Slavery (म्यानमारका लागि), विदेशमा श्रम शोषण र बन्धक बनाउने उद्देश्यले महिला, बालिका र पुरुषको बेचबिखन भएको।
- ✭ नेपाल प्रहरीमा दर्ता भएका १७० वटा मानव बेचबिखन तथा ओसारपसारका घटनाका पीडित व्यक्तिहरू कुल २१५ जना रहेको। त्यसमध्ये ९२ प्रतिशत महिला तथा बालिका (लगभग पाँच खण्डमा तीन खण्ड महिला र एकतिहाई भन्दा बढी बालिका) करिव ८ प्रतिशत पुरुषहरू रहेका।
- ✭ महान्याधिवक्ताको कार्यालयको प्रतिवेदन अनुसार मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरूलाई "मानव बेचबिखन", "मानव ओसारपसार", "मानव अङ्ग झिक्ने/बेच्ने", "बेश्यागमन" र "बेश्यावृत्ति" गरी पाँच वर्गमा वर्गीकरण गरिएको। यस आ. व.मा महान्याधिवक्ताको कार्यालयमा मानव किनवेच र मानव ओसारपसारको अभियोगमा जम्मा

२११ वटा मुद्दा रहेकोमा २२ वटा (१०.४ प्रतिशत) मुद्दामा कसूर ठहर भएको, २८ वटा (१३.३ प्रतिशत) मुद्दामा सफाई पाएको र १६१ वटा (७६.३ प्रतिशत) मुद्दा फछ्र्यौट हुन बाँकि रहेको।

- ✯ उच्च सरकारी वकील कार्यालयहरूमा मानव बेचबिखन, मानव ओसारपसार, मानव अङ्ग झिक्ने/बेच्ने र बेश्यावृत्ति गरी मानव बेचबिखन विरूद्धको मुद्दाको कुल लगत २६६ रहेकोमा १०० वटा (३७.६ प्रतिशत) मुद्दामा कसूर ठहर भएको, ६० वटा (२२.६ प्रतिशत) मुद्दामा सफाई पाएको र १०५ वटा (३९.५ प्रतिशत) मुद्दा फछ्र्यौट हुन बाँकि रहेको।
- ✯ विभिन्न जिल्ला स्थित सरकारी वकील कार्यालयहरूमा मानव बेचबिखन विरुद्धका मुद्दाको जम्मा लगत ३७३ र प्रतिवादी संख्या ८५३ जना रहेको, ती मध्ये ८२ (२२ प्रतिशत) मुद्दामा (२३१ जना प्रतिवादी सहित) कसूर कायम भएको, १४९ (४० प्रतिशत) मुद्दामा (२३० जना प्रतिवादी सहित) सफाई पाएको, ८ (२ प्रतिशत) मुद्दा (१९ जना प्रतिवादी सहित) फिर्ता गरिएको/मुल्तबी राखिएको र १३४ (३६ प्रतिशत) मुद्दा (३७३ जना प्रतिवादी सहित) बाँकी रहेको।
- ✯ यस आ.व.मा विभिन्न तहका अदालतहरूमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको कुल लगत १,१४७ रहेकोमा ५८७ (५१.२ प्रतिशत) फछ्र्यौट भई बाँकी ५६० वटा (४८.८ प्रतिशत) विचाराधीन रहेको।
- ✯ सर्बोच्च अदालतमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी जम्मा ३७५ वटा मुद्दा रहेकोमा यो एकतिहाई मुद्दा फछ्र्यौट भएको, उच्च अदालत र मातहतका इजलासहरूमा ४०२ वटा मुद्दाहरू मध्ये दुइतिहाईको फछ्र्यौट भएको र ७७ जिल्ला मध्ये ४५ जिल्ला अदालतहरूमा रहेका जम्मा ३७० वटा मुद्दाहरू मध्ये ५३ प्रतिशत फछ्र्यौट भएको।
- ✯ यस वर्ष संस्थाहरूको पहलमा दर्ता भएका कुल उजुरी २२१ मा पीडित/प्रभावितको संख्या २३५ रहेकोमा ती मध्ये लगभग ५८ प्रतिशत बालिका, ३९ प्रतिशत महिला र बाँकी ३ प्रतिशत पुरुष र बालक रहेका।
- ✯ यस आ.व. मा मानव बेचबिखन तथा ओसारपसारको अभियोगमा नेपालका विभिन्न ३९ वटा कारागाहरूमा स्वदेशी २८८ जना (८७.८ प्रतिशत) र विदेशी ४० जना (१२.२ प्रतिशत) गरी कुल ३२८ जना कैदी र थुनुवाहरू रहेका। ती मध्ये कसूर प्रमाणित भई कैद सजाय भोगी रहेका स्वदेशी १७९ (पुरुष १३४, महिला ४५) र विदेशी पुरुष ८ जना गरी १८७ जना (५७ प्रतिशत); पुर्पक्षका लागि थुनामा रहेका स्वदेशी १०९ (पुरुष

९१, महिला १८) र विदेशी ३२ (पुरुष २७ र महिला ५) गरी जम्मा १४१ जना (४३ प्रतिशत) रहेका। अभियोजित कुल ३२८ कैदी/बन्दी मध्ये ७९ प्रतिशत पुरुष र २१ प्रतिशत महिला रहेका।

- ✯ बैदेशिक रोजगार तर्फ ७,४१,२९७ जना नेपाली नागरिकहरूले बैदेशिक रोजगारका लागि स्वीकृती प्राप्त गरेका थिए। त्यसमध्ये ८९ प्रतिशत पुरुष र ११ प्रतिशत मात्र महिला रहेको।
- ✯ बैदेशिक रोजगार विभाग अन्तर्गत कुल ७,७६३ उजुरी दर्ता भएको मध्ये ३८३७ (लगभग ५० प्रतिशत) उजुरीको फछ्र्यौट भएको र कुल जम्मा रू ३०,९३,८९,५१२ रकम क्षतिपूर्ति भराएको।
- ✯ विभागबाट ८९ वटा इजाजत प्राप्त संस्थाको नियमित र आकस्मिक अनुगमन, १२ वटा तालिम प्रदायक संस्थाको अनलाइन अनुगमन सहित २१९ वटा अभिमूखीकरण तालिम प्रदायक संस्थाको अनुगमन र १४ वटा कन्सल्टेन्सी संस्थाको अनुगमन गरिनुका साथै १४ वटा इजाजत प्राप्त संस्थाको कारोबार बन्द गरेको र १२७ जनाको राहदानी फिर्ताका लागि पहल गरेको।
- ✯ महान्यायाधिवक्ताको कार्यालयको प्रतिवदेन अनुसार विशेष सरकारी वकील कार्यालयबाट बैदेशिक रोजगार सम्बन्धमा आ.व. २०८०/८१ मा २१८ मुद्दा दायर भएको र प्रतिवादीको संख्या ५०२ रहेको।
- ➤ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले एकीकृत तथ्याङ्कका लागि सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) को सफ्टवेयर तयार गरी ७५३ वटै स्थानीय निकायहरुमा कार्यान्वयनको लागि अनुरोध गरिएको।
- ✯ यस वर्ष  नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान तथा प्रदेशमा रहेका तालिम केन्द्रहरूद्वारा महिला तथा बालिका विरुद्ध हुने अपराधको अनुसन्धान, बलात्कारका घटनाहरू, यौन आक्रमण, बाल यौन दुर्व्यवहार, मानव बेचबिखन तथा ओसारपसार लगायत सञ्चालित तालिममा जम्मा १,११४ प्रहरी कर्मचारीहरू सहभागी भएका।
- ✯ विभिन्न संस्थाहरूद्वारा सञ्चालित क्षमता विकास सम्बन्धी कार्यक्रमहरूमा महिला १,७६८ र पुरुष ६८३ गरी २,४५१ जना प्रत्यक्ष रूपमा सहभागी भएका।
- ✯ पालेर्मो प्रोटोकल अनुमोदन पश्चात मन्त्रालयको अगुवाईमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि राष्ट्रिय नीति, ऐन, नियमावली र कार्ययोजनाको तर्जुमा तथा परिमार्जन गर्ने सिलसिलामा संघ, प्रदेश र स्थानीय तहमा विभिन्न सरोकारवाला निकाय, नागरिक समाज

संघसंस्था तथा पीडित/प्रभावितहरूसँग सहयोग र सहकार्यलाई बढावा दिंदै आएको।

- संघसंस्थाहरूद्वारा जिल्ला तथा स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति र स्थानीय समितिहरू तथा परियोजना सल्लाहकार समितिसंग समन्वय र सहकार्य गरेका छन्।

## केही सवाल तथा चुनौतिहरू

१. छद्मभेषी तरिकाले हुने मानव बेचिबखन र तस्करीको यथार्थ सूचना पाउन सहज छैन; अन्य पेशामा आवद्ध भई मानव बेचबिखन र मानव तस्करीकामा संलग्न हुने ब्यक्तिहरुको अपराधिक क्रियाकलापबारे खुलासा नहुने र पीडित/प्रभावित स्वयं पनि डर, भय, पीडा, दवाव, अज्ञानता, अविश्वास र सामाजिक लाञ्छनाका कारण उजुरी नगर्ने हुँदा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी सही सूचना र तथ्याङ्क प्राप्त हुन नसक्नु;

२. विभिन्न स्वरुपमा हुने मानव बेचबिखनका साथै मूलतः महिला तथा किशोरिहरूको यौन शोषणका उद्देश्यले हुने बेचबिखन कायम रहनुः

३. मानव तस्करी विरूद्ध एक छुट्टै कानूनी व्यवस्थाका साथै मानव बेचबिखनका स्वरूप र आयामलाई सम्बोधन हुने गरी कानूनमा सुधार र कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्नु;

४. मानव बेचबखनबाट पीडित/प्रभावित व्यक्तिहरूको पहिचान, उद्धार र स्वदेश फिर्ति लगायत उनीहरूलाई प्रवाह हुनुपर्ने पुनर्स्थापना सेवा सम्बन्धमा प्रभावकारिता अभिबृद्धि गर्नु र एकरूपता कायम गर्नु;

५. विदेशमा बेचबिखन भई अलपत्र परेका नेपालीहरूको छिटो उद्धार र स्वदेश फिर्तिका लागि भारत लगायत विदेशी मुलुकहरूसँगको द्विपक्षीय सम्झौता सहितको सम्बोधन प्रणाली पारस्परिक कानूनी सहायता प्रणालीको  स्थापना गर्नु;

६. मानव बेचबिखन विरूद्धको अन्तर्राष्ट्रिय/क्षेत्रीयस्तरमा आर्थिक तथा प्राविधिक सहयोगका साथै निरोधात्मक कार्यक्रमहरूको समुदाय स्तरसम्म सघनता र प्रभावकारिता अभिबृद्धि गर्नुः

७. प्रदेश, जिल्ला र स्थानीय तहसम्म समन्वय, साझेदारी र सहजीकरणलाई सुदृढ तुल्याउनुः

८. मानव बेचबिखन र लैङ्गिक हिंसाका सवालहरूलाई सम्बोधन गर्न सक्षम हुने गरी श्रोत विनियोजन सहित अभिमूखीकरणकका कार्यक्रमहरू सञ्चालन गर्नु;

९. सबै क्षेत्र र तहमा मानव बेचबिखन विरूद्ध लड्न दक्ष जनशक्ति सहितको संरचना निर्माण गर्नुः

१०. पीडित/प्रभावितको गोपनीयताको अधिकारको सुनिश्चितता सहित द्रुत न्याय र क्षतिपूर्तिका

सवालहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्नुः

११. स्वदेश भित्र बैदेशिक रोजगारका भर्नाकर्ताहरू लगायत कृषि, उद्योग कलकारखाना, यातायात, मनोरञ्जन तथा अतिथि सत्कार क्षेत्र, घरेलु कामको क्षेत्र आदिको नियमनलाई प्रभावकारी बनाई निजी क्षेत्रसँगको सहकार्यलाई प्रवर्द्धन गर्नु।

## आगामी कार्यदिशा

- मन्त्रालयद्वारा प्रत्येक बर्ष प्रकाशित राष्ट्रिय प्रतिवेदनहरू, राष्ट्रिय मानवअधिकार आयोगको राष्ट्रिय प्रतिवेदन, नेपालको सन्दर्भमा CEDAW Committee को सिफारिश लगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले गरेका नीतिगत सुझावहरू बारे अध्ययन विश्लेषण गरी सुधार गर्नुपर्ने विषयहरूमा ध्यान दिने।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यक्रमहरुको प्रभावकारिता तथा यस अपराधको नयाँ स्वरूप र आयामहरू बारे अध्ययन अनुसन्धान गर्ने।
- मानव बेचबिखन विरूद्ध प्रतिपादित राष्ट्रिय नीति, कानून, कार्ययोजना, १६औं योजना, पालेर्मो प्रोटोकल, CEDAW Committee लगायत UPR का सिफारिशहरू बारे स्थानीय तहका सबै सरोकारवालाहरूलाई चरणबद्ध रूपमा जानकारी र सचेत गराउने।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन संसोधन विधेयकलाई प्राथमिकताका साथ प्रमाणीकरणका लागि पहल गर्ने।
- ऐन संसोधन पश्चात मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावलीलाई यथाशीघ्र परिमार्जन गर्ने।
- मानव बेचबिखन विरूद्धको नयाँ राष्ट्रिय नीति र कार्ययोजना तर्जुमा गर्ने।
- पीडित/प्रभावितहरूको पहिचान, उद्धार, स्वदेश फिर्तिसम्बन्धी मानक कार्यविधि, प्रेषण प्रणाली लगायतका निर्देशिका/कार्यविधिहरू यथाशीघ्र तर्जुमा गर्ने।
- पीडित/प्रभावितहरूको संरक्षण तथा हेरचाह सम्बन्धी राष्ट्रिय न्यूनतम मापदण्ड र पुनर्स्थापना गृह सञ्चालन निर्देशिकालाई संघीय संरचना अनुसार मिलान हुनेगरी सुधार गर्ने।
- मानव बेचबिखन नियन्त्रणका लागि कानूनमा व्यवस्था गरी सबै प्रदेशमा प्रदेशस्तरीय समिति र सबै स्थानीय तहमा स्थानीय समितिहरूको गठन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुका साथै जिल्ला स्तरमा समेत प्रेषण संयन्त्र (Referral Mechanism) स्थापना गरी सुदृढ तुल्याउने।
- जिल्लाहरूमा कार्यरत प्रदेश सामाजिक विकास मन्त्रालयका जिल्ला कार्यालयहरूलाई मानव

बेचबिखन नियन्त्रणका सवालहरूमा पनि क्रियाशील बनाई जिल्लामा समन्वयात्मक भूमिका निर्वाह गर्न सक्ने गरी सक्षम तुल्याउने।

- गैससर्सँगको समन्वय र सहकार्यमा सञ्चालन भएका पुनर्स्थापना केन्द्र/सेवा केन्द्रहरूलाई क्रमशः प्रदेश सरकार र स्थानीय तहको दायित्वको रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने।
- आवश्यकताअनुसार स्थान विशेषका आधारमा दीर्घकालीन तथा अल्पकालीन पुनर्स्थापना केन्द्र/सेवा केन्द्रहरूको वर्गीकरण गरी प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने।
- पीडित/प्रभावितको सहज पहुँच हुने गरी प्रदेश, जिल्ला र स्थानीय तहमा समेत पुनर्स्थापना कोष स्थापना गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने।
- औपचारिक शिक्षाको माध्यमबाट किशोर किशोरीहरूमा मानव बेचबिखन विरूद्धको शिक्षा लगायत सुरक्षा शिक्षालाई व्यापक बनाउने।
- जीवनउपयोगी किशोरकिशोरी शिक्षालाई सबै समुदायमा पुर्याई मानव बेचबिखन, बाल विवाह, बाल श्रम यौनिक तथा लैङ्गिक हिंसा लगायतका हानीकारक अभ्यासहरू विरूद्ध सचेत गराउने।
- सरकारी तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालन हुने सचेतनाका कार्यक्रमहरू सँगै आयआर्जनका कार्यक्रमहरूलाई पनि जोड दिने।
- समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी तुल्याई महिला समूह, आमा समूह, किशोरी समूह, युवा क्लव, बाल क्लव लगायतका समुदायमा आधारित संघसंस्थाहरूको सहभागितामा समुदाय निगरानी प्रणालीलाई सुदृढ तुल्याउने।
- सीमानाकामा सञ्चालन भएका विभिन्न संस्थाका सूचना केन्द्रहरूको आवश्यकता र प्रभावकारिता बारे अध्ययन गरी streamlining गर्ने।
- छिमेकी मुलुकहरूसँग मानव बेचबिखन नियन्त्रणका लागि द्विपक्षीय सहयोग, समझदारी तथा सहकार्यका लागि आवश्यक पहल गर्ने।
- नेपाली कामदारहरू पुगेका सबै मुलुकहरूसँग आप्रवासी कामदारको हक हित संरक्षण हुने गरी श्रम सम्झौताका लागि पहल गर्ने।
- श्रम आप्रवासन विशेषगरी घरेलु काममा बिदेश जाने महिला कामदारहरूको सन्दर्भमा मानव बेचबिखन र मानव तस्करी मुक्त बनाउन विशेष कार्ययोजना सहित सूचना सङ्कलन, निगरानी, अनुगमन र कानूनी कारबाहीमा प्रभावकारीता ल्याउने।

- आप्रवासी कामदार तथा तिनका परिवारको संरक्षणको अधिकार सम्बन्धमा बनेको विशेष महासन्धि International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families 1990, Protocol Against the smuggling of Migrants by Land, Sea and Air, Supplementing the United Nations Convention against Transnational Organized Crime; अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को महासन्धिहरू Domestic Workers Convention, 2011 (No. 189) र Violence and Harassment Conventions 2019 (No. १९०) लगायतका महासन्धीहरूको अनुमोदन गर्ने सम्बन्धमा अध्ययन गर्ने।
- पर्यटन/भिजिट भिषामा जाने व्यक्तिहरू विशेषगरी महिला/किशोरीहरूको सम्बन्धमा बेचबिखनको जोखिमलाई घटाउने उपायहरूको अवलम्वन गर्ने।
- सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) लाई स्थानीयकरण गरी सुदृढ तुल्याउने।
- कृषि, उद्योग, निर्माण, यातायात, पर्यटन, मनोरञ्जन तथा अतिथि सत्कार लगायतका क्षेत्रहरूमा श्रम तथा यौन शोषणका दृष्टिले जोखिम क्षेत्रहरू पहिचान गरी स्थानीय तह समेतको संलग्नतामा नियमन र अनुगमनलाई प्रभावकारी बनाउने।
- सबै तहका मानव बेचबिखन नियन्त्रण समिति/संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्ने।
- संघ, प्रदेश र स्थानीय तहमा मानव बेचबिखन नियन्त्रण सम्पर्क बिन्दू तोक्ने र क्षमता विकास तालिम सञ्चालन गर्ने।
- अनुसन्धान, अभियोजन तथा न्याय निरोपणमा संलग्न रहने पदाधिकारीहरू लक्षित क्षमता विकास तालिम सञ्चालन गर्ने।
- मानव बेचबिखन नियन्त्रणमा सरकारी, गैरसरकारी, निजी क्षेत्र र विकास साझेदारहरूको सहकार्यलाई प्रवर्द्धन गर्ने।

# विषयसूची


**प्रतिवेदनको सारांश** ङ

**परिच्छेद १ : परिचय**

१.१ पृष्ठभूमि १

१.२ उद्देश्य ३

१.३ प्रतिवेदन तयारी विधि ३

१.४ प्रतिवेदनको सीमा ३

**परिच्छेद २ : मानव बेचबिखन नियन्त्रण समस्या र सम्बोधन**

२.१ मानव बेचबिखन: विश्वव्यापी समस्या ५

२.२ नेपालमा मानव बेचबिखनको समस्या ७

२.३ अन्तर्राष्ट्रिय महासन्धि र नेपालको प्रतिवद्धता ९

२.४ सम्बोधन प्रणाली १०

२.५ विभिन्न प्रतिवेदनका सिफारिशहरू १५

**परिच्छेद ३ : निरोधात्मक प्रयासहरू**

३.१ नीतिगत कार्यक्रम २०

३.२ बेचबिखन विरूद्ध शिक्षा सचेतना २१

३.३ दिवसीय कार्यक्रम ३०

३.४ सुरक्षित आप्रवासन कार्यक्रम ४४

**परिच्छेद ४ : पीडित/प्रभावितको संरक्षण**

४.१ पहिचान, उद्धार तथा फिर्ति ४५

४.२ हराएका र फेला परेका बालबालिका ५४

४.३ पुनर्स्थापना कोष ५६

४.४ पुनर्स्थापना केन्द्र ५८

४.५ पुनर्स्थापना सेवा ६२

४.६ पारिवारिक पुनर्मिलन/सामाजिक पुन:एकीकरण ६७

४.७ बैदेशिक रोजगारतर्फ उद्धार तथा पुनर्स्थापना ६७

**परिच्छेद ५ : कानूनी कारवाही**

५. १ नि:शुल्क कानूनी सहायता ६९

५.२ प्रहरी अनुसन्धान र कारवाही ७०

५.३ अभियोजन ७५

५.४ अदालती कारवाही ७८

| | | |
|---|---|---|
| ५.५ अभियोजित कैदी/थुनुवाहरूको संख्या | | ८० |
| ५.६ बैदेशिक रोजगार सम्बन्धी कारवाही | | ८२ |
| **परिच्छेद ६ : क्षमता विकास** | | |
| ६.१ सामाजिक सूचना प्रणाली | | ८४ |
| ६.२ तालिम अभिमूखीकरण | | ८५ |
| **परिच्छेद ७ : सहयोग, समन्वय र सहकार्य** | | |
| ७.१ राष्ट्रियस्तरमा समन्वय र सहकार्य | | ९१ |
| ७.२ जिल्ला तथा स्थानीयस्तरमा समन्वय बैठकहरू | | ९२ |
| ७.३ विकास साझेदारहरूसँगको सहयोग र सहकार्य | | ९५ |
| **परिच्छेद ८ : निष्कर्ष र आगामी कार्यदिशा** | | |
| ८.१ निष्कर्ष | | १०४ |
| ८.२ आगामी कार्यदिशा | | १०७ |
| अनुसूची १: | जिल्ला स्थित सेवा केन्द्र सम्बन्धी विवरण | १११ |
| अनुसूची २: | नेपाल सरकारको स्वीकृति लिई संरक्षण गृह सञ्चालन गरिरहेका संस्थाहरूको विवरण | ११२ |
| अनुसूची ३: | आ.व. मा २०८०/८१ मा उच्च अदालत तथा मातहतका इजलासमा रहेका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको लगत, पछ्यौंट र बाँकी संख्या | ११७ |
| अनुसूची ४: | आ.व. मा २०८०/८१ मा जिल्ला अदालतहरूमा रहेका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको लगत, पछ्यौंट र बाँकी संख्या | ११८ |
| अनुसूची ५: | विवरण उपलब्ध गराउने सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूको नामावली | १२२ |
| अनुसूची ६: | आ.व. २०८०/८१ मा नेपालमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रय संस्थाहरूको विवरण | १२४ |
| सन्दर्भ सामग्री | | १३५ |

परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

बाध्यकारी श्रम वा यौन शोषण गर्ने मनसायले पशुपंक्षी वा वस्तु सरह व्यक्तिहरूको किनबेच नै मानव बेचबिखन हो। मानव बेचबिखन आधुनिक दासताको एक निकृष्ट रूप पनि हो। यो प्रायः बहुराष्ट्रिय चरित्रको हुन्छ। यसभित्र लुकेको सबैभन्दा ठुलो स्वार्थ भनेको कमजोर अवस्था वा जोखिमउन्मुख जीवन बाँची रहेका व्यक्तिहरू माथि आपराधिक तरिकाले आर्थिक शोषण गरी नाफा आर्जन गर्नु हो। यसबाट सबै लिङ्ग र उमेरका व्यक्तिहरू पीडित र प्रभावित हुन सक्छन्। यसभित्र जवरजस्ती श्रम, बँधुवा श्रम, बाध्यकारी यौन पेशा, अश्लील चित्रण, जबरजस्ती विवाह, बाल विवाह, मानव अङ्ग प्रत्यारोपणका लागि बलजफ्ती वा छलछाम वा जबरजस्ती विवाह, पद वा शक्तिको दुरूपयोग गरी कुनै व्यक्तिलाई भर्ती गर्नु, ओसारपसार गर्नु, ढुवानी गर्नु, आश्रय दिनु वा प्राप्त गर्नु लगायतका क्रियाकलापहरू समावेश छन्। यो एक संगीन अपराध हो जसको कारण विश्वभरी करोडौं मानिसहरूको मौलिक अधिकार र मर्यादाको हनन् भइरहेको छ।

मानव स्वभावैले जीवनयापनका लागि आय आर्जन मात्र होइन आर्थिक रूपमा सम्पन्न हुने र सन्तत्तिका लागि संग्रह गर्ने चाहना पनि राखेको हुन्छ। धन र अवसरको खोजीको सिलसिलामा वर्षेनी हजारौं मानिसहरू अविकसित गाउँबाट सुविधा सम्पन्न शहर हुँदै सीमा पारी वा तेश्रो मुलुक सम्म पुग्ने क्रममा जानेर वा अन्जानमा मानव तस्करी हुँदै बेचबिखनमा पर्ने अवस्था छ। विश्वभरी नै विकसित मुलुक वा शहरमा सस्तो श्रम र यौन शोषणमा संलग्न गराउने मनसायले यस अपराधमा पिछडिएका स्थान वा कम विकसित राष्ट्रहरूका महिला, बालबालिका र पुरुषको जोखिम बढ्दो छ।

बेचबिखन र दासत्वको इतिहास बिश्लेषण गर्ने हो भने कुनै पनि मुलुक आन्तरिक बेचबिखनबाट अछुतो छैन्। समयको अन्तरालमा विकासको गतिसँगै यसको आयाम र स्वरूपमा परिवर्तन आएको मात्र हो। यसको रोकथाम गर्न, यसका विरुद्ध कानून बनाई सशक्त तरिकाले प्रतिरोध गर्न र अन्तर्राष्ट्रिय सहयोग र समर्थन जुटाउन संयुक्त राष्ट्रसंघद्वारा धेरै महासन्धिहरू प्रतिपादन भएका छन्।

नेपालको सन्दर्भमा पनि कमाराकमारी राख्न अथवा श्रम दासता र यौन दास बनाउन परापूर्वकालदेखि नै मानिसको किनबेच हुने गरेको पाईन्छ। राणाकालीन मुलुकी ऐनमा दास बनाउन पाइने जातजाति नै छुट्ट्याइएको थियो। वि.सं. १९८१ मंसिरमा दास प्रथाको उन्मूलन गर्ने घोषणा भयो। तर सदियौंदेखिको शक्ति, पद र सम्पत्ति हुनेहरूबाट समाजका विपन्न र निमुखा माथि हुने शोषण र दासत्वजन्य व्यवहार धेरै पछिसम्म कायमै रह्यो। वि.सं. २०५७ साउनमा कमैया प्रथाको अन्त्य र

२०६३ भदौमा हलिया मुक्तिको घोषणा भयो। तर पनि हरुवा, चरुवा, हली, गोठालो, कमलरिया वा यस्तै प्रकारका कमैया श्रमका अवशेषहरू समाजमा अझै केही मात्रामा कायम छन्। अर्को तर्फ राणा कालमा दरवारमा सीमित महिला तथा किशोरीहरूको यौन दासता कालान्तरमा बेचबिखनको माध्यमबाट सीमा जोडिएको भारतका विभिन्न शहरका कोठीहरू (Brothel) सम्म पुग्यो। अहिले विश्वीकरण र खुला अर्थतन्त्रको परिवेशमा श्रम शोषण तथा यौन शोषणका लागि नेपाली महिला, पुरुष तथा बालबालिकाको बेचबिखन विश्वका विभिन्न महादेशहरूमा फैलिन पुगेको अवस्था छ। सूचना प्रविधिको नवीनतम विकासले मानव बेचबिखनको समस्यालाई थप चुनौतिपूर्ण बनाएको छ।

विश्वमा नै थोरै लगानीमा अत्यधिक मुनाफा हुने र तेश्रो ठूलो संगठित अपराधको रूपमा लिइने मानव बेचबिखनलाई नियन्त्रण गर्नु सबै राष्ट्र र सरकारहरूको दायित्व हो। नेपाल सरकाले पनि विगतका दशकहरूदेखि नै मानव बेचबिखन तथा ओसारपसार विरूद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता सहित नीति, कानून र कार्ययोजनाहरूको निमार्ण गरी योजनाबद्ध ढङ्गबाट निरन्तर प्रयास जारी राखेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मानव बेचबिखन तथा ओसारपसार विरुद्ध कार्य गर्ने जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकेको छ। मन्त्रालयले आफ्नो स्थापना कालदेखि नै विभिन्न नीति, कार्ययोजना तथा कार्यविधिहरू निर्माण गरी कार्यान्वयनमा ल्याउनुका साथै स्थानीय र समुदाय स्तरसम्म संरचनाहरू निर्माण गरी धेरै किसिमबाट यसको सम्बोधन गर्ने प्रयास गर्दै आइरहेको छ। यसै सन्दर्भमा मानव बेचबिखन विरूद्ध नेपाले गरेका प्रयासहरूलाई सार्वजनिक गर्ने क्रममा २०६९ सालदेखि नै मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन तयार गरी प्रकाशन गर्दै आइरहेको छ। यो कार्यलाई निरन्तरता दिने उद्देश्यले आ.व. २०८०/८१ मा देशभरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न सरकारी निकाय तथा गैरसकारी संघसंस्थाहरूबाट सम्पादन भएका कार्यहरूलाई समावेश गरी "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०८१" प्रकाशन गरेको छ।

यस प्रतिवेदनको पहिलो परिच्छेदमा प्रतिवेदनको उद्देश्य, तयारी विधि र प्रतिवेदनको सीमा बारे उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा मानव बेचबिखनको समस्या, नेपालले सम्बोधनका लागि गरिरहेका प्रयासहरू र विभिन्न प्रतिवेदनले औंल्याएका स्थिति बारे चित्रण गर्ने प्रयास गरिएको छ। तेस्रो परिच्छेदमा निरोधजन्य क्रियाकलापहरू, चौथो परिच्छेदमा पीडित/प्रभावितहरूको संरक्षणसम्बन्धी क्रियाकलापहरू र पाँचौ परिच्छेदमा पीडित/प्रभावितका लागि न्यायमा पहुँच र पीडकहरूलाई कानूनी कारबाहीका सम्बन्धमा भएका प्रयासहरू बारे तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ। साथै छैठौं परिच्छेदमा क्षमता विकास एवम् सातौं परिच्छेदमा समन्वय, सहयोग र सहकार्य बारे संक्षिप्त वर्णन गरिएको छ।आठौं परिच्छेदमा निष्कर्षका साथै तीनै तहका सरकारले अवलम्वन गर्नुपर्ने कार्यदिशा बारे संक्षेपमा उल्लेख गरिएको छ।

## १.२ उद्देश्य

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नेपाल सरकारको विभिन्न निकायहरू तथा गैरसकारी संघसंस्थाहरू समेतको संलग्नतामा आ.व. २०८०/८१ मा सम्पन्न भएका कार्यक्रम तथा क्रियाकलापहरूको विवरण समावेश गरी जानकारीका लागि प्रकाशित गर्नु यो प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ। यस सिलसिलामा पाँच वटा प्राथमिकता क्षेत्रहरू - निरोध; पीडित प्रभावितको संरक्षण; कानुनी कारवाही र पीडितहरूको न्यायमा पहुँच; क्षमता विकास; र समन्वय, सहयोग र सहकार्य - मा हासिल भएका उपलब्धीहरू बारे संक्षेपमा प्रस्तुत गर्नु यस प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ।

## १.३ प्रतिवेदन तयारी विधि

यस प्रतिवेदन तयारीका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग सम्बन्धित सबै सरकारी तथा गैरसकारी संघसंस्थाहरूमा आ.व. २०८०/८१ मा सम्पन्न कार्य बारे अनुसूची ६ र अनुसूची ७ मा दिइएको फारमको ढाँचासहित पत्राचार गरी ती निकाय तथा संस्थाहरूबाट विवरण सङ्कलन गर्नुका साथै सान्दर्भिक सामग्रीहरूको सङ्कलन तथा अध्ययन गरिएको छ। यस प्रतिवेदन तयार पार्ने क्रममा देहाय अनुसार प्राथमिक (Primary) तथा द्वितीय (Secondary) तथ्याङ्कको प्रयोग गरिएको छ।

**(क) प्राथमिक तथ्याङ्क**

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा र राष्ट्रिय समितिको सचिवालय) बाट संकलित तथा अध्यावधिक गरिएको बिवरण।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा काम गर्ने सरकारी कार्यालय तथा गैरसकारी संघसंस्थाहरूबाट सङ्कलन गरिएका बिवरण। (बिवरण पठाउने सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूको नामावली अनुसूची ५ मा संलग्न छ।)
- प्रदेश सरकारका सामाजिक विकास मन्त्रालयहरूबाट प्राप्त विवरण।

**(ख) द्वितीय तथ्याङ्क**

- मानव बेचबिखनको स्थिति बारे अन्तर्राष्ट्रिय प्रतिवेदनहरू,
- अदालत लगायत विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूको वेभसाइट,
- मानव बेचबिखन नियन्त्रणसँग सम्बन्धित सरकारी निकाय तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूको प्रकाशित प्रतिवेदनहरू।

## १.४ प्रतिवेदनको सीमा

मानव बेचबिखन तथा ओसारपसार एक बहुक्षेत्रगत सरोकारको विषय भएको र यसको नियन्त्रणमा संलग्न विभिन्न सरकारी निकायहरू एवम् गैरसरकारी संघसंस्थाहरूद्वारा सम्पादित कार्यक्रम तथा क्रियाकलापहरूको

सूचना तथा तथ्याङ्क सङ्कलन आफैंमा एक चुनौतीपूर्ण कार्य हो। यो प्रतिवेदनमा समावेश गर्ने उद्देश्यले मन्त्रालयले सबै सरोकारवालाहरूलाई पत्राचार गरेको भएता पनि सबै निकाय तथा संस्थाहरूबाट विवरण प्राप्त हुन नसकेको अवस्था छ।

प्रदेशका सरकारका केही सरोकारवाला मन्त्रालयहरूबाट मात्र तथ्याङ्क उपलब्ध भएको अवस्था छ। सबै जिल्लाका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिलाई संयोजन गर्ने जिल्ला प्रशासन कार्यालयहरूमा पत्राचार गरिएकोमा केही जिल्लाहरुबाट मात्र विवरण प्राप्त भएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत समन्वयकारी भूमिकामा रहेका जिल्ला समन्वय समितिलाई स्थानीय तहमा भए गरेका मुख्य मुख्य कार्यक्रमहरू बारे सूचना माग गरिएकोमा उपलब्ध भएन। मानव बेचबिखनको क्षेत्रमा कार्यरत अधिकांश गैरसरकारी संस्थाहरूलाई प्रत्यक्ष र छाता सञ्जाल मार्फत पत्राचार गरिएकोमा समेत सीमित संस्थाहरूबाट मात्र विवरण उपलब्ध भएको अवस्था छ। यस प्रकार प्रदेश, जिल्ला तथा स्थानीय तहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आफ्नै समन्वयकारी एकाईको अभावमा सीमित मात्रामा मात्र उपलब्ध भएको तथ्याङ्क तथा जानकारीका आधारमा यो प्रतिवेदन तयार पारिएको छ।

परिच्छेद २

# मानव बेचबिखन नियन्त्रण समस्या र सम्बोधन

## २.१ मानव बेचबिखन: विश्वव्यापी समस्या

विश्व इतिहासमा मानव बेचबिखन कहिले देखि शुरु भयो भनि यकिन समय पत्ता लगाउन गाह्रो छ। यद्यपि, मानिस कृषि युगमा प्रवेश गरेदेखि एकले अर्कालाई कजाउन थालेको र कालान्तरमा शक्ति एवम् धन दौलत भएका मानिसले कमजोर, विपन्न र निर्धो मानिसलाई दास बनाउने परम्पराको शुरुवात भएको अनुमान गरिन्छ।[१] आजको विकसित मानव समाजमा पनि सम्पन्न र विपन्न, बलिया र निर्धा, अविजित र पराजित, शासक र शासितको खेमामा विभक्त छ र कुनै व्यक्ति वा समूहको सुख, सुविधा, स्वार्थ, लाभ वा सन्तुष्टिका लागि अज्ञानता, जोखिमी र विपन्नतामा बाँचेका मानिसहरू विभिन्न बहानामा पशु वा वस्तु सरह खरिद विक्रि हुने क्रम निरन्तर जारी नै छ।

विश्व परिवेशमा के कति संख्यामा मानिसको बेचबिखन भइरहेको छ भन्ने बारे अद्यावधिक र एकीन तथ्याङ्क खोज्न र पाउन कठिन छ। किनभने यो संगठित अपराधभित्र लुकेको मानव किनबेच सधैं छद्म तरिकाले हुने गर्दछ। मानव किनबेचमा संलग्न संगठित वा असंगठित नाफाखोरहरुले उनीहरूको कारोबार बारे कहिल्यै पनि सार्वजनिक रूपमा खुलासा गर्दैनन्। यस अपराधबाट पीडित/प्रभावित मध्ये अधिकांशले डर, भय, पीडा, दवाव, अज्ञानता, अविश्वास, सूचना तथा श्रोत माथि पहुँचको अभाव र सामाजिक लाञ्छना जस्ता आदि कारणले गर्दा आफूले भोगेका शोषणका बारे उजुरी नै गर्दैनन्।[२]

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO), Walk Free Foundation र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (IOM) को अनुमान अनुसार विश्वमा ५ करोड मानिसहरू आधुनिक दासताको जीवन बिताइरहेका छन्। त्यस मध्ये ५४ प्रतिशत महिला र बालिका छन्। गैर-आप्रवासी कामदारको तुलनामा आप्रवासी कामदारहरू तीन गुणाले बढी बाध्यकारी श्रमको चपेटामा परेका हुन्छन्। विगत बर्षहरूको तुलनामा विशेषगरी कोभिड-१९ महामारी पश्चात आफ्ना इच्छा विपरित बाध्यकारी श्रममा लाग्नुपर्ने पुरुष, महिला तथा बालबालिकाको संख्यामा बृद्धी भएको छ। मुलुकहरूमा बढेको द्वन्द्व, जलवायु परिवर्तन, महिला अधिकारमा कटौति, कोभिड-१९ को आर्थिक सामाजिक असर, शिक्षा रोजगारीका अवसरमा गिरावट, गरिबी, असुरक्षित आप्रवासन आदिका कारण आधुनिक दासता र बेचबिखनले प्रस्रय पाइरहेको अवस्था छ।[३]

१. दिल बहादुर खत्री, नेपालमा दास प्रथा मोचनका प्रयास र सफलता available at https://himalaya.socanth.cam.ac.uk/collections/journals/ancientnepal/pdf/ancient_nepal_92-97_05.pdf

२. ILO: Human Trafficking Statistics: What You Need to Know in 2025 available at https://aimfree.org/statistics/

३. Walk Free Foundation: Global Slavery Index available at https://www.walkfree.org/global-slavery-index/

Walk Free Foundation को प्रतिवेदन अनुसार मानव समाजमा सरदर १५० मानिसहरू मध्ये १ जना आधुनिक दासताको स्थितिमा रहेका छन्। विश्वका सबै महादेशहरू यो समस्याबाट ग्रस्त छन्। आधुनिक दासताको जीवन बिताइरहेका विश्व जनसंख्यालाई नियाल्दा आधाभन्दा बढी पुरुष, महिला तथा बालबालिका (२ करोड ९३ लाख) एसिया तथा प्रशान्त क्षेत्रमा रहेका छन्। तर क्षेत्रीय स्तरमा जनसंख्याको आकारलाई हेर्दा आधुनिक दासता सबैभन्दा धेरै अरब मुलुकहरूमा रहेको छ (जहाँ प्रतिहजारमा १०.१ व्यक्ति आधुनिक दासतामा छन्)। त्यस पछि युरोप र मध्ये एशियामा (प्रतिहजारमा ६.९ व्यक्ति), एशिया र प्रशान्त क्षेत्रमा (प्रतिहजारमा ६.८ व्यक्ति), अफ्रिकामा (प्रतिहजारमा ५.२ व्यक्ति) र अमेरिकामा (प्रतिहजारमा ५ व्यक्ति) आधुनिक दासताको जीवन बिताइरहेका छन्। विभिन्न मुलुकहरूले कानूनमा सुधार, नियमन, पीडित/प्रभावितहरूको संरक्षण, राष्ट्रिय/क्षेत्रीय/अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गरी यसलाई सम्बोधन गर्ने प्रयास गरेको भएता पनि आधुनिक दासताको मात्रामा खासै कमी नआउनुका पछाडि विकासमा पछाडि परेका मुलुकहरूमा शासकीय सवालहरूको सम्बोधन नहुनु, नागरिकहरूको आधारभूत आवश्यकताहरू परिपूर्ति नहुनु, भेदभाव र असमानता कायमै रहनु, केही मानिस तथा समूह नागरिक अधिकारबाट बञ्चित हुनुपर्ने अवस्थामा रहनु र मुलुकहरूमा राजनीतिक अस्थिरता एवम् द्वन्द्वको स्थिति रहनु मुख्य कारक तत्वहरू हुन् ।[४]

अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार विश्वभरी ४ करोड ९६ लाख मानिसहरू बेचबिखनका पीडामा छन्। ती मध्ये २ करोड ७६ लाख बाध्यकारी श्रममा लगाइएका छन्। यसको अर्थ हो उनीहरू बलजफ्ती वा धोकापूर्वक वा छलछामका कारण शारीरिक परिश्रम गर्न बाध्य छन्। कृषि, निर्माण व्यवसाय, घरेलु काम, र कलकारखानामा १ करोड ७३ लाख मानिसहरूको श्रम शोषण भइरहेको अवस्था छ। यसरी नै ६३ लाख मानिसहरू व्यवसायिक यौन शोषणमा परेका छन्। जसमध्ये ९९ प्रतिशत महिला र बालिकाहरू छन्। अर्कोतर्फ २ करोड २० लाख मानिसहरू बलपूर्वकको विवाहका कारण दासतापूर्ण जीवन बिताउन बाध्य छन्। यसमा अधिकांश महिला र बालिका छन्। बेचबिखनमा परेका मध्ये ७१ प्रतिशत महिला र बालिका छन् र एकचौथाई १८ बर्ष मुनिका बालबालिका छन्।[५]

लागू औषध तथा अपराध नियन्त्रण सम्बन्धी संयुक्त राष्ट्र संघको कार्यालय (United Nations Office on Drug and Crime-UNODC) द्वारा सन् २०२४ मा प्रकाशित प्रतिवेदन अनुसार विश्वभरी नै मानव बेचबिखनबाट पीडित/प्रभावित भनी पहिचान गरिएका व्यक्तिहरू मध्ये महिला ३९ प्रतिशत, पुरुष २३ प्रतिशत, बालिका २२ प्रतिशत र बालक१६ प्रतिशत रहेको अनुमान गरिएको छ। अधिकांश महिला तथा बालिकाहरूको बेचबिखन यौन शोषण, बाध्यकारी श्रम (विशेष गरी घरेलु काम), बलपूर्वकको विवाह, अन्य अपराधिक कार्यमा संलग्न गराउनका लागि भइरहेको देखिन्छ। पीडित/प्रभावित महिला मध्ये ६६ प्रतिशत यौन शोषणका लागि, २४ प्रतिशत बाध्यकारी श्रमका लागि र १० प्रतिशत अन्य

४. Walk Free Foundation: Global Slavery Index available at https://www.walkfree.org/global-slavery-index/

५. Forced labour, modern slavery and trafficking in persons available at https://www.ilo.org/topics-and-sectors/forced-labour-modern-slavery-and-trafficking-persons

प्रकारका शोषणका लागि बेचबिखन गरिएको हुन्छ भने पीडित/प्रभावित बालिका मध्ये ६० प्रतिशत यौन शोषणका लागि, २१ प्रतिशत बाध्यकारी श्रमको लागि र १९ प्रतिशत अन्य प्रकारको शोषणका लागि बेचबिखन हुने गरेको छ।

सो प्रतिवेदनले देखाए अनुसार दक्षिण एशियामा मानव बेचबिखनका पीडित/प्रभावितहरू भनी पहिचान भएका मध्ये ४४ प्रतिशत महिला, २४ प्रतिशत बालक, १७ प्रतिशत बालिका र १५ प्रतिशत पुरुषहरू छन्। सो प्रतिवेदन अनुसार सन् २०२० र २०२१ मा विश्वभरी पीडितहरूको पहिचानमा केही न्यूनता आएको थियो तर २०२२ देखि यसमा फेरी बृद्धि भएको छ। पहिचान भएका पीडित/प्रभावित मध्ये ५५% बाध्यकारी श्रमका लागि बेचबिखन भएको, ३०% को यौन शोषणका लागि बेचबिखन भएको, ३ प्रतिशत बलपूर्वक विवाहका लागि बेचबिखन भएको र बाँकी १२ प्रतिशतको अन्य उद्देश्यका लागि बेचबिखन भएको भनी औंल्याएको छ। मानव बेचबिखनको आरोपमा कानूनको दायरामा ल्याइएका व्यक्तिहरू मध्ये ६३ प्रतिशत पुरुष र ३७ प्रतिशत महिला रहेको छ भने अभियोजन गरिएकोमा ७५ प्रतिशत पुरुष र २५ प्रतिशत महिला रहेको भनी उल्लेख गरिएको छ।[६]

## २.२ नेपालमा मानव बेचबिखनको समस्या

नेपालको सन्दर्भमा मानव बेचबिखनको इतिहासलाई हेर्दा यो समस्या विभिन्न स्वरूपमा लिच्छवीकालखि देखि हाल सम्म विद्यमान छ। लिच्छवी, मल्लकाल  र राणा शासनमा पनि यो प्रथा कायम थियो। त्यस बखत युद्धमा हारेका मानिस, गरिब वा कंगाल बनाइएका मानिस र तिनका सन्ततिलाई दासका रूपमा राख्ने चलन थियो। तत्कालीन शासकहरूले दास प्रथा मोचनका लागि केहि छिटफुट प्रयासहरू गरेको पनि देखिन्छ।[७] आमरूपमा राणा प्रधानमन्त्री चन्द्र शमशेरले वि.सं. १९८१ मंसिर १४ गते नेपालबाट करिया (दास) प्रथा उन्मूलन गरेको इतिहास साक्षी छ।[८] तर दास प्रथाको उन्मूलन भनिएता पनि महिला तथा किशोरीहरूको बेचबिखन समयको अन्तरालमा अझ व्यापक बन्दै गएको देखिन्छ। यसको मूल जरो १०४ वर्षसम्म चलेको जहानियाँ राणाशासन कालमा तत्कालीन दरबारिया शासक तथा भाईभारदारहरूले आफ्नो सान सौकत कायम राख्ने सिलसिलामा दरवारभित्र र बाहिर बलको कामका लागि पुरुषहरू अनि यौन तृप्ती र उपभोगका लागि महिलाहरूलाई ल्याई सेवामा लगाउने प्रवृत्तिबाट सुरू भएको देखिन्छ। यसरी ल्याइने महिला, किशोरी र पुरुषहरू काठमाण्डौं उपत्यका नजिकका जिल्लाहरू सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट, धादिङ्ग र मकवानपुरका गरिब, विपन्न, सीमान्तकृत र जोखिम समुदायका हुन्थे।[९] कालान्तरमा तत्कालीन शासकहरूले आफ्नो

६. UNODC: Global Report on Trafficking in Person 2024, https://www.unodc.org/documents/data-and-analysis/glotip/2024/GLOTIP2024_BOOK.pdf

७. दिल बहादुर खत्री, नेपालमा दास प्रथा मोचनका प्रयास र सफलता available at https://himalaya.socanth.cam.ac.uk/collections/journals/ancientnepal/pdf/ancient_nepal_92-97_05.pdf

८. अर्जुन पन्थी, मान्छेको मूल्य ! *कोसेली कान्तिपुरको साप्ताहिक परिशिष्टांक शनिवार,* २४ भदौ, २०७४।

९. Nepali Times Polls, 2-8 September 2016 (http://archive.nepali times.com/article/nation/epicentre-trafficking-migration, 3256)

शासन जोगाउन र शक्तिको प्रभाव कायम राख्न त्यसबेलाका भारतीय-बेलायती शासकहरू तथा राजा रजौटाहरूलाई खुसी पार्न नेपाली किशोरीहरूलाई उपहारको रूपमा पठाउने चलन चल्न थाल्यो। जसको कालान्तरमा व्यवसायिक यौनका लागि खोलिएका कोठीहरू (brothel) मा सम्पर्क हुन पुग्यो[१०] र यसरी २००७ सालको राजनीतिक परिवर्तनपछि पनि शक्ति गुमाएका शासक, स्थानीय बोलवाला भएकाहरूले अर्थोपार्जन गर्ने सरल माध्यमको रूपमा महिला तथा किशोरीहरूलाई भारतीय बजारमा यौन व्यवसायका लागि बेचबिखन गर्ने परिवेश निर्माण भयो।[११]

एटविनको प्रतिवेदन अनुसार नेपाल भारतको १,५०० कि.मि. खुला सीमाका कारण नेपाली महिलाहरूको भारतीय बजारमा बेचबिखनको मात्रा बढनुका साथै तत्कालीन पञ्चायती व्यवस्थामा शासन सत्ताका प्रमुख व्यक्तिहरूकै संरक्षकत्वमा बेचबिखनका अभ्यासहरू भए। २०४६ सालको राजनीतिक परिवर्तनले पनि नेपाली समाजमा सदियौंदेखि कायम रहँदै आएको लैङ्गिक, जातिय र वर्ग विभेदलाई अपेक्षित मात्रामा सम्बोधन गर्न सकेन र गरिब, विपन्न, दलित, सीमान्तकृत, अशिक्षित, ग्रामीण भेगका महिला तथा बालबालिकाहरूको विभिन्न उद्देश्यका लागि हुने बेचबिखनलाई नियन्त्रण गर्न सकेन। वैदेशिक रोजगार पहिले भन्दा तुलनात्मक रूपमा खुला भएपछि बेचबिखनले मानव तस्करीको समेत स्वरूप लिन थाल्यो। नेपाली समाजमा विद्यमान भेदभाव, शोषण र बहिष्करणलाई मूल मुद्दा बनाई २०५२ सालमा शुरू भएको एक दशक लामो सशस्त्र द्वन्द्वको समयमा डर र त्रासको वातावरणले निम्त्याएको विस्थापनको स्थितिले महिला र बालबालिकाको  गाउँबाट शहर बसाईसराई र बेचबिखनमा कमी आउन सकेन। २०६२ सालपछि राजनीतिक परिवर्तन भई संघीय गणतान्त्रिक लोकतन्त्र स्थापित भई सकेपछि पनि मानव बेचबिखन तथा मानव तस्करीका पेसेवार दलालहरूको चलखेल कायमै छ।[१२] अन्तरदेशीय बेचबिखन तथा ओसारपसार मात्र होइन नेपालभित्रै अनौपचारिक भनी चिनिने वयस्क मनोरञ्जन र अतिथि सत्कार लगायतका क्षेत्रमा विभिन्न आवरणमा मानव बेचबिखन मौलाइरहेको छ।[१३] विश्व परिवेशका सन्दर्भमा माथि उल्लेख गरिए जस्तै नेपालको सन्दर्भमा पनि बेचबिखनको एकीन तथ्याङ्क पाइँदैन। राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन, २०७९ मा नेपालमा ४०,३०० जना मानिस बेचबिखनमा परेका र १९,१४,००० मानिसहरू बेचबिखनको जोखिममा रहेका भनी उल्लेख गरिएको छ।[१४] वाक फ्री फाउण्डेशनद्वारा प्रकाशित सबैभन्दा पछिल्लो प्रतिवेदन "ग्लोबल स्लेभरी इन्डेक्स (२०२३)" का अनुसार १६० वटा मुलुकहरू मध्ये नेपाल १२१ औं स्थानमा रही कुल जनसंख्या मध्ये ९७,००० हजार (प्रतिहजार ३.३) जना आधुनिक दासतामा रहेको भनी उल्लेख गरेको

---

१०. Terre des hommes 2003 Child trafficking in Nepal: An assessment of the present situation. Kathmandu. 2 Jun 2003.

११. एटविन, मानव बेचबिखन विरूद्ध नेपाली आन्दोलनका दुई दशकः सवालको पहिचान र सम्बोधनमा देखिएका गतिशिलता २०७४।

१२. *मानव बेचबिखन बिरूद्ध नेपाली आन्दोलनका दुई दशक : सवालको पहिचान र सम्बोधनमा देखिएका गतिशीलता,* मानव बेचबिखन विरूद्ध एटविनको २० वर्ष, २०७४, ।

१३. Sutirtha Sahariah, 2022. Sex Work, Labour, And Empowerment: Lessons from the Informal Entertainment Sector in Nepal, Routledge

१४. राष्ट्रिय मानव अधिकार आयोग, मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९

छ।[१५]

## २.३ अन्तर्राष्ट्रिय महासन्धि र नेपालको प्रतिवद्धता

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (१९४८) का साथै मानवअधिकार सुनिश्चतता गर्ने प्रमुख नौवटा महासन्धिहरू, जस्तै सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९६५), नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६), महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (१९७९), यातना तथा अन्य क्रूर अपमानजनक व्यवहार विरुद्धको महासन्धि (१९८४), बालअधिकार सम्बन्धी महासन्धि (१९८९) र सो अन्तर्गतको बालबालिकाको बेचबिखन, बाल वेश्याबृत्ति र बालबालिकाको अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख (२०००), सबै आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी महासन्धि (१९९०), अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (२००६), जबरजस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी महासन्धि (२००६) आदिले सबै मानवको सम्मानपूर्ण जीवन बाँच्न पाउने अधिकारको सुनिश्चितता गरेको छ। दासता र मानव बेचबिखन विरुद्ध अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरू पनि छन्। ती हुन् - दासता उन्मूलनसम्बन्धी महासन्धि (१९५६), बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी अन्तर्गतको मानव वेचविखन खासगरी महिला र बालबालिकाको वेचविखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (पालेर्मो प्रोटोकल) (२०००), निकृष्ट प्रकारका बालश्रम निषेध सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि (१९९९), बाध्यकारी श्रम सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि (१९३०) र बेश्याबृत्तिका लागि हुने महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने र लड्ने सार्क महासन्धि (२००६) का साथै दिगो विकास लक्ष्य (SDGs) का लक्ष्यहरू विशेषगरी ५.२, ८.७, १०.७ र १६.२ ले मानव बेचबिखनका लागि सरकारले ठोस कदमहरू चाल्नुपर्ने आवश्यकता औंल्याएको छ।

नेपाल बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी अन्तर्गतको मानव वेचविखन खासगरी महिला र बालबालिकाको वेचविखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पुरक आलेख, २०००" (पालेर्मो प्रोटोकल), व्यवसायिक यौन कार्यका लागि महिला र बालबालिका बेचबिखनविरुद्धको सार्क महासन्धि, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने सम्बन्धी महासन्धि, बालअधिकार सम्बन्धी महासन्धि र सो महासन्धि अन्तर्गतको बालबालिकाको बेचबिखन, बाल यौन शोषण तथा बालअश्लिल चित्रणसम्बन्धी इच्छाधिन आलेख, दासत्व महासन्धि, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, आर्थिक,

---

१५. Walk Free Foundation, Global Slavery Index, 2023 available at https://cdn.walkfree.org/content/uploads/2023/09/27164618/GSI-Snapshot-Nepal.pdf

सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, जीउ मास्ने बेच्ने तथा अरूको व्यवसायिक यौन शोषणको दमन सम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगठनको बलपूर्वक श्रम उन्मूलन सम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम संङ्गठनका रोजगारी प्राप्तिका लागि न्यूनतम उमेर सम्बन्धी महासन्धि तथा अन्तरदेशिय संगठित अपराधविरुद्धको महासन्धि आदिमा पक्ष राष्ट्र बनी सकेको छ। दिगो विकास लक्ष्य प्राप्तिका लागि सूचकहरू निर्माण गरी स्थानीय तहसम्म कार्यक्रमहरू तय गरी कार्यान्वयनमा अग्रसर छ।

## २.४ सम्बोधन प्रणाली

नेपालमा आधुनिक दासता र मानव बेचबिखनको समस्या समाधानका लागि नीति कानूनका साथै संरचनाहरू निर्माण लगायतका प्रयासहरू जारी छन्। ती प्रयासहरूका बारे देहायका शिर्षकमा संक्षेपमा उल्लेख गरिएको छ।

### (क) कानूनी ब्यवस्था

नेपालको संबिधानले नै मानव बेचबिखनलाई निषेध गरेको छ। संविधानको धारा २९ मा शोषण विरूद्धको हक अन्तर्गत उपधारा (३) मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भनि उल्लेख गरिएको छ। यसैगरी धारा ३८ मा महिलाको हक र धारा ३९ मा भएको बालबालिकाको हकको व्यवस्थाबाट पनि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारलाई निषेध गरिएको छ।

संविधानद्वारा निर्देशित भई नेपालले मानव बेचबिखन नियन्त्रणका लागि आवश्यक कानूनहरू निर्माण गरी कानूनी आधार तयार गरेको छ। 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' र 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५' कार्यान्वयनमा रहेको छ। सो ऐनको पहिलो संसोधन विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने तयारीमा रहेको छ। यसका साथै मुलुकी अपराध संहिता, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७८, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८, लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेका ऐन, २०६३, बैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र नियमावली, २०६७ र सम्पत्ती शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा ब्यवसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८० आदि मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रणका लागि बनेका कानूनहरू हुन्।

### (ख) नीतिगत व्यवस्था

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कार्यहरूको सञ्चालनको जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकेको

छ। मन्त्रालयको स्थापना पश्चात २०५२ सालमा चेलिबेटी र बालबालिका बेचबिखन तथा देहब्यापार विरूद्धको राष्ट्रिय नीति, २०५२ बनाई कार्यान्वयनमा ल्याएको थियो। सो नीति तीन दशक पुरानो भइसकेको, मानव बेचबिखन र दासताको स्वरूप/आयाममा समेत परिवर्तन भएको र मुलुकले लोकतान्त्रिक संघीय प्रणाली अवलम्वन गरी सकेको सन्दर्भमा यो समस्या निराकरण गर्न मानव बेचबिखन विरूद्धको राष्ट्रिय नीतिको आवश्यकतालाई महशुस गरी आ.व. २०८०/८१ मा तयार गरिएको राष्ट्रिय नीतिको मस्यौदालाई संघीय तथा प्रदेश सरकारका सरोकारवाला निकायहरूसंग समेत छलफल तथा अन्तरक्रिया गरी उक्त नीतिलाई अन्तिम रूप दिईएको छ। अन्य सम्बधित नीतिहरूमा - (क) राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७; (ख) राष्ट्रिय बालबालिका नीति, २०८०; (ग) बाल विवाह विरूद्धको रणनीति, २०७२; (घ) वैदेशिक रोजगार नीति, २०६८; (ङ) राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०; (च) एकीकृत कानूनी सहायता नीति, २०७६ कार्यान्वनमा रहेका छन्।

**(ग) कार्ययोजना**

२०५६ सालमा मन्त्रालयले "यौन तथा श्रम शोषणका लागि महिला तथा बालबालिका बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना" तर्जुमा गरी दक्षिण एसियामै पहिलो पटक योजनाबद्ध ढङ्गले मानव बेचबिखन नियन्त्रणका कार्यक्रमहरू सुरु गरेकोमा २०५८ सालमा सो कार्ययोजनाको पुनरावलोकन भएको थियो। वि.सं. २०६८ मा मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना बनाई लागू गरियो भने २०७१ मा यसको कार्यान्वयन योजना समेत तर्जुमा गरी कार्यान्वयन गरियो। दश वर्षको अवधिका लागि तयार पारिएको राष्ट्रिय कार्ययोजनाको समयावधि २०७८ सालमा समाप्त भएकोमा मन्त्रालयले यो आर्थिक वर्षमा मानव बेचबिखन विरुद्धको नयाँ राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार गरी संघ तथा प्रदेश तहका सरोकारवाला सरकारी निकाय तथा संघसंस्थाहरूको सहभागितामा राय परामर्शका आधारमा अन्तिम रूप दिने प्रयास जारी राखेको छ। यसका अतिरिक्त मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोगी अन्य कार्ययोजनाहरू (क) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०; (ख) लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना, २०६१; (ग) बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरु योजना (२०७५-२०८५); (ग) मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८—२०८१/०८२); (घ) महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व. २०७९/८०-२०८१/८२) रहेका छन्।

**(घ) कार्यविधि/निर्देशिका**

मानव बेचबिखन नियन्त्रणका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सरोकारवाला निकायहरूले विभिन्न निर्देशिका, कार्यविधि र

मापदण्डहरू तयार पारी लागू गरेका छन्। प्रमुख रूपमा रहेका ती नीतिगत दस्तावेजहरू (क) श्रमजीवी महिलाहरू प्रति डान्स रेष्टुरेन्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५; (ख) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८; (ग) पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८; (घ) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८; (ङ) मनोसामाजिक परामर्श निर्देशिका, २०६९; (च) आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९; (छ) मानव बेचबिखन विरूद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०; (ज) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि तालिम पुस्तिका, २०७२; (झ) मानव बेचबिखन विशेषगरी महिला, तथा बालबालिका बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय समितिका सदस्यहरूको छनोट मापदण्ड, २०७४; (ञ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०७४ रहेका छन्।

**(ङ) संस्थागत संरचना**

वि.सं. २०५२ सालमा तत्कालीन महिला तथा समाज कल्याण मन्त्रालय स्थापना भएदेखि नै मानव बेचबिखन विरुद्ध सम्पर्क मन्त्रालयको रूपमा क्रियाशील रहेको थियो। मन्त्रालय अन्तर्गतको महिला तथा बालबालिका विभाग र जिल्लामा स्थापित महिला तथा बालबालिका कार्यालयहरू मार्फत गठन भएका महिला संस्थाहरू मानव बेचबिखन विरुद्ध समुदायस्तरसम्म विभिन्न सचेतनामूलक कार्यक्रमहरूको कार्यान्वयनमा उद्यत रहे। २०५६ सालमा मानव बेचबिखन विरुद्ध पहिलो राष्ट्रिय कार्ययोजना तयार भई २०५८ सालमा संसोधन भए पश्चात राष्ट्रियस्तरको कार्यदल र महिला तथा बालिकाहरूको बेचबिखनको दृष्टिले जोखिम भनी पहिचान भएका २६ जिल्लाहरूमा जिल्लास्तरीय कार्यदलहरू गठन गरी कार्यक्रमहरू सञ्चालन गरिए। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र सोको नियमावली, २०६५ तर्जुमा भएपछि आ.व. २०६५/६६ मा प्रचलित कानून बमोजिम मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति गठन हुनुका साथै सबै जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरू स्थापना भए। साथै कानूनमा व्यवस्था भए बमोजिम तत्कालीन केही स्थानीय निकायहरूमा समेत स्थानीय समितिहरू गठन भई क्रियाशील रहे।

देशमा संघीयता लागू भएपछि संघीय तहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मानव बेचबिखन तथा ओसारपसार विरुद्ध समर्पित सम्पर्क मन्त्रालयका रूपमा कार्यरत रहेको छ। प्रदेश स्तरमा महिला तथा सामाजिक विकास हेर्ने मन्त्रालयहरू यो सवालका निम्ति जिम्मेवार मन्त्रालयका रूपमा रहेका छन् भने स्थानीय तहमा सामाजिक विकास शाखा अन्तर्गत महिला, बालबालिका तथा समाज कल्याण उप-शाखाहरू सम्पर्क बिन्दूका रूपमा कार्यरत छन्। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण बहुक्षेत्रगत र बहुविषयगत (Cross-Cutting) सवाल भएको हुँदा कार्यपालिका, व्यवस्थापिका,

न्यायपालिका अन्तर्गतका सबै निकायहरू एवंम् संवैधानिक आयोगहरू समेत सरोकारवाला निकायहरू हुन्। थप स्पष्टताका लागि तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.१: मानव बेचबिखन नियन्त्रणमा सरोकारवाला निकायहरू तथा भूमिका**

| क्र सं | सरोकारवाला निकायहरू | मानव बेचिबखन नियन्त्रणमा भूमिका |
|---|---|---|
| **व्यवस्थापिका** | | |
| १ | संघीय संसदका प्रतिनिधी सभा र राष्ट्रिय सभा | आवश्यक कानून निर्माण र सुधार |
| २ | महिला तथा सामाजिक समिति | नीति, कानूनको कार्यान्वयनमा अनुगमन र निर्देशन |
| **कार्यपालिका** | | |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नीति समन्वय तथा अनुगमन |
| ४ | राष्ट्रिय योजना आयोग | आवधिक योजना तर्जुमाद्वारा दिशा निर्देश |
| ५ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>समाज कल्याण परिषद<br>राष्ट्रिय बाल अधिकार परिषद् | विषयगत रूपमा मुख्य सम्पर्क मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूँगको सम्पर्क. सहयोग र समन्वय, बाल अधिकार तथा बाल संरक्षणका सवालहरूमा अगुवाई |
| ६ | गृह मन्त्रालय र अन्तर्गत जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय/सेवा केन्द्रहरू, मानव बेचबिखन अनुसन्धान ब्यूरो, जिल्ला प्रहरी कार्यालय लगायत प्रहरी एकाईहरू) एवम् सशस्त्र प्रहरी वल | अपराध नियन्त्रण र शान्ति सुब्यवस्था कायम गरी जनताको जीउधनको रक्षा, मानव बेचबिखन तथा ओसारपसार हुन नदिन सुक्ष्म निगरानी, पीडित प्रभावितको उद्धार सुरक्षा र संरक्षण, प्रचलित कानून बमोजिम पीडकको पक्राउ र अनुसन्धान, अपराधको पुर्पक्ष एवम् कैद सजाय पाएका अभियुक्तलाई कारागारमा राख्ने, पीडित प्रभावितको उद्धार संरक्षण र पीडकलाई कारागार व्यवस्था लगायत जिल्ला स्तरमा समन्वय; सीमा निगरानी; उजुरी दर्ता, अनुसन्धान तथा कारवाही |
| ७ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रदेश तथा स्थानीय तहसँग समन्वय र सहजीकरण |
| ८ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | कानूनी विषयमा राय परामर्श र सहयोग |
| ९ | परराष्ट्र मन्त्रालय र अन्तर्गत विदेश स्थित कुटनीतिक नियोगहरू | द्विपक्षीय/बहुपक्षीय सम्बन्ध, सहयोग, व्यवस्थापन र पीडित/प्रभावितहरूको विदेशबाट उद्धार तथा फिर्तिमा समन्वय |

| | | |
|---|---|---|
| १० | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गत वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | श्रम स्वीकृति, श्रमिक सुरक्षा र कल्याण, वैदेशिक रोजगार अनुगमन, नियमन र कारवाही श्रम शोषण, बाल श्रमको अनुगमन र नियमन |
| ११ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहत एकद्वार संकट व्यवस्थापन केन्द्रहरू | पीडित/प्रभावितहरूको शारीरिक तथा मानसिक स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श |
| १२ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | बेचबिखन विरूद्ध औपचारिक/अनौपचारिक शिक्षा, किशोरकिशोरी शिक्षा, जीवन उपयोगी शिक्षा |
| १३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | बेचबिखन तथा ओसारपसार विरूद्ध आमसञ्चार |
| १४ | भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | कमैया श्रम निषेध |
| १५ | अर्थ मन्त्रालय | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी नीति, कार्यक्रम तथा कार्ययोजना कार्यान्वयनका लागि बजेट बिनियोजन |
| १६ | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय लगायतका विभिन्न मन्त्रालय | सीप विकास, आयआर्जन, सामुदायिक परिचालन आदिका माध्यमबाट बेचबिखनको जोखिमी न्यूनीकरण |
| **न्यायपालिका** | | |
| १७ | सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरू | मानव बेचबिखन तथा ओसारपसार विरूद्ध अदालती कारबाही, पीडित/प्रभावितलाई न्याय र क्षतिपूर्ति, पीडकहरूलाई दण्ड सजाय |
| १८ | महान्याधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय | मानव बेचबिखन तथ ओसारपसार विरूद्ध अभियोजन |
| **संवैधानिक आयोग** | | |
| १९ | राष्ट्रिय मानव अधिकार आयोग | मानव बेचबिखन विरूद्ध निगरानी, अध्ययन अनुसन्धान, प्रतिवेदन र सरकारलाई सिफारिश |
| २० | राष्ट्रिय महिला आयोग | नीति सुधार तथा कार्यक्रमका लागि सिफारिश |

मुख्यतया नीति, समन्वय र अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिवद्को कार्यालय र लैङ्गिक समानता, महिला सशक्तिकरण लगायत मानव बेचबिखनका सवालहरूलाई आवधिक योजनामा समावेश गरी नीति तथा कार्यक्रमगत रूपमा संबोधन गर्न राष्ट्रिय योजना आयोगको भूमिका रहेको छ।

**(च) सोह्रौं योजना**

सौह्रौं योजना (२०८१/८२-२०८५/८६) दस्तावेजले मानव बेचबिखन, गैरकानूनी ओसारपसार, दूर्व्यवहार, शारीरिक, मानसिक वा यौनजन्य शोषण बहुआयामिक, बहुक्षेत्रगत एवम् बहुराष्ट्रिय संगठित अपराधको रूपमा विस्तार भएको स्वीकार गर्दै निरोध, उद्धार, पीडितको संरक्षण, पुनर्स्थापना र कानूनी उपचारका लागि मानव बेचबिखन विरूद्धको कानून कार्यान्वयनमा रहेको र पालेर्मो प्रोटोकलको अनुमोदन गरेको उल्लेख छ। साथै मानव बेचबिखन, ओसारपसार, अपहरण तथा तस्करीको परिवर्तित आयाम, स्वरूप तरिका र माध्यम प्रयोगको सन्दर्भमा यसको नियन्त्रण तथा रोकथामका लागि प्रभावकारी उपायहरू अवलम्वन गर्नु मुख्य चुनौतीको रूपमा रहेको दर्शाइएको छ। लैङ्गिक हिंसा मानव बेचबिखन तथा ओसारपसार, बालश्रम, यौन दूर्व्यवहारबाट पीडित तथा प्रभावितको उद्धार, संरक्षण, पुनर्स्थापना तथा सामाजिक एकीकरणका लागि पारिवारिक, सामुदायिक साथै तहगत तथा निकायगत समन्वय र साझेदारी गर्ने गरी रूपान्तरणकारी रणनीति अपनाउनुका साथै यी सवालहरूको सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, बालश्रम न्यूनीकरण लगायतका सवालहरूमा अन्तरविरोध भएका कानूनहरूको संशोधन, राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित अवधारणा एवम् प्रतिवद्धता अनुसार नीति तथा कानूनहरूको समयसापेक्ष परिमार्जन, सबै सार्वजनिक निकाय तथा सङ्गठित संघसंसंथाहरूमा लैङ्गिक सम्पर्क अधिकारी र लैङ्गिक सम्पर्क डेस्क स्थापना गरी क्षमता अभिबृद्धि, हिंसा पीडित तथा प्रभावितका लागि राहत, उद्धार, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, सीपमूलक शिक्षा तथा सामाजिक सम्मिलनका कार्यक्रमको लागि तीनै तहमा लैङ्गिक हिंसा निवारण कोष, अन्तर-तह राहत तथा पुनर्स्थापना कोषको स्थापना र सञ्चालन गर्ने कार्यक्रमका साथ परिमाणात्मक लक्ष्यमा हाल १० जिल्लामा सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरू योजना कालको पाँच वर्षको अवधिमा १५ जिल्लामा विस्तार गर्ने लक्ष्य रहेको छ।[१६]

## २.५ विभिन्न प्रतिवेदनका सिफारिशहरू

नेपालमा मानव बेचबिखन तथा ओसारपसारको समस्या र नियन्त्रणको सवालमा संवैधानिक आयोगहरू - राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोग लगायत देहायका विभिन्न अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले सुझाएका सिफारिशहरू प्रति नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय आगामी दिनरूमा नीति, कानून तथा कार्यविधिद्वारा सम्वोधन गर्न गम्भीरता पूर्वक लागिरहेको छः

**(क ) राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन**

राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखन सम्बन्धी पछिल्लो प्रतिवेदनले संघीयता लागू भएको सन्दर्भमा संघले नीति तथा कानून बनाउने, प्रदेशले समन्वय गर्ने र स्थानीय तहले विवरण

---

१६. राष्ट्रिय योजना आयोग, सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

अध्यावधिक गर्ने, विदेश जानेको विवरण राख्ने, पीडितको संरक्षणका लागि पुनर्स्थापना केन्द्र तथा विभिन्न कार्यक्रम संचालन र यस कार्यमा गैरसरकारी क्षेत्र,  नागरिक समाज, सञ्चार माध्यम तथा निजी क्षेत्रको समेत सहकार्य हुनुपर्ने भनी सिफारिश गरेको छ। साथै सो प्रतिवेदनमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी तथ्याङ्क एकीकृत गर्ने, पीडित तथा जोखिममा पर्न सक्ने व्यक्तिको पहिचान निर्देशिका बनाई कार्यान्वयनमा ल्याउने, पीडित तथा जोखिम अवस्थामा रहेकाको उद्धार, संरक्षण, फिर्ति, पुर्नस्थापना र सामाजिक तथा आर्थिक सशक्तिकरणसँग सम्बन्धित कार्यविधिको संसोधन तथा कार्यान्वयनमा जोड दिनुका साथै यसको नियन्त्रणका लागि कानून कार्यान्वयनमा थप प्रभावकारिता ल्याउन समेत सुझाव प्रस्तुत गरिएको छ।[१७]

**(ख) राष्ट्रिय महिला आयोगको**

राष्ट्रिय महिला आयोगले महिला सम्बन्धी नीति तथा कार्यक्रमहरू कार्यकारी निकायबाट तर्जुमा कार्यान्वयन गर्नका लागि सिफारिश गर्ने सन्दर्भमा मानव बेचबिखन नियन्त्रणमा प्रत्यक्ष प्रभाव पार्ने सवालहरू विशेषगरी महिलाको सुरक्षित र मर्यादित बैदेशिक रोजगारीको लागि प्रचलित प्रक्रिया र मापदण्डमा पुनरावलोकन गर्न, सो को लागि महिलाको बैदेशिक रोजगारी सम्बन्धी देशगत रूपमा छुट्टै मापदण्ड तयार गर्न, वैदेशिक रोजगारमा संलग्न महिलाहरूको सुरक्षित पारिवारिक पुनःएकीकरणको लागि बैदेशिक रोजगारीमा जानुपूर्व र बैदेशिक रोजगारीबाट फर्केपछि मनोसामाजिक परामर्शको व्यवस्था गर्न र स्थानीय तहको रोजगार सेवा केन्द्रलाई बैदेशिक रोजगारी सम्बन्धी लैङ्गिक खण्डिकृत तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गर्ने गरी जिम्मेवारी तोक्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सिफारिश गरेको छ।[१८]

**(ग) सिड समिति (CEDAW Committee) को सरोकार**

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको राज्य पक्ष भई नेपाल सरकारले बुझाएको सातौं प्रतिवेदनका सन्दर्भमा सिड समिति (CEDAW Committee) को २१२२औं र २१२३औं वैठकमा छलफल भई मानव बेचबिखन नियन्त्रणका सन्दर्भमा पालेर्मो प्रोटोकलको अनुमोदनको स्वागत गर्दै सो प्रोटोकलसँग मिलान हुने गरी कानूनी सुधार गर्ने प्रयत्न भई रहेको बारे जानकारीमा राखेको छ। यद्यपि, मानव बेचबिखनलाई यौन पेशासँग जोडि कानूनी परिभाषा भइरहेकोले यसबाट यौन पेशाकर्मीहरूको अधिकारलाई अवरोध पुगेको, सर्वोच्च अदालतबाट जारी गरिएको द्रुत न्याय सम्बन्धी आदेश (२०१३) बाबजुद जिल्ला अदालतहरूले ९० दिनभित्र मुद्दा टुंग्याउन असफल रहेको र अदालत समक्ष उपस्थित हुन नसक्ने अवस्थामा पीडितहरूलाई दण्ड सजायँ गर्ने व्यवस्था कायम रहेको, मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति र कार्ययोजना तर्जमा गर्नमा ढिलाई भएको र राज्य पक्षबाट यौन पेशा छोड्न चाहने महिला तथा बालिकाका निम्ति बैकल्पिक आयआर्जन अवसर प्रदान गर्ने लगायत यौन पेशाकर्मी माथिको भेदभाव

---

१७. राष्ट्रिय मानव अधिकार आयोग, मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९

१८. राष्ट्रिय महिला आयोग

हटाउन सुरक्षित कार्य वातावरण कायम गर्ने र सो पेशाबाट बहिर्गमन हुने कार्यक्रम प्रदान गर्ने लगायतका उपायहरूको अभाव रहेकोमा सरोकार व्यक्त गर्दै CEDAW Committee ले अन्तर्राष्ट्रिय आप्रवाशसनको सन्दर्भमा सामान्य सिफारिश नं. ३८ (२०२०) लाई समेत स्मरण गर्दै देहायअनुसार व्यवस्था गर्न सिफारिश गरेको छ:[१९]

(क) पालेर्मो प्रोटोकलसँग मिलान हुने गरी सबै किसिमका मानव बेचबिखनलाई अपराधिकरण गर्न राज्य पक्षले विश्वव्यापी आवधिक समीक्षा (A/HRC/4T/10, para, 159-98) को चौथो चक्रमा जनाएको प्रतिवद्धतासँग मिलान हुने गरी मानव बेचबिखनका सबै पक्षलाई समेटेर अन्तर्राष्ट्रिय कानून अनुरूप मानव बेचबिखनलाई परिभाषित गर्न मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनका साथै सम्बद्ध अन्य राष्ट्रिय कानूनहरूलाई संशोधन गर्ने।

(ख) मानव बेचबिखनका पीडितहरूको प्रारम्भिक पहिचान र उनीहरूलाई उपयुक्त सहायता सेवामा प्रेषणको सुनिश्चितता गर्न कार्यसञ्चालन मापदण्ड तयार पार्ने र बेचबिखनका पीडितहरू यदि अदालत समक्ष उपस्थित हुन नसकेमा अदालले जरिवाना गर्न सक्ने प्रावधानलाई हटाउने;

(ग) मानव बेचबिखन विरूद्धको राष्ट्रिय नीति र राष्ट्रिय कार्ययोजनाको मस्यौदालाई शीघ्र ग्रहण गर्ने ,यौन पेशामा संलग्न महिलाहरू माथि दुर्व्यवहार गर्ने र जबरजस्ती असूली गर्ने कानून कार्यान्वयनका अधिकारीहरूलाई अनुसन्धान, अभियोजन गरी दण्ड दिने लगायत यौन पेशामा संलग्न रहने महिलाहरूमाथि हुने शोषण विरुद्ध अनुगमन एवम् कानूनी संरक्षणको सुनिश्चितता गर्ने र त्यस प्रकारको क्रियाकलापमा संलग्न भएको कारणले अभियोजन नगरिने कुराको सुनिश्चितता गर्ने गरी एक बृहत नीति, कानून तथा नियमनको ढाँचा शीघ्र तयार पार्ने,

(ङ) महिलाको वस्तुकरणलाई सम्बोधन गर्न र व्यवसायिक यौनबृत्तिको माग घटाउन पुरुष तथा बालक लक्षित शिक्षा सचेतना बढाउने अभियानहरूलाई सुदृढ पार्ने र यौन पेशाकर्मीको अधिकार संरक्षण गर्न, उनीहरूका निम्ति सुरक्षित कार्य वातावरण, शिक्षा तथा सामाजिक सुरक्षामा पर्याप्त पहुँचका साथै यदि यौन व्यवसाय त्याग्न चाहेमा आयआर्जनका बैकल्पिक अवसरहरू लगायत बहिर्गमनका कार्यक्रमहरू प्रदान गर्ने।

**(घ) ग्लोबल स्लेभरी इन्डेक्स (Global Slavery Index)**

Walk Free Foundation द्वारा प्रकाशित पछिल्लो प्रतिवेदन Global Slavery Index २०२३ अनुसार नेपालको प्राप्ताङ्क सरकारको सम्बोधन प्रणालीमा ४५ प्रतिशत रहेको, जसमध्ये पीडित पहिचान र सहयोगमा ३६ प्रतिशत, फौजदारी न्याय प्रणालीमा ५८ प्रतिशत, राष्ट्रिय तथा क्षेत्रीयस्तरको समन्वयमा ६३ प्रतिशत, जोखिम तत्वहरूको सम्बोधनमा ५० प्रतिशत र सरकारी-निजी क्षेत्र आपूर्ति श्रृङ्खलामा शून्य

१९. Committee on the Elimination of Discrimination against Women, Concluding observations on the seventh periodic report of Nepal, Advance unedited version, 24 February 2025, CEDAW/C/NPL/CO/7

अङ्क रहेकोमा बाध्यकारी श्रम र मानव बेचबिखनलाई अन्तर्राष्ट्रिय महासन्धि बमोजिम अपराध सावित गरी कडा कानूनी कारबाही गर्न एवम् पीडित/प्रभावितका लागि प्रवाह हुने संरक्षण, हेरचाह र सुरक्षा सेवाहरूमा लिङ्ग, लैङ्गिकता, उमेर र राष्ट्रियताका आधारमा भेदभाव नगरी सेवा प्रवाहको सुनिश्चितता गर्न सिफारिश गरेको छ।[२०]

**(ङ) अमेरिकी सरकारको मानव बेचबिखन सम्बन्धी प्रतिवेदन**

अमेरिकी सरकारको विदेश विभागबाट प्रकाशित मानव बेचबिखन सम्बन्धी प्रतिवेदन २०२४ ले मानव बेचबिखन नियन्त्रणका लागि नेपाल सरकारले विभिन्न प्रयासहरू गरिरहेको भएता पनि सबै किसिमका श्रम शोषण तथा यौन शोषणका लागि हुने बेचबिखनलाई समेट्ने गरी कानून संसोधनमा ढिलाइ भएको औंल्याएको छ। साथै सो प्रतिवेदन अनुसार अघिल्ला बर्षहरूको तुलनामा बेचबिखनका पीडकहरू माथि कानूनी कारबाहीको संख्या कम रहेको, पीडित/प्रभावितहरूको पहिचान र सेवा सहायतामा प्रेषणका लागि निर्माण गर्नुपर्ने मापदण्डलाई अन्तिम रूप दिन ढिलाई भएको, पुरुष पीडितहरू एवम् बैदेशिक रोजगारका पीडितहरूको पहिचान र संरक्षणका सवालहरू अपर्याप्त रहेको, पीडितहरूलाई दिइने क्षतिपूर्ति र परिपूरणको उचित सम्बोधन नभएको, रिक्रुटमेन्ट एजेन्सीहरू माथिको निगरानी र उनीहरूलाई जिम्मेवार बनाई बैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूलाई संरक्षण दिने लगायतका उपायहरू अपर्याप्त रहेको आदि कारण जनाई नेपाललाई दोश्रो श्रेणीको निगरानी सूची (Tier 2 Watch List) मा राखेको छ। सो प्रतिवेदनमा देहाय अनुसारका सुझावहरू समावेश छन्:[२१]

- पालेर्मो प्रोटोकल अनुसार सबै प्रकारका यौन तथा श्रम बेचबिखनलाई अपराधीकरण गर्न मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनलाई संशोधन गर्ने र पीडितहरू अदालतमा उपस्थित हुन नसकेमा न्यायपालिकाले निजहरूलाई जरिबाना गर्न सक्ने प्रावधान हटाउने।
- मिलीमतोको आरोप लागेका अधिकारीहरू लगायत मानव बेचबिखनको अनुसन्धान र अभियोजनलाई बढाउने र बेचबिखनका कसुरदार माथि कैद लगायत पर्याप्त सजायको मागदावी गर्ने।
- सबै स्थानीय तहमा मानव बेचबिखन नियन्त्रण समितिहरू गठन गर्ने।
- सरोकारवाला संस्थाहरू बीच प्रेषण लगायत मानव बेचबबखनका मुद्दाहरूको अनुसन्धान सम्बन्धी मानक कार्यसञ्चालन विधिहरू बनाउने।
- पीडित/प्रभावितलाई सेवा प्रवाह गर्ने संस्थामा प्रेषण गर्ने कार्यलाई बढावा दिन अग्रपंक्तिका उद्धारकर्ताहरूलाई तालिम दिंदै पीडितको पहिचान गर्ने सम्बन्धी मानक कार्यसञ्चालन विधिहरूलाई अन्तिम रूप दिने।

---

२०. Walk Free Foundation, Global Slavery Index, 2023 available at https://cdn.walkfree.org/content/uploads/2023/09/27164618/GSI-Snapshot-Nepal.pdf

२१. US, Department of States, 2024 Trafficking in Persons Report

- सबै पीडितहरू - विशेषगरी पुरुष तथा किशोर तथा विदेशमा शोषणमा परेका कामदारका लागि संरक्षण गृह र स्वदेश फिर्ति लगायतका संरक्षण सेवाहरूको उपलब्धता र गुणस्तर बढाउने।
- वैदेशिक रोजगारमा जाने कामदारहरूलाई लाग्ने भर्ना शुल्क हटाउने, कम लागतको भर्ना शुल्क नीतिको पूर्ण कार्यान्वयन र अनुगमन गर्ने। जालसाजी गर्ने एजेन्टहरूलाई कानूनी रूपमा जवाफदेही बनाउने र एजेन्सीहरूको नियमित रूपमा नियमन र अनुगमन गर्ने।
- अनियमित आप्रवासनलाई निरुत्साहित गर्न महिला आप्रवासन माथिको प्रतिबन्ध हटाउने र मानव बेचबिखन हुनबाट नेपाली कामदारहरूलाई जोगाउन गन्तव्य देशका सरकारसँग अधिकारमा आधारित, कार्यान्वयन योग्य सम्झौताहरू गर्ने।
- मानव बेचबिखनका पीडित/प्रभावितहरूलाई देवानी कार्यविधिद्वारा फौजदारी मुद्दाका पीडित सरह परिपूरण र क्षतिपूर्ति दिलाउन अभियोजनकर्ता र न्यायाधीशहरूलाई प्रशिक्षण दिने।
- बालगृह तथा अनाथालयहरूको अनुगमनलाई उल्लेख्य रूपमा बढाउने र हेरचाह सम्बन्धी सरकारका न्यूनतम मापदण्ड पूरा नगर्नेलाई जबाफदेही बनाउने।
- हरुवा-चरुवा र राज्यविहीन व्यक्ति, अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त शरणार्थी र शरणको खोजीमा रहेका व्यक्तिहरूलाई काम गर्न, विद्यालय जान र सामाजिक सेवाहरू लिनसक्ने गरी राष्ट्रिय परिचयपत्र सम्बन्धी कागजात जारी गर्ने प्रयासलाई बढावा दिने।
- बृहत् राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्ने र यसका लागि स्रोत साधन छुट्ट्याउने।

परिच्छेद ३

# निरोधात्मक प्रयासहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सिलसिलामा उच्च प्राथमिकताका साथ सम्पादन गरिनुपर्ने क्रियाकलाप मध्येको एक महत्वपूर्ण क्रियाकलाप निरोध र रोकथाम हो। यसका लागि सरकारी क्षेत्रका साथै नागरिक समाज संघसंस्थाहरू, निजी क्षेत्र र अन्तर्राष्ट्रिय विकास साझेदारहरू समेतको महत्वपूर्ण भूमिका रहने हुँदा नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सबै सरोकारवालाहरूसँगको सहकार्यमा आ.व. २०८०/८१ मा सम्पादन गरेका निरोध सम्बन्धी क्रियाकलापहरूलाई यस परिच्छेदमा संक्षेपमा समावेश गरिएको छ।

### ३.१ नीतिगत कार्यक्रम

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको पहलमा बहुराष्ट्रिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गतको मानव बेचबिखन, विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख, २००० (पालेर्मो प्रोटोकल) लाई नेपाल सरकारले अनुमोदन गरे पश्चात सो आलेखअनुसार राज्यले पुरा गर्नुपर्ने दायित्वलाई बोध गरी मानव बेचबिखन विरूद्धको राष्ट्रिय नीतिको मस्यौदा तयार भएकोमा यसलाई अन्तिम रूप दिन यो आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय तहमा सरोकारवाला निकाय, नागिरक समाज संघसंस्था तथा पीडित/प्रभावितहरूसँग छलफल गरी प्राप्त सुझावका आधारमा परिमार्जन गर्ने प्रयास गरिएको छ। यसैगरी, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को संशोधन मस्यौदा तयार गरी कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र अर्थ मन्त्रालयको राय सुझाव सहित संसोधन विधेयक संसदमा पेश गर्न स्वीकृतीका लागि मन्त्रीपरिषद्मा पेश गर्ने तयारी अवस्थामा छ। साथै मानव बेचबिखन विरूद्धको नयाँ राष्ट्रिय कार्ययोजनाको मस्यौदा निर्माण गरी संघ, प्रदेश र स्थानीय तहमा सरोकारवाला निकाय, नागिरक समाज संघसंस्था तथा पीडित/प्रभावितहरूसँगको छलफलका आधारमा परिमार्जन गर्ने र अन्तिम रूप दिने प्रयास भएको छ। गृह मन्त्रालयबाट प्राप्त जानकारी अनुसार पालेर्मो प्रोटोकलको अनुमोदन पश्चात नेपाललाई आइपर्ने थप दायित्वहरू कार्यान्वयन कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२) को कार्यान्वयन भइरहेको अवस्था छ।[१]

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्वमा मानव बेचबिखन तथा ओसारपसार

१. गृह मन्त्रालय

नियन्त्रण राष्ट्रिय समिति र उप-समितिको नियमित रूपमा बैठक सञ्चालन भएको छ। सो समितिको बैठकबाट यो बर्ष राष्ट्रिय समितिको रिक्त सदस्यमा मनोनयनको लागि सिफारिश गरिएको, मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १७औं राष्ट्रिय दिवस भव्यताका साथ मनाउने सम्बन्धमा सदस्य संस्था (सरकारी तथा गैरसरकारी) हरूबाट दिवसलाई सार्थक बनाउन निर्णय भएको, पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन खर्च शोधभर्ना भुक्तानी गरिएको र राष्ट्रिय समितिका पदाधिकारीहरूबाट पुनर्स्थापना केन्द्रको निरीक्षण तथा अनुगमन गरी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

प्रदेश सरकारहरू विशेषगरी कोशी प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति  अन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नीतिगत रूपमा प्रयास गरेको छ। बागमती प्रदेश सरकारले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि संरक्षण नीति, २०८० को मस्यौदा तयार पारी कानून उप-समितिमा पेश गरेको छ।

## ३.२ बेचबिखन विरूद्ध शिक्षा सचेतना

मानव बेचबिखन तथा ओसारपसारको रोकथाममा समुदायस्तरमा शिक्षा सचेतनासम्बन्धी क्रियाकलापहरू व्यापक रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता र महत्वलाई ध्यान दिई आ.व. २०८०/८१ मा विशेषगरी नेपाल प्रहरी लगायत विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूले स्थानीय तह, विद्यालय समुदाय, सञ्चारकर्मी एवम् जनसमुदायसंग मिलेर विविध कार्यक्रमहरू सम्पादन गरेका छन्। यससम्बन्धी विवरण देहायअनुसार छ।

### समुदाय-प्रहरी साझेदारी कार्यक्रम

'हर प्रहर, गाउँ र नगरी, टोल टोलमा नेपाल प्रहरी÷ भन्ने मूल नाराका साथ २०७५ कात्तिक ११ गतेदेखि सुरू गरिएको समुदाय-प्रहरी साझेदारी कार्यक्रम हाल आएर ७५३ वटै स्थानीय तहमा समाजमा हुने अपराध न्यूनीकरणमा प्रभावकारी रूपमा क्रियाशील छ। यस अवधारणा बमोजिम सामुदायिक सुरक्षा अभिवृद्धि गर्नका लागि स्थानीय स्तरमा नेपाल प्रहरी, स्थानीय तह, सरकारी निकायहरू विद्यमान सामुदायिक प्रहरी तथा सामुदायिक सेवा केन्द्रहरू, विभिन्न क्षेत्रका गैर राजनीतिक सामुदायिक र सामाजिक संघ संस्थाहरू, महिला, बालबालिका र युवा सम्बन्धी संघ संस्थाहरू, माध्यमिक तह (कक्षा १२ सम्म) का विद्यालयहरू, शिक्षासँग सम्बन्धित संघ संस्थाहरू र समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरूको सहभागिता हुने गरी जिल्ला, स्थानीय तह, वडा, टोल र विद्यालय स्तरमा करिब २४ हजार साझेदारी समितिहरू गठन गर्दै बृहत् राष्ट्रिय साझेदारी निर्माणमा केन्द्रित रहेको छ। महिला हिंसा, लागू औषध, साइबर अपराध, विपद् लगायत सवारी दुर्घटना न्यूनीकरणका साथै जबरजस्ती करणी, मानव बेचबिखन, आत्महत्या, बाल विवाह, बहु विवाह, दाइजो प्रथा विरुद्ध जनसमुदायमा

सचेतना अभिवृद्धि, विद्यालय सम्पर्क कार्यक्रम, सामाजिक अपराध न्यूनीकरण, समुदाय र प्रहरीबीच खेलकुद कार्यक्रम, आगलागी न्यूनीकरण लगायतका कार्यक्रमहरू व्यापक रूपमा सञ्चालनमा रहेका छन्। यसै सन्दर्भमा आ.व. २०८०/८१ मा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत मानव बेचबिखन विरुद्ध काठमाडौं उपत्यका लगायत सबै प्रदेशहरूमा जनसमुदायका लगभग १ लाख ६ हजार जनाको सहभागितामा कुल ३,६१२ पटक सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यस सम्बन्धी विवरण तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं.३ .१: आ.व. २०८०/८१ मा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतनामूलक कार्यक्रम र सहभागी संख्या**

| क्र. सं. | संघ/प्रदेश | कार्यक्रम (पटक) | सहभागी संख्या |
|---|---|---|---|
| १ | काठमाडौं उपत्यका प्रहरी कार्यालय | ६८ | ३०८१ |
| २ | मानव बेचबिखन अनुसन्धान ब्यूरो | १६ | १७६५ |
| ३ | कोशी | १०३६ | २४१६९ |
| ४ | मधेश | ४५० | १४१०९ |
| ५ | बागमती | ३४४ | १३५६६ |
| ६ | गण्डकी | ६९६ | १८०६९ |
| ७ | लुम्बिनी | २७० | ९४८८ |
| ८ | कर्णाली | ३४९ | ११११६ |
| ९ | सुदूरपश्चिम | ३८३ | १०४२७ |
| | **जम्मा** | **३६१२** | **१०५७९०** |

*स्रोतः गृह मन्त्रालय*

## प्रदेश सरकार तथा अन्य सरकारी निकायहरू

मन्त्रालयमा प्राप्त जानकारी अनुसार आ.व. २०८०/८१ मा प्रदेश, जिल्ला र स्थानीय तहमा सरकारी संयन्त्रहरूले देहाए अनुसार निरोध सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेका छन्:

- कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयले कोशी प्रदेश प्रहरी कार्यालय, बिराटनगरसँगको सहकार्यमा १४ वटै जिल्लामा जिल्ला प्रहरी कार्यालय मार्फत मानव बेचबिखन नियन्त्रणका साथै लैङ्गिक हिंसा अन्त्य गर्ने सवालमा समुदायमा सचेतना अभिबृद्धिका लागि कार्यक्रम सञ्चालन गरेको छ। यस सिलसिलामा मानव बेचबिखन नियन्त्रण सम्बन्धी ब्रोसर र डकुमेन्ट्री समेत

निर्माण भएको। सो कार्यक्रम सञ्चालनका लागि सामाजिक विकास मन्त्रालयले रू २५ लाख बजेट छुट्ट्याएको थियो। यसका साथै उक्त मन्त्रालयले कोशी प्रदेशका १३७ वटै स्थानीय तहमा रू ५० हजारका दरले कुल रू. ६८ लाख ५० हजार बजेट विनियोजन गरी किशोरी सशक्तिकरण कार्यक्रम मार्फत मानव बेचबिखन तथा बाल विवाह नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ।[२]

- गण्डकी प्रदेशको म्याग्दी जिल्लामा मानव बेचबिखन नियन्त्रण जिल्ला समितिको आयोजनामा मानव बेचबिखन तथा ओसारपसार लगायत हानीकारक परम्परा विरूद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको र मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी घटनाहरूका सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया गरिएको छ।[३]

- लुम्बिनी प्रदेशको दाङ जिल्लामा मानव बेचबिखन नियन्त्रण जिल्ला समितिद्वारा जिल्ला प्रहरी कार्यालय र मातहत इकाइहरू मार्फत सीमा नाकामा चेकचाँजको प्रबन्ध मिलाइ जिल्ला समितिले समय समयमा सो को अनुगमन गर्ने गरी व्यवस्था मिलाइएको। साथै मानव बेचबिखन तथा ओसारपसारका विरूद्ध सबै स्थानीय तह मार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न पत्राचार गरिएको छ। नेपाल पत्रकार महासँघ दाङ शाखा र सबै सञ्चार माध्यमहरूमा सार्वजनिक हितका लागि मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सन्देशमूलक सूचनाहरू प्रचार प्रसार; जिल्लामा मानव बेचबिखन नियन्त्रणको सवालमा कार्यरत गैरसरकारी संस्था तथा अभियन्ताहरू मार्फत जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन; जिल्लाका सबै स्थानीय तह अन्तर्गतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाहरूबाट ब्यानर सहित अन्तरक्रिया कार्यक्रम र शिक्षा शाखाबाट विद्यालय/कलेजहरूमा मानव बेचबिखन विरूद्धका सचेतनामूलक कार्यक्रमहरू सञ्चालन एवम् मानव बेचबिखन नियन्त्रण जिल्ला समिति/जिल्ला प्रशासन कार्यालयको आयोजना र सिसा नेपाल, महिला पुनर्स्थापना केन्द्र (ओरेक), शान्ति पुनर्स्थापना गृह, नयाँ पाइला पुनर्स्थापना केन्द्र र नेपाल परिवार नियोजन संघ दाङ लगायतको सह-आयोजनामा मानव बेचबिखन लगायत बालबालिका र महिलाको हकहितका सवालमा अन्य अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।[४]

- कर्णाली प्रदेशको सुर्खेत जिल्लामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको समन्वय र संयोजनमा मानव बेचबिखनका सरोकारवाला निकायसँग छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको; लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा आवाज संस्था मार्फत मानव बेचबिखनका घटनामा पर्नसक्ने सम्भावित उमेर समूहका व्यक्ति र आमा समूह/महिला समूह/बाल क्लब/टोल समूहहरू र विद्यालयहरूमा सचेतनामूलक कार्यक्रम गरिएको र

२. कोशी प्रदेश, सामाजिक विकास मन्त्रालय
३. जिल्ला प्रशासन कार्यालय म्याग्दी
४. जिल्ला प्रशासन कार्यालय, दाङ

रेडियो, पर्चा, पम्प्लेट, सडक नाटक कार्यक्रम सञ्चालन गरिएको तथा जिल्ला समन्वय समितिको समन्वयमा होटल व्यवसायी र यातायात व्यवसायीसँग मानव बेचबिखन सम्बन्धी अन्तरक्रिया/छलफल कार्यक्रम सञ्चालन गरिएको छ।[५]

- सुदूरपश्चिम प्रदेशको बझाङ जिल्लामा मानव बेचबिखन नियन्त्रण जिल्ला समिति र जिल्ला प्रशासन कार्यालय बझाङको संयोजनमा जिल्ला स्थित सुरक्षा निकायहरूबाट सीमा नाकाहरूमा मानव बेचबिखन नियन्त्रण विषयमा नियमित रूपमा अनुगमन निरीक्षण, गस्ती पेट्रोलिङ गर्ने गरिएको।[६]

### संघसंस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरू

नेपालद्वारा अनुमोदित पालेर्मो प्रोटोकल अनुसार मानव बेचबिखन नियन्त्रण सम्बन्धी सम्बोधन प्रणालीमा सरकारी तथा गैरसरकरी संस्थाहरूबीचको साझेदारितालाई जोड दिइए अनुसार नेपालको राष्ट्रिय नीति, कानूनहरूले तोके बमोजिम नेपाल सरकारका विभिन्न निकाय तथा संयन्त्रहरू, विशेषगरी मानव बेचबिखन नियन्त्रण जिल्ला समिति, नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूसँगको समन्वय, सहयोग र सहकार्यमा विभिन्न संघसंस्थाहरूले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा समुदायस्तर सम्म पुगी रोकथाम सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। संस्थाहरूले यो आर्थिक बर्ष भित्र सम्पादन गरेका रोकथामका मुख्य मुख्य क्रियाकलापहरू तालिका नं. ३.२ मा प्रदेश, जिल्ला तथा स्थानीय तह समेत देखिने गरी संक्षेपमा वर्णन गरिएको छ। संघसंस्थाको सचेतना सम्बन्धी कार्यक्रम प्रत्यक्ष तथा परोक्ष रूपमा २ लाख ७० हजार व्यक्तिमा पुगेको देखिन्छ।

**तालिका ३.२: आ. व. २०८०/८१ मा संघसंस्थाद्वारा सञ्चालित निरोधसम्बन्धी मुख्य मुख्य क्रियाकलापहरू**

| जिल्ला | कार्यक्रम | सहभागी संख्या | |
|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष (अनुमानित) |
| **माइती नेपाल** | | | |
| इलाम | चिया बगानमा चियापत्ति टिप्ने महिलाहरू र विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई अभिमूखिकरण | १७० | ६४४ |
| झापा | विद्यालयमा अध्ययनरत विद्यार्थीहरू लगायत सर्वसाधारणलाई कानूनी सचेतनाका साथै अभिमूखीकरण | १८८३ | ३२०० |
| मोरङ | सरकारी तथा निजी विद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूँग अभिमूखीकरण, सीमा नाकामा फेला परेका र समुदायका महिला किशोरी, महिला स्वास्थ्य स्वंयसेविका, पत्रकार लगायत सरकारी कर्मचारीहरूलाई अभिमूखीकरण | ५०९ | |

५. जिल्ला प्रशासन कार्यालय, सुर्खेत
६. जिल्ला प्रशासन कार्यालय, बझाङ

| जिल्ला | कार्यक्रम | सहभागी संख्या | |
|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष (अनुमानित) |
| सुनसरी | ब्रोसर, प्रर्चा, पम्पलेट वितरण र दिवसीय अन्तरक्रिया कार्यक्रम | ९२० | |
| धनुषा | जनचेतनामूलक पोस्टर पम्प्लेट वितरण | ५०० | २००० |
| पर्सा | अन्तरक्रिया तथा जनचेतनामूलक ब्रोसर वितरण | ३२२ | ११५० |
| काभ्रेपलान्चोक | होटल व्यबसायी तथा यातायात व्यवसायीहरू, बिधार्थीहरू र महिला समूहलाई बेचबिखनको अबस्था, चुनौति र समाधानका उपायहरू बारे अभिमुखीकरण तथा अन्तरसंवाद कार्यक्रम | २११ | ४४० |
| | जिङ्गल प्राईम १०४.५ रेडियो धुलिखेल न. पा. को सहयोगमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा र्‍याली, प्यानल डिस्कसन, न.पा., जिल्ला प्रहरी कार्यालय, अन्य सरकारी तथा गौर सरकारी संस्थाहरूसंगको समन्वयमा आमा समूह, बिद्यार्थी, महिला सहकारी समूहहरूलाई अभिमूखीकरण | ५८१ | |
| काठमाडौं | विद्यार्थीहरूलाई अभिमूखीकरण | १०६ | |
| | जनचेतनामूलक अभियान सञ्चालन | १७०० | |
| | लैङ्गिक हिंसाको १६ दिने अभियान, अन्तर्राष्ट्रिय मानव अधिकार दिवस, को अवसरमा नेपाल प्रहरीसँगको समन्वयमा रयाली, अन्तर विद्यालय निबन्ध प्रतियोगिता, यातायात मजदुर, यातायात संघ, अस्पताल, मजदुरहरू, विद्यार्थी, अभिमूखीकरण, जनचेतनामूलक अभियान | ४३०० | |
| | अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा सचेतना कार्यक्रम | १५० | |
| | माइती नेपालको बार्षिकोत्सवमा सचेतना कार्यक्रम | १३८० | |
| | बेचबिखन, सुरक्षित बसाईसराई, सुरक्षित बैदेशिक रोजगार, बाल यौन शोषण, बाल बिवाह, जबरजस्ती करणी सम्बन्धी बिधार्थीहरूलाई सचेतना र पर्चा पम्प्लेटहरू बितरण | १०६ | |
| रसुवा | होटल सञ्चालकहरूलाई तथा कर्मचारीहरूलाई मानव बेचबिखन, बाल विवाह, यौन दूर्व्यवहार, सुरक्षित आप्रवासन सम्बन्धी जनचेतनामूलक पर्चा वितरण | ६९८२ | १००५ |

| जिल्ला | कार्यक्रम | सहभागी संख्या | |
|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष (अनुमानित) |
| मकवानपुर | घरदैलो, विद्यालय, होटेल तथा यातायात व्यवसायीहरूसंग छलफल/अभिमूखीकरण | ४८८ | २४४० |
| चितवन | समुदायका महिला, पुरुष तथा विद्यार्थीहरूलाई अभिमूखीकरण र सचेतनामूलक रेडियो जिङ्ल प्रसारण | २४० | १९०० |
| | मानव बेचबिखन, लैङ्गिक हिंसा, बाल विवाह बारे अभिमूखीकरण | ८१ | ५०० |
| | मानव बेचबिखन र लैङ्गिक हिंसा बारे अभिमूखीकरण | १५० | ४०० |
| | सचेतनामूलक रेडियो जिङ्गल प्रशारण | १००० | |
| | र्‍याली, प्लेकार्ड प्रदर्शन, सडक नाटक | ५०० | १००० |
| | वर्कसप | ९ | |
| | हस्ताक्षर अभियान | १६३ | |
| रूपन्देही | पीडित/प्रभावितहरूसँग छलफल/अभिमूखीकरण | ३२८ | |
| बाँके | माध्यामिक तहका प्र.अ.र सामाजिक शिक्षकहरूलाई तालिम र सचेतना अभिबृद्धि, मानव बेचबिखनको अवस्था, परिभाषा, कारण, दलालले अपनाउने तौरतरिका, सम्पर्क क्षेत्र, प्रयोजन र कानूनी व्यवस्था वारे अभिमूखीकरण र संचार माध्यम बाट प्रचारप्रसार | ३८३ | ११०० |
| बर्दिया | मानव बेचबिखनको अवस्था, परिभाषा, कारण, दलालले अपनाउने तौरतरिका, सम्पर्क क्षेत्र, प्रयोजन र कानूनी व्यवस्था बारे अभिमूखीकरण र सञ्चार माध्यम बाट प्रचारप्रसार | ५२४ | ६८५ |
| कैलाली | सीमा क्षेत्र लगायत विभिन्न स्थानमा अन्तरक्रिया/अभिमूखीकरण कार्यक्रम | ४३३ | १२८०० |
| कञ्चनपुर | घरदैलो, पर्चा पम्प्लेट वितरण सहित यातायातकर्मीहरूका लागि अनुशिक्षण तथा अन्तरक्रिया | २८५३ | ६९०० |
| **आफन्त नेपाल** | | | |

| जिल्ला | कार्यक्रम | सहभागी संख्या | |
|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष (अनुमानित) |
| झापा | किशोरी समूहलाई लेखा व्यवस्थापन तालिम, महिलाहरूको आर्थिक सशक्तिकरणको लागि स्थानीय सामाग्रीहरूको प्रयोग गरि अचार बनाउने तालिम, मानव बेचबिखन/लैङ्गिक हिंसा विरुद्ध कानूनी प्रावधान सम्बन्धमा सचेतनामूलक र स्कुल शिक्षा कार्यक्रम तथा जानकारीमूलक होडिङ्ग बोर्डमार्फत सूचना प्रवाह र परियोजना बारे समीक्षा | १४४ | ३१५ होर्डिङ बोर्ड मार्फत जानकारी |
| मोरङ | मानव बेचबिखन तथा लैङ्गिक हिंसा विरुद्ध नेपालमा कानूनी प्रावधान सम्बन्धमा सचेतनामूलक कार्यक्रम, महिला उद्यमशिलता विकासको लागि च्याउ खेती तालिम, बेचबिखनका घटना व्यवस्थापन सम्बन्धी अभिमूखीकरण, महिला तथा किशोरीहरूलाई प्रजनन् स्थास्थ्य समबन्धी अभिमूखीकरण | ९६ | ४०४ |
| धनुषा | रेल्वे स्टेशनका साथै विभिन्न स्थानहरूमा र्‍याली, हस्ताक्षर संकलन, दीप प्रज्वलन, परियोजना समिक्षा लगायत सचेतना | १४८८ | ७४४० |
| पर्सा | समुदायस्तरमा जानाकारीमूलक सूचना तथा शैक्षिक सामाग्री वितरण, रेडियो जिङ्गल प्रसारण, र्‍याली, कानूनी प्रावधान, घटना व्यवस्थापन तालिम, समूह गठन लगायतका सचेतना कार्यक्रम | ३१६४ | १५८२० |
| चितवन | कानूनी प्रावधान, समुदायस्तरमा सिलाई तालिम, दीप प्रज्वलन, शिक्षा, घटना व्यवस्थापन तालिम, पर्चा, पम्प्लेट वितरण, भेटघाट, सामाजिक लेखा परीक्षण र महिला समूह गठन लगायत सचेतना/अभिमूखीकरण | ४७२१ | २३६०५ |
| कपिलबस्तु | र्‍याली, प्रतिवद्धता पत्रमा हस्ताक्षर, कानूनी प्रावधान, दीप प्रज्वलन, सेतो रिवन वितरण, महिला समूह गठन, आर्थिक सशतिकरण, ढकिया निर्माण, उदघोषण तालिम, महिला तथा किशोरीहरूलाई प्रजनन स्थास्थ्यसम्बन्धी अभिमूखीकरण | ३१३४ | १५१७० |
| बाँके | डोनट बनाउने तालिम, बेचबिखन र बाल बिवाह बारे सचेतना, प्रतिवद्धता पत्रमा हस्ताक्षर संकलन, दीप प्रज्वलन, र्‍याली, म एक जिम्मेवारी पुरुष समूह गठन र परिचालन गोष्ठि, व्यानर डिस्प्ले प्रदर्शन, घरदैलो भेटघाट लगायतका सचेतना | १६१८ | ८०९० |
| कञ्चनपुर | सचेतनामूलक स्कुल शिक्षा, कानूनी प्रावधान लगायत सचेतना | ६०१ | ३००५ |

| जिल्ला | कार्यक्रम | सहभागी संख्या | |
|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष (अनुमानित) |
| **कोपिला नेपाल** | | | |
| कास्की | लैङ्गिक हिंसा, मानसिक स्वास्थ्य र त्यसबाट श्रृजना हुने असर, बेचबिखनसँग सम्बन्धित समस्याको बारेमा सचेतना कक्षा सञ्चालन | १,५३९ | २,६८७ |
| **विश्वास नेपाल** | | | |
| काठमाडौं | साइबर अपराध तथा मनाव बेचबिखन, सुरक्षित बसाइ सराइ, मनोरञ्जन क्षेत्रका श्रमिकहरूको सवाल, बाल यौन दुर्व्यवहार, लैङ्गिक हिंसा बारे सचेतनामूलक कार्यक्रम | ५१९ | ११९० |
| **शक्ति समूह** | | | |
| काठमाडौं, भक्तपुर, ललितपुर, बाके, कास्की, झापा, इलाम, सिन्धुपाल्चोक, सुर्खेतमा सडक नाटक प्रदर्शनी, देशभर सूचना सामग्री वितरण तथा सचेतना | | १७४५१ | ७०००० |
| **एटविन** | | | |
| बारा, सर्लाही, रौतहट, पर्सा, बांके, कपिलबस्तु, रूपन्देही, परासी, कैलाली, कञ्चनपुर विद्यालयहरूमा किशोरकिशोरी तथा विद्यार्थी, यातायात श्रमिकहरू (बस र रिक्सा श्रमिक/धनीहरूहरूलाई सचेतना/अभिमूखीकरण | | १४७३ | |
| एटविनको सूचना तथा स्रोत केन्द्र प्रयोग कर्ता | | ६७ | |
| विविध प्रकाशनहरूको संकलन तथा व्यवस्थापन | | १२२१ | |
| एटविन तथा विविध सरकारी निकाय र गैरसरकारी संस्थाद्वारा प्रकाशित प्रकाशनहरूको वितरण | | १२,८४३ | |
| काठमाडौं तथा विभिन्न जिल्लाहरूमा स्वयंसेवक परिचालन | | ५ | |
| टिभी कार्यक्रम मानव बेचबिखनबाट प्रभावितहरूको न्यायमा पहुँच बारे टिभि कार्यक्रम | | हिमालयन टेलिभिजन र युट्युब | |
| मानव बेचबिखनविरूद्ध नीतिगत संवाद टिभी कार्यक्रम | | | |
| विपदमा मानव बेचबिखन लगायत हिंसाका जोखिमहरू सम्बन्धी टिभी कार्यक्रम | | | |
| पालेर्मो प्रोटोकल बारे जानकारी पुस्तिका प्रकाशन तथा वितरण | | १००० प्रति | |
| पालेर्मो प्रोटोकल बारे जानकारी लिफ्लेट प्रकाशन तथा वितरण | | २५०० प्रति | |

| जिल्ला | कार्यक्रम | सहभागी संख्या | |
|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष (अनुमानित) |
| **नारी सीप सृजना केन्द्र** | | | |
| मकवानपुर | सुरक्षित आप्रवासन १९ वटा सामुदायिक छलफल केन्द्र नियमित सञ्चालन, मानव बेचबिखन रोकथाम र सुरक्षित बसाईसराई सम्बन्धी सडक नाटक, विधार्थी तथा शिक्षकहरूसँगको अन्तरक्रिया, बेचबिखन रोकथाम तथा सुरक्षित बसाईसराई सम्बन्धी जनहितमा जारी दृश्य सामाग्री (Video PSA) निर्माण तथा प्रसारण, सचेतनामूलक घरदैलो अभियान | ११८१ | ६०८२ |
| **सुनिता फाउन्डेशन** | | | |
| सिन्धुपालचोक | विद्यालयमा मानव बेचबिखन विरूद्धको सवालमा छलफल कार्यक्रम सञ्चालन गरी बालबालिकामा हुने उच्च जोखिम पहिचान गरी जोखिमलाई न्यूनीकरण गर्ने उपायबारे छलफल | १०० | २०० |
| | आमा समूहसंग मानव बेचबिखन विरूद्धको सवालमा छलफल तथा सचेतना कार्यक्रम | १५० | ३०० |
| | मानव बेचबिखन विरूद्धको सवालमा सचेतना छलफल गरी समुदायमा मानव बेचबिखनको अवस्था, यसबाट पर्न सक्ने जोखिम पहिचान गरी यसबाट बच्ने उपायबारे किशोरी समूहसंग छलफल | ३० | १५० |
| नुवाकोट | नुवाकोटमा रहेका विभिन्न सामुदायिक विद्यालयमा मानव बेचबिखन विरूद्धको सचेतना कार्यक्रम | ३७० | ५०० |
| **हिरण्य नेपाल** | | | |
| मकवानपुर | श्री आधारभूत विद्यालय, हेटौंडामा विधार्थीहरूका लागि यौन दुर्व्यवहार न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम | ७२ | |
| मकवानपुर | श्री पारिजात आधारभूत विद्यालय, हेटौंडामा विधार्थीहरूका लागि यौन दुर्व्यवहार न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम | ५४ | |
| मकवानपुर | श्री राष्ट्रिय रोटरी मा.वि. हेटौंडामा विधार्थीहरूका लागि यौन दुर्व्यवहार न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम | १४५ | |
| मकवानपुर | हेटौंडामा बालक्लव सञ्जालका लागि यौन दुर्व्यवहार तथा रिस व्यवस्थापन सम्बन्धी १ दिने तालिम | ३१ | |

## ३.३ दिवसीय कार्यक्रम

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको संयोजनमा प्रत्येक वर्ष भाद्र २० गते मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय दिवस सबै प्रदेश, जिल्ला तथा स्थानीय तहमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाउदै आएको छ। मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनसमुदायमा सचेतना फैलाउने उदेश्यले मनाइने यो दिवस मानव बेचबिखन नियन्त्रणका लागि महत्वपूर्ण अभियानको रूपमा रहेको छ। यसै सिलसिलामा २०८० भाद्र २० गते "सामाजिक न्याय र आर्थिक सशक्तीकरणः मानव बेचबिखनको निर्मूलन" भन्ने मूल नाराका साथ विभिन्न सरकारी निकाय तथा सामाजिक संघसंस्थाहरूको सक्रिय सहभागितामा मानव बेचबिखन तथा ओसारपसार विरूद्धको १७औं राष्ट्रिय दिवस कार्यक्रम सम्पन्न भएको छ। उक्त दिवसको अवसरमा मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा उल्लेखनीय काम गर्ने देहाएका ब्यक्ति र संस्थालाई पुरस्कृत र सम्मान गरिएको थियो। (तालिका ३.३):[७]

**तालिका ३.३ मानव बेचबिखन विरूद्धको १७औँ राष्ट्रिय दिवसको अवसरमा पुरस्कृत तथा सम्मान गरिएका व्यक्ति तथा संस्थाहरू**

| क्र.सं. | विधा | पुरस्कार तर्फ | सम्मान तर्फ |
|---|---|---|---|
| १ | नेपाल प्रहरी | प्रहरी हवल्दार श्री दल बहादुर घिसिङ्ग, नेपाल प्रहरी प्रधान कार्यालय, मानव बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहल | नेपाल प्रहरी प्रधान कार्यालय, मानव बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहल |
| २ | सञ्चार माध्यम | छापा माध्यम - श्री रेजीना गौतम, झापा, जनआन्दोलन, घटना र विचार | नागरिक दैनिक, काठमाडौं |
| | | विद्युतीय माध्यम - श्री सितादेवी डोटेल, पाल्पा, सबल न्यूज डट कम | रेडियो मुक्ति ९५.५, रूपन्देही |
| ३ | संघ संस्था | श्री उर्मीला श्रेष्ठ, शक्ति समूह, काठमाडौं | महिला आत्मनिर्भरता केन्द्र सिन्धुपाल्चोक |

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयले "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विरूद्ध हुने अपराध अनुसन्धान तथा लैङ्गिक हिंसा न्यूनीकण कार्ययोजना २०८०" अनुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस मनाउने सिलसिलामा श्रावण १४ गते र भाद्र २० गते मनाइने मानव बेचबिखन विरूद्धको अन्तर्राष्ट्रिय दिवस र राष्ट्रिय दिवसका अवसरमा सूचनामूलक सामग्रीहरू (पर्चा र जिङ्गलहरू) तयार पारी मातहतका सबै प्रहरी कार्यालयमा पठाई दिवस मनाउनुका साथै नेपाल प्रहरीको आधिकारीक Website तथा Facebook मा pop-up राखी प्रचारप्रसार गरेको

७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

थियो।[८]

यसका साथै प्रदेश र स्थानीय तहमा समेत विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूद्वारा मानव बेचबिखन विरूद्धको दिवस लगायत विभिन्न दिवसीय कार्यक्रमहरूको आयोजना गरी मानव बेचबिखन तथा ओसारपसारका साथै घरेलु हिंसा, महिला विरूद्धको हिंसा तथा अन्य प्रकारका लैङ्गिक हिंसा विरूद्ध जनसमुदायमा सचेतना कार्यक्रमहरु सम्पन्न गरिएको छ। यसै सन्दर्भमा आ.व. २०८०/८१ मा विभिन्न सरकारी निकाय तथा संघसंस्थाहरूको सहभागितामा सम्पन्न भएका दिवसीय कार्यक्रमहरू बारे मन्त्रालयमा प्राप्त सूचनाका आधारमा संक्षिप्त विवरण तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.४ विभिन्न प्रदेशमा आयोजित मानव बेचबिखन विरूद्धको दिवस लगायत अन्य विभिन्न दिवसीय कार्यक्रम सम्बन्धी विवरण**

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| सोलुखुम्बु सदरमुकाम | र्‍याली, अन्तरक्रिया र छलफल | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुको संयोजनमा जनप्रतिनिधि, सरकारी कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, गैरसरकारी तथा सामाजिक संघसंस्थाहरू, नागरिक समाज र सर्वसाधारण |
| उदयपुर सदरमुकाम | र्‍याली र सभा | जिल्ला प्रशासन कार्यालय, उदयपुरको संयोजनमा सरकारी निकाय तथा संघसंस्थाका प्रतिनिधिहरू |
| इलाम सुर्योदय नगरपालिका | अन्तरक्रिया | माइती नेपालको संयोजनमा नेपाल र भारतका सीमावर्ती क्षेत्रका जनसमुदाय (७८) |
| काठमाडौं (प्रज्ञा भवन) | मन्त्रालयको आयोजनामा मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा उल्लेखनीय कार्य गर्ने सरकारी तथा गैर सरकारी संस्था र संचार माध्यम तथा व्यक्तिलाई सम्मान तथा पुरस्कार वितरण सहित मूल समारोह कार्यक्रम | मन्त्रालयको संयोजनमा सरकारी निकाय र गैर सरकारी संघसंस्थाबाट संस्थागत तथा व्यक्तिगत (५००) |

८. नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| | र्‍याली | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था र नागरिक समाज (५००) |
| | सचेता | शक्ति समूहको संयोजनमा विभिन्न संघसंस्था (६७०) |
| | र्‍याली | एटविनको संयोजनमा संघसंस्था र नागरिक समाज लगभग (५००) |
| मोरङ | छलफल तथा सिमा नाकामा प्रचार प्रसार सामाग्री बितरण | माइती नेपालको संयोजनमा नेपाल र भारत सीमानाकामा कार्यरत प्रहरी तथा कर्मचारीहरू (२३०) |
| सुनसरी | १,००० वटा ब्रोसर, प्रचार, पम्पलेट वितरण | माइती नेपालको संयोजनमा स्थानीय तह र जनसमुदाय (१०००) |
| धनुषा | सडक नाटक, प्रभात फेरी | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (११८०) |
| पर्सा | पर्चा, चेतनामूलक ब्रोसर तथा स्टिकर वितरण | माइती नेपालको संयोजनमा सीमा क्षेत्र (१६) का जनसमुदाय |
| काभ्रे | सचेतनामूलक पर्चा पम्पेल्ट बितरण, यातायात अनुगमन, घर दैलो, माइती नेपाल र यसका काम कर्तव्य, अन्तरसम्बाद | माइती नेपालको संयोजनमा (७५) विभिन्न संघसंस्था |
| रसुवा | सचेतना | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (८०) |
| चितवन | बेचबिखन, लैङ्गिक हिंसा बारे विद्यार्थीहरूलाई अभिमूखीकरण | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (१५०) |

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| रूपन्देही | अभिमूखीकरण | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२६५) |
| बाँके | गित तथा नृत्य प्रतियोगिता | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (९६) |
| बर्दिया | सचेतनामूलक सडक नाटक, ब्यानर प्रदर्शनी, ऱ्याली, दिप प्रज्वलन | माइती नेपालको संयोजनमा प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका प्रमुख, सरकारी तथा गैर सरकारी निकायहरू, शिक्षक, बिध्यार्थी, युवा क्लबका युवाहरू, यात्रारत मानिसहरू, व्यापारी, यातायातकर्मी एवम् स्थानीय समुदायका मानिसहरू (२५५०) |
| कैलाली | ब्रोसर, पम्प्लेट बितरण, अन्तर्क्रिया | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (३१९) |
| | अन्तरक्रिया | माइती नेपालको संयोजनमा सरोकारवाला सरकारी निकाय तथा गैससहरू (४९) |
| कञ्चनपुर | पर्चा पम्प्लेट वितरण, घरदैलो, विद्यार्थी अनुशिक्षण | माइती नेपालको संयोजनमा विद्यार्थी, विभिन्न संघसंस्था र स्थानीय जनसमुदाय (२९९) |
| कास्की | अन्तरक्रिया/सचेतना | कोपिला नेपालको संयोजनमा विभिन्न संघसंस्था |
| सिन्धुपाल्चोक | मानव बेचबिखन प्रभावितहरूसंग अन्तरक्रिया कार्यक्रम | सुनिता फाउण्डेशनको संयोजनमा (२००) |
| हेटौडा, मकवानपुर | अन्तरक्रिया, अभिमूखीकरण | नारी सीप सृजना केन्द्रको संयोजनमा विभिन्न संघसंस्था (६३) |
| हेटौडा, मकवानपुर | विधार्थी अभिमूखीकरण, श्रीमान श्रीमती हाजिरी जवाफ प्रतियोगिता, प्रचारप्रसार तथा सचेतना | माइती नेपालको समन्वयमा विभिन्न संघसंस्था (७५०) |

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| २. अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८, २०२४) | | |
| इलाम सुर्योदय नगरपालिका | र्‍याली | माइती नेपालको संयोजनमा स्थानीय जनसमुदाय (१०८) |
| झापा मेचीनगर नगरपालिका | घरदैलो कार्यक्रम | माइती नेपालको संयोजनमा स्थानीय समुदाय (२६७) |
| झापा काँकडभिट्टा | र्‍याली | माइती नेपालको संयोजनमा स्थानीय समुदाय (१३००) |
| सुनसरी | फुटसल प्रतियोगीता, पुरष्कार वितरण, वृत चित्र प्रर्दशनी र विविध | माइती नेपालको संयोजनमा स्थानीय समुदाय (२३१) |
| मकवानपुर राक्सिराङ | महिला हिंसा, लैङ्गिक हिंसासम्बन्धी सडक नाटक, हाजिरी जवाफ र नारा/ र्‍याली | नारी सीप सृजना केन्द्रको संयोजनमा स्थानीय तह, विभिन्न संघसंस्था तथा समुदाय (१०६) |
| धनुषा | जनचेतनामूलक र्‍याली | माइती नेपालको संयोजनमा स्थानीय तह र समुदाय (२६०) |
| पर्सा | चेतनामुलक ब्रोसर वितरण तथा स्टिकर टाँसन | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (५०) |
| काभ्रे | महिला दिवस विशेष गरी महिला तथा किशोरीहरूलाई नारी दिवस र महिला अधिकार बारे जानकारी | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (७५) |
| रसुवा | जनचेतना | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (८०) |
| हेटौडा, मकवानपुर | श्रमजीवी महिला र खुल्ला हाजिरी जवाफ प्रतियोगिता | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (७०) |

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| चितवन | महिला, पुरुषलाई अभिमूखीकरण | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (८१) |
| रूपन्देही | जनचेतनामूलक र्‍याली | माइती नेपालको संयोजनमा स्थानीय तह र समुदाय (१५०) |
| बाँके | सीमानकामा सूचना तथा सन्देशमूलक ब्यानर, प्लेकार्ड प्रदर्शनी, मोटरसाइकल र्‍याली | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२००) |
| बर्दिया | ११४ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा घटना अध्ययन, समूह छलफल, पोष्टर, पम्प्लेट टाँस, ब्यानर, प्लेकार्ड प्रदर्शन | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२७६०) |
| कैलाली | अभिमूखीकरण, र्‍याली | माइती नेपालको संयोजनमा सामाजिक विकास मन्त्रालय, सरोकारवाला सरकारी निकाय र संघसंस्था (९४०) |
| काठमाडौं | र्‍याली | विश्वास नेपालको संयोजनमा विभिन्न संघसंस्था (६६) |
| कास्की | र्‍याली, अन्तरक्रिया | कोपिला नेपालको संयोजनमा विभिन्न संघसंस्था |
| मकवानपुर | सडक नाटक, र्‍याली, हाजिरी जवाफ, अन्तरक्रिया | नारी सीप सृजना केन्द्रको संयोजनमा विभिन्न संघसंस्था (१०६) |
| ३. महिला हिंसा विरुद्धको १६ दिने अभियान (नोभेम्बर २५-डिसेम्बर १०, २०२४) | | |
| झापा, मेचीनगर नगरपालिका | र्‍याली, विद्यालय अभिमूखीकरण र घरदैलो कार्यक्रम | माइती नेपालको संयोजनमा विद्यार्थी, विभिन्न संघसंस्था र स्थानीय समुदाय (१०४५) |

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| काठमाडौं | नेपाल प्रहरी संगको समन्वयमा सवारी साधनहरूमा यात्रा गरिरहेका महिला, किशोरी तथा पुरुषहरूलाई लैङ्गिक हिंसा, बेचबिखन बिरूद्ध जनचेतनामूलक पर्चाहरू बितरण, बिधार्थीहरूको आँखा जाँच, सेनिटाइजरी, बिद्यालयको कम्प्युटर मर्मत, सामाजिक संजालको सुरक्षित प्रयोग सम्बन्धी सचेतना | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (९१८) |
| | सचेतनामूलक र्‍याली | शक्ति समूहको संयोजनमा विभिन्न संघसंस्था (१५००) |
| | सचेतना, अभिमूखीकरण | विश्वास नेपालको संयोजनामा प्रहरी तथा स्थानीय समुदाय (२६२) |
| मोरङ | प्रभात फेरी | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था विभिन्न संघसंस्था (२००) |
| सुनसरी | सेतो रिवन वितरण, प्रभात फेरी, सडक नाटक र उदघाटन | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२७९) |
| पर्सा | ब्रोसर वितरण, घरदैलो, विद्यार्थी सचेतना तथा अभिमूखीकरण, र्‍याली तथा कोणसभा | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (४१२) |
| रसुवा | अभिमूखीकरण | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (४१२) |

<table>
<tr><th colspan="3">१. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते)</th></tr>
<tr><th>जिल्ला/स्थान</th><th>कार्यक्रम</th><th>संयोजन/सहभागिता</th></tr>
<tr><td rowspan="2">मकवानपुर</td><td>प्रचारप्रसार, गिति नाटक प्रर्दशन,<br>समुदाय अभिमूखीकरण,<br>विद्यालय स्तरीय वक्तृत्वकला</td><td>माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (१११९)</td></tr>
<tr><td>अन्तरक्रिया</td><td>नारी सीप सृजना केन्द्रको संयोजनमा विभिन्न संघसंस्था (३७)</td></tr>
<tr><td rowspan="2">चितवन</td><td>र्‍याली, प्लेकार्ड प्रदर्शन, सडक नाटक</td><td>माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (५००)</td></tr>
<tr><td>अन्तरक्रिया</td><td>माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (५०)</td></tr>
<tr><td>रूपन्देही</td><td>अभिमूखीकण</td><td>माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (९४)</td></tr>
<tr><td>बाँके</td><td>जिल्ला स्तरीय अन्तरक्रिया</td><td>माइती नेपालको संयोजनमा स्थानीय तह विभिन्न संघसंस्था (२४)</td></tr>
<tr><td rowspan="4">बर्दिया</td><td>नेपाल-भारत सीमानाकामा सचेतनामूलक ब्यानर, पोष्टर पम्प्लेट, पर्चा वितरण</td><td>माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२०००)</td></tr>
<tr><td>ब्यानर सहित दिप प्रज्वलन</td><td>माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था र स्थानीय समुदाय (२००)</td></tr>
<tr><td>हस्ताक्षर सङ्कलन</td><td>माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२००)</td></tr>
<tr><td>सडक नाटक प्रदर्शन तौर तरिका, कारण, भूमिका बारे सचेतना</td><td>माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२००)</td></tr>
</table>

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| | वडा स्तरीय र्‍याली, अन्तरक्रिया | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२४३) |
| | नारा, र्‍याली | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (३००) |
| कैलाली | लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा अन्तरक्रिया | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (१२५) |
| | र्‍याली, अन्तरक्रिया, हेल्प डेस्क | माइती नेपालको संयोजनममा विभिन्न संघसंस्था (१०५०) |
| कञ्चनपुर | पर्चा पम्प्लेट वितरण, विद्यार्थीहरूलाई कानूनी अनुशिक्षण, दीप प्रज्वोलन, | माइती नेपालको संयोजनमा विद्यार्थी, विभिन्न संघसंस्था तथा स्थानीय जनसमुदाय (१४११) |
| कास्की | सचेतना र्‍याली, अन्तरसंबाद | कोपिला नेपालको संयोजनमा विभिन्न संघसंस्था |
| हेटौडा | प्रचारप्रसार, गीति नाटक प्रदर्शन, समुदाय अभिमूखीकरण, कक्षा स्तरी वक्तृत्वकला र अन्तरक्रिया कार्यक्रम, दिप प्रज्ज्वलन कार्यक्रम | हिरण्य नेपालको संयोजनमा विभिन्न संघसंस्था (११७९) |
| ४. अन्य | | |
| झापा काँकडभिट्टा | जातिय विभेद तथा छुवाछुत विरुद्ध राष्ट्रिय दिवसको र्‍याली | माइती नेपालको संयोजनमा स्थानीय समुदाय (६५०) |

**१. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते)**

| जिल्ला/स्थान | कार्यक्रम | संयोजन/सहभागिता |
|---|---|---|
| काठमाडौं | बिश्व एड्स दिवसमा सन्ध्याकालिन दिप प्रज्वलन, जनचेतनामूलक पर्चा समाग्री बितरण | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (७४५) |
| | अन्तराष्ट्रिय आप्रवासन दिवसको अवसरमा काठमाण्डौंबाट बिभिन्न स्थानहरूमा जाने सवारी साधनहरूमा यात्रा गरिरहेका महिला किशोरी तथा पुरुषहरूलाई आप्रावासनसम्बन्धी जनचेतनामूलक पर्चा बितरण | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (४३०) |
| | माइती नेपालको स्थापना दिवसको अवसरमा बस, माइक्रो बस, ट्याक्सीहरूमा यात्रा गर्ने महिला किशोरी तथा पुरुषहरूलाई सचेतनामूलक IEC materials वितरण | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (४५६) |
| काठमाडौं | बाल दिवस | शक्ति समूह लगायतका संघसंस्था (५००) |
| ललितपुर | बाल श्रम विरुद्ध विश्व दिवस ललितपुर बालश्रमका लागि नीति तथा कार्यक्रम कार्यशाला | एटविन र संयुक्त आयोजक ललितपुर महानगरपालिका तथा विभिन्न संघसंस्था |
| हेटौडा | राष्ट्रिय बाल दिवसको अवसरमा विद्यार्थी अभिमूखीकरण कार्यक्रम | हिरण्य नेपालको संयोजनमा विभिन्न संघसंस्था (५०) |
| मोरङ | बाल दिवसको अवसरमा स्टल राखी परामर्श, | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (४६०४) |
| | एच आइ भि एडस दिवसको अवसरमा दिप प्रज्वलन, | |

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| | अन्तर्राष्ट्रिय मानव अधिकार दिवसमा प्रभाफेरी, | |
| | अन्तर्राष्ट्रिय आप्रवासन दिवसमा प्रचार प्रसार सामाग्री वितरण, | |
| | नेपाल भारत सीमानकामा प्रचारप्रसार | |
| सुनसरी | एच. आइ. भि. एडस दिवसको अवसरमा प्रभात फेरी, पोषण खाधन्न वितरण, दिप प्रज्वोलन, सप्ताहव्यापी व्यानर प्रर्दशन, मानव बेचबिखन सम्बन्धी ५०० वटा व्रुसर, प्रचार,पम्पलेट वितरण | माइती नेपालको संयोजनमा स्थानीय तह र समुदाय (६८२) |
| हेटौडा | विश्व एड्स दिवसको अवसरमा र्‍याली, सडक नाटक, गीति नाटक र प्रचारप्रसार | हिरण्य नेपालको संयोजनमा विभिन्न संघसंस्था (४५०) |
| धनुषा | एच. आइ. भि. एडस दिवमा दिप प्रज्वलन, | माइती नेपालको संयोजनमा स्थनीय तह र समुदाय (६५०) |
| | अन्तर्राष्ट्रिय आप्रवासन दिवस | |
| | माइती नेपालको वर्षिक उत्सवको अवसरमा जनचेतनामूलक पोस्टर पम्पलेट वितरण र परामर्श, द्धन्दमा हुने यौनजन्य हिंसा विरूद्ध अन्तर्राष्ट्रिय दिवसमा दिप प्रज्वलन | |

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| जिल्ला/स्थान | कार्यक्रम | संयोजन/सहभागिता |
| पर्सा | राष्ट्रिय बाल दिवसमा र्‍याली तथा कोणसभा | माइती नेपालको संयोजनमा (५६०) |
| | एच. आइ. भि. एडस दिवसमा दिप प्रज्वलन | |
| | अन्तर्राष्ट्रिय आप्रावासन दिवसमा चेतनामूलक ब्रोसर वितरण तथा स्टिकर टाँस कार्यक्रम | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (४०) |
| काभ्रे | अन्तर्राष्ट्रिय आप्रवासी दिवसको अवसरमा अरनिको राजमार्ग हुँदै ग्रामिण क्षेत्रमा जाने यात्रुहरूलाई मानब बेचबिखन र आप्रवासनसम्बन्धी जानकारी, हाते पुस्तिका पर्चा पम्पेलट बितरण तथा घरदैलो | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (३२) |
| रसुवा | बाल दिवसको अवसरमा खेलको माध्यमबाट सचेतना | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (७५) |
| मकवानपुर | बाल दिवसको अवसरमा विधार्थीहरूलाई अभिमूखीकरण | माइती नेपालको संयोजनमा विद्यार्थी (५०) |
| | एच. आइ. भि. एडस दिवसको अवसरमा र्‍याली, सडक नाटक, गिति नाटक, प्रचार प्रसार | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (४५०) |
| चितवन | एच. आइ. भि. एडस स्मृति दिवसमा मैनबत्ती प्रज्वलन | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२००) |

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| रूपन्देही | दीप प्रज्वलन | माइती नेपालको संयोजनमा स्थानीय तह र समुदाय (३६) |
| | माइती नेपालको ३२ औं स्थापना दिवसमा प्रर्चा पम्प्लेट वितरण | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (९८) |
| बाँके | अन्तर्राष्ट्रिय आप्रवासन दिवसमा नेपाल-भारत सीमानाकामा पम्प्लेट, पोष्टर, सचेतनामूलक ब्यानर प्रदर्शन | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (३६०) |
| | माइती नेपालको स्थापना दिवसमा नेपाल-भारत सीमानाकामा सन्देशमूलक व्यानर, सडक नाटक, पोष्टर पम्प्लेट प्रदर्शन | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (५००) |
| | विविध साँस्कृतिक, सडक नाटक प्रदर्शन | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (३७०) |
| बर्दिया | राष्ट्रिय बाल दिवसको अवसरमा अन्तरक्रिया | माइती नेपालको संयोजनमा शिक्षक तथा विद्यार्थी (९०) |
| | एच. आइ. भि. एडस दिवसको अवसरमा दीप प्रज्वलन | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (२५०) |
| | सन्देशमूलक ब्यानर प्रदर्शन | माइती नेपालको संयोजनमा यात्रारत मानिसहरू, स्थानीय समुदाय, युवा र विद्यार्थी (२०००) |
| कैलाली | एच. आइ. भि. एडस दिवसको अवसरमा दीप प्रज्वलन | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (४०) |
| | माइती नेपालको ३१औं बार्षकोत्सवको अवसरमा अन्तरक्रिया | माइती नेपालको संयोजनमा वडा अध्यक्ष, गौरीफंन्टाका प्रमुख, त्रिनगर प्रहरी प्रमुख, सीमामा कार्यरत सरोकारवाला भारतीय र सरकारी तथा गैसस (२१) |

| १. मानव बेचबिखन विरूद्धको १७ औँ राष्ट्रिय दिवस (२०८० भदौ २० गते) | | |
|---|---|---|
| **जिल्ला/स्थान** | **कार्यक्रम** | **संयोजन/सहभागिता** |
| कञ्चनपुर | अन्तर्राष्ट्रिय आप्रवासन दिवसको अवसरमा ब्यानर प्रदर्शन, पर्चा पम्प्लेट वितरण, घरदैलो | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (५००) |
| | माइती नेपालको बार्षिकोत्सबको अवसरमा पर्चा पम्प्लेट वितरण, घरदैलो | माइती नेपालको संयोजनमा विभिन्न संघसंस्था (३५०) |
| काठमाडौं | विश्व सामाजिक मञ्चमा सहभागी र प्यानल छलफल, गित, डान्स प्रस्तुत | विश्वास नेपालको संयोजनमा विभिन्न संघसंस्था (७००) |
| कास्की | बाल दिवसको अवसरमा सचेतनामूलक अन्तरक्रिया, कविता वाचन, ऱ्याली | कोपिला नेपालको संयोजनमा विभिन्न संघसंस्था |
| | आत्महत्या रोकथाम दिवसको अवसरमा सचेतनामूलक अन्तरक्रिया, ऱ्याली | |
| | मानसिक स्वास्थ्य दिवसको अवसरमा सचेतनामूलक अन्तरक्रिया, ऱ्याली | |
| | अपाङ्गता दिवसको अवसरमा ऱ्याली अन्तरक्रिया, सहयोगी सामग्री सहयोग | |
| | मानवअधिकार दिवसको अवसरमा ऱ्याली, अन्तरक्रिया | |
| मकवानपुर | अन्तर्राष्ट्रिय आप्रवासी दिवसको अवसरमा अन्तरक्रिया | नारी सीप सृजना केन्द्रको संयोजनमा विभिन्न संघसंस्था (२९) |
| काठमाडौं | बाल दिवसको अवसरमा नीति तथा कार्यक्रम कार्यशाला | एटविनको संयोजनमा ललितपुर महानगरपालिका र विभिन्न सघसंस्था |

सो तालिकामा प्रस्तुत गरिएका केही कार्यक्रमहरूको आयोजना महिला, बालबालिका ज्येष्ठ नागरिक मन्त्रालय लगायत अन्य सरकारी निकायले गरेको देखिन्छ भने कतिपय क्रियाकलापहरूको संयोजन गैरसरकारी संघसंस्थाहरूको तर्फबाट भएको छ। यद्यपि, ती कार्यक्रमहरू नेपाल सरकारका अधिकार प्राप्त निकाय/अधिकारीको सहयोग, समन्वय र सहभागितामा सञ्चालन गरिएका छन् र स्थानीय तह, जिल्ला स्थित सरकारी निकाय, सरकारी तथा सामुदायिक विद्यालयहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्नता र सहयोग रहेको छ। मानव बेचबिखन विरूद्धको १७औं राष्ट्रिय दिवस मनाउने कार्यक्रममा प्रत्यक्ष रूपमा सहभागी हुने महिला, पुरुषको कुल संख्या १०,५५० रहेको छ भने अन्तर्राष्ट्रिय महिला दिवस लगायत अन्य दिवसीय कार्यक्रमहरूमा सहभागीको कुल संख्या ३४,९०० रहेको छ। तालिकामा कोष्ट भित्र देखाइएको अङ्क कार्यक्रममा प्रत्यक्ष रूपमा सहभागी भएका व्यक्तिहरूको हो।

## ३.४ सुरक्षित आप्रवासन कार्यक्रम

वैदेशिक रोजगारीको आवरणमा हुने मानव तस्करी र मानव बेचबिखनको जोखिमलाई न्यूनीकरण गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सुरक्षित आप्रवासन कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरिरहेको छ। वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित, व्यवस्थित एवम् उपलब्धिमूलक बनाउने उद्देश्यले नेपाल सरकार र स्वीटजरल्याण्ड सरकारबीच द्विपक्षीय सम्झौता भई संघ, प्रदेश र स्थानीय सरकारको समन्वय, सहकार्य र साझेदारीमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा छ। सन् २०११ मा शुरू भएको कार्यक्रम नोभेम्बर २६, २०२४ देखि कार्यन्वयनको चौथो चरणमा प्रवेश गरेको छ। गुणस्तरीय सूचनामा पहुँच तथा परामर्श, न्यायमा पहुँच, कानूनी सहयोग, मनोसामाजिक परामर्श सहयोग, वित्तीय साक्षरता र सीप विकास तालिममा सहयोग यस कार्यक्रमको मुख्य सेवाका रूपमा रहेका छन्। तीनै तहका सरकारहरूको नेतृत्वमा संचालित यो कार्यक्रमले सन् २०२८ सम्ममा देशका ७५३ स्थानीय तहमा पुग्ने उद्देश्य लिएको छ। नेपाली आप्रवासी कामदार र उनीहरूका परिवारलाई राज्य संयन्त्रबाट संरक्षण गरी सुरक्षित तथा मर्यादित कार्य वातावरणबाट लाभान्वित बनाउने लक्ष्यका साथ सञ्चालित यो कार्यक्रमको गुणस्तरीयता तथा प्रभावकारिता अभिवृद्धिका निम्ति स्वीस सरकार विकास सहयोग (एसडीसी) को तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ।

परिच्छेद ४

# पीडित/प्रभावितको संरक्षण

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरुको संरक्षणका लागि नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गृह मन्त्रालय, नेपाल प्रहरी, परराष्ट्र मन्त्रालय, विदेशस्थित कुटनीतिक नियोग तथा गैर सरकारी संस्थाहरुसंगको समन्वय र सहकार्यमा निरन्तर कार्य गरिरहेको छ। आ. व. २०८०/८१ मा यस मन्त्रालय, नेपाल प्रहरी लगायत विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाहरूबाट मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएका व्यक्तिहरूलाई संरक्षण सेवा प्रदान गर्ने सिलसिलामा सम्पादन भएका क्रियाकलापहरू देहाय अनुसार छन्ः

## ४.१ पहिचान, उद्धार तथा फिर्ति

मानव बेचबिनखनबाट पीडित/प्रभावित भएका व्यक्तिहरूको पहिचान गरी उद्धार गर्ने नेपाल सरकारको जिम्मेवारी अनुरूप आ.व. २०८०/८१ मा विभिन्न प्रयासहरू गरिए। यस वर्षमा नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट प्राप्त जानकारी अनुसार देश भित्र र भारत लगायत अन्य देशबाट समेत उद्धार गरिएका छन्। नेपाल सरकारको समन्वयमा विभिन्न जिल्लाहरूमा सञ्चालित पुनर्स्थापना केन्द्र र सहयोगी संघसंस्थाहरूले महिला र किशोरीहरूको उद्धार र पुनर्स्थापना गरेका छन्। नेपाल-भारत सीमा नाका र देशका विभिन्न चेक प्वाइन्टहरूमा तैनाथ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा सूचना केन्द्र सञ्चालन गर्ने संघसंस्थाहरूको सहयोगमा मानव बेचिबखनको जोखिममा रहेका महिला, बालिका, पुरुष र बालकहरू समेत सयौंको संख्यामा प्रारम्भिक पहिचान गरी उद्धार, फिर्ति र पारिवारिक पुनर्मिलन गरिएको छ ।

### नेपाल प्रहरीबाट उद्धार र फिर्ति

नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट प्राप्त विवरण अनुसार यो आ.व. मा नेपाल प्रहरीको अगुवाईमा १२७ जना पीडित/प्रभावितहरूको उद्धार भएको छ। ती मध्ये महिला ७१ जना (५६ प्रतिशत), बालिका ४७ जना (३७ प्रतिशत) र पुरुष ९ जना (७ प्रतिशत) छन्। यस प्रकार यो तथ्याङ्कका आधारमा नेपालमा बेचबिखनमा परेका वा जोखिममा रहेका मध्ये ९३ प्रतिशत महिला र बालिका रहेको पुष्टि हुन्छ। यस सम्बन्धी विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१ आ.व. २०८०/८१ मा नेपाल प्रहरीद्वारा विभिन्न स्थानबाट उद्धार गरिएका पीडित/प्रभावितहरूको संख्या**

| क्र सं | स्थान | महिला | बालिका | पुरुष | बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नेपाल भित्र विभिन्न स्थानबाट | २९ | ३३ | - | - | ६२ |
| २ | नेपाल-भारत सीमा नाकाबाट | १९ | १० | - | - | २९ |
| ३ | भारतका विभिन्न स्थानबाट | ९ | ४ | - | - | १३ |
| ४ | भारत बाहेकका अन्य विदेशी मुलुकबाट | १४ | - | ९ | - | २३ |
| | जम्मा | ७१ | ४७ | ९ | - | १२७ |

*स्रोतः नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरो*

नेपाल प्रहरीबाट नेपाल भित्र मानव बेचबिखनका पीडित/प्रभावितहरूको उद्धारसम्बन्धी कार्य प्रायः शहरी क्षेत्रमा होटेल, खाजा घर, रेष्टुराँ, बार लगायतका स्थानबाट हुने गरेको छ भने उद्धार गरिएका ६२ जना मध्ये सबैभन्दा धेरै संख्यामा महिला र बालिका नै छन्। यसरी उद्धार गरिएका मध्ये काठमाडौं उपत्यकाबाट ३० जना (४८.४ प्रतिशत) छन् भने अन्य जिल्लाहरूबाट ३२ जना (५१.६ प्रतिशत) छन्। काठमाडौं उपत्यकामा उद्धार गरिएका ३० जना मध्ये २० जनाको मानव बेचबिखन ब्यूरोबाट उद्धार गरिएको छ। यस सम्बन्धी विवरण तालिका ४.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२ आ.व. २०८०/८१ मानव बेचबिखन अनुसन्धान ब्यूरो र अन्य प्रहरी कार्यालयद्वारा नेपाल भित्र विभिन्न जिल्लाहरूबाट उद्धार र फिर्ति गरिएका पीडित/प्रभावितहरूको संख्या**

| क्र सं | जिल्ला | संख्या | | | | | प्रहरी कार्यालयको संलग्नता |
|---|---|---|---|---|---|---|---|
| | | महिला | बालिका | पुरुष | बालक | जम्मा | |
| १ | उदयपुर | ० | १ | ० | ० | १ | अन्य प्रहरी निकाय |
| २ | सप्तरी | ५ | ० | ० | ० | ५ | |
| ३ | महोत्तरी | २ | ० | ० | ० | २ | |
| ४ | सिन्धुली | १ | ० | ० | ० | १ | |
| ५ | काभ्रेपलान्चोक | २ | ० | ० | ० | २ | |
| ६ | काठमाडौं | ३ | १४ | ० | ० | १७ | मानव बेचबिखन अनुसन्धान ब्यूरो |
| | | ५ | ५ | ० | ० | १० | अन्य प्रहरी निकाय |

| क्र सं | जिल्ला | संख्या | | | | | प्रहरी कार्यालयको संलग्नता |
|---|---|---|---|---|---|---|---|
| | | महिला | बालिका | पुरुष | बालक | जम्मा | |
| ७ | ललितपुर | ० | १ | ० | ० | १ | मानव बेचबिखन अनुसन्धान ब्यूरो |
| ८ | भक्तपुर | ० | २ | ० | ० | २ | मानव बेचबिखन अनुसन्धान ब्यूरो |
| ९ | नुवाकोट | ० | १ | ० | ० | १ | अन्य प्रहरी निकाय |
| १० | चितवन | १ | २ | ० | ० | ३ | |
| ११ | तनहुँ | ० | १ | ० | ० | १ | |
| १२ | कास्की | ४ | ३ | ० | ० | ७ | |
| १३ | बाग्लुङ | १ | ० | ० | ० | १ | |
| १४ | नवलपरासी पश्चिम | १ | १ | ० | ० | २ | |
| १५ | कपिलवस्तु | ० | १ | ० | ० | १ | |
| १६ | बाँके | ३ | १ | ० | ० | ४ | |
| १७ | हुम्ला | १ | ० | ० | ० | १ | |
| | जम्मा | २९ | ३३ | ० | ० | ६२ | |

*स्रोतः नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरो*

नेपाल प्रहरीद्वारा आ.व. २०८०/८१ मा नेपाल-भारत सीमाक्षेत्रका विभिन्न नाकाहरूबाट उद्धार र फिर्ति गरिएका महिला १९ र बालिका १० गरी २९ जना छन्। उद्धार गरिएको सीमा नाका र तिनीहरूको संख्या सहितको विवरण तालिका ४.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.३ आ.व. २०८०/८१ नेपाल प्रहरी कार्यालयद्वारा नेपाल-भारत सीमा नाकाहरूबाट उद्धार र फिर्ति गरिएका पीडित/प्रभावितहरूको संख्या**

| क्र. सं. | सीमा नाका/जिल्ला | महिला | बालिका | पुरुष | बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | पशुपतिनगर नाका, इलाम | ५ | - | - | - | ५ |
| २ | जोगवनी नाका, मोरङ | - | २ | - | - | २ |
| ३ | नेपाल-भारत सीमा नाका, धनुषा | - | १ | - | - | १ |
| ४ | गौर नाका, रौतहट | १ | - | - | - | १ |

| क्र. सं. | सीमा नाका/जिल्ला | महिला | बालिका | पुरुष | बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| ५ | बेलहीया नाका, रूपन्देही | ३ | - | - | - | ३ |
| ६ | सुनौली नाका, रूपन्देही | १ | - | - | - | १ |
| | कृष्णनगर नाका, कपिलबस्तु | २ | - | - | - | २ |
| ७ | कोइलाबास सीमा, दाङ | - | १ | - | - | १ |
| ८ | जमुनाहा नाका, नेपालगञ्ज | १ | ४ | - | - | ५ |
| ९ | गुलरिया नाका, बर्दिया | २ | - | - | - | २ |
| १० | त्रिनगर नाका, कैलाली | २ | - | - | - | २ |
| ११ | गड्डाचौकी नाका, कञ्चनपुर | २ | २ | - | - | ४ |
| जम्मा | | १९ | १० | - | - | २९ |
| *स्रोतः नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्युरो* | | | | | | |

आ.व. २०८०/८१ मा भारतका विभिन्न शहरहरूबाट नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोद्वारा उद्धार गरिएका पीडित/प्रभावितको संख्या ६ रहेको छ भने अन्य प्रहरी कार्यालयबाट उद्धार गरिएका पीडित/प्रभावितको संख्या ७ रहेको छ। सो सम्बन्धी विवरण तालिका नं. ४.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.४ आ. व. २०८०/८१ मा भारतका विभिन्न शहरबाट उद्धार गरिएका पीडित/प्रभावितको संख्या**

| क्र. सं. | स्थान/शहर | महिला | बालिका | पुरुष | बालक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भारतको नयाँ दिल्ली | २ | २ | - | - | ४ | • अनुसन्धान ब्युरो - महिला २<br>• अन्य प्रहरी कार्यालय - बालिका २ |
| २ | भारतको नयाँ दिल्ली किसनगञ्ज | ४ | - | - | - | ४ | • अनुसन्धान ब्युरो |
| ३ | भारतको तमिलनाडु, त्रिपुरा | १ | १ | - | - | २ | • अन्य प्रहरी कार्यालय |
| ४ | भारतको राजस्थान | १ | - | - | - | १ | • अन्य प्रहरी कार्यालय |

| क्र. सं. | स्थान/शहर | महिला | बालिका | पुरुष | बालक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५ | भारतका अन्य शहर (नखुलेको) | १ | १ | - | - | २ | • अन्य प्रहरी कार्यालय |
| जम्मा | | ९ | ४ | - | - | १३ | |
| *स्रोतः नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्युरो* | | | | | | | |

आ.व. २०८०/८१ मा नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्युरोद्वारा भारत बाहेक अन्य विदेशी मुलुकबाट उद्धार गरिएका पीडित/प्रभावितको संख्या २५ रहेको छ। ती मध्ये कुवेतबाट ९ जना महिला र म्यानमारबाट ९ जना पुरुष छन् भने ओमनबाट ३ महिला, इराकबाट २ महिला र चिन तथा यु ए इ बाट १/१ जना महिला रहेको छ। यस सम्बन्धी विवरण तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.५ आ. व. २०८०/८१ मा भारत बाहेक अन्य विदेशी मुलुकबाट मानव बेचबिखन अनुसन्धान ब्युरोद्धार उद्धार गरिएका पीडित/प्रभावितको संख्या**

| क्र. सं. | स्थान/मुलुक | महिला | बालिका | पुरुष | बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | इराक | २ | - | - | - | २ |
| २ | ओमन | ३ | - | - | - | ३ |
| ३ | कुवेत | ९ | - | - | - | ९ |
| ४ | चिन | १ | - | - | - | १ |
| ५ | यु ए ई | १ | - | - | - | १ |
| ६ | म्यानमार | - | - | ९ | - | ९ |
| जम्मा | | १६ | - | ९ | - | २५ |
| *स्रोतः नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्युरो* | | | | | | |

## पुनर्स्थापना केन्द्र तथा सहयोगी संघसंस्थाहरूको प्रयास

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा १० वटा जिल्लामा रहेका पुनर्स्थापना केन्द्रहरू मार्फत ७५८ जना र अन्य विभिन्न संघसंस्थाहरू मार्फत २,७३२ जना गरी जम्मा ३,४९० जना पीडित/प्रभावितको उद्धार र पुनर्स्थापना गरिएको छ। उद्धार गरिएका पीडित/प्रभावितको संख्या जिल्लागत र मासिक रूपमा तालिका ४.६ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.६ आ.व.२०८०/८१ मा पुनर्स्थापना केन्द्र तथा संघसंस्थाहरूको पहलमा उद्धार र फिर्ति गरिएका पीडित/प्रभावितको संख्या**

| जिल्ला / महिना | झापा | पर्सा | चितवन | काठमाडौं | सिन्धुपाल्चोक | कास्की | रूपन्देही | बाँके | कैलाली | सुर्खेत | पुनर्स्थापना केन्द्रको जम्मा | अन्य संघसंस्था | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साउन २०८० | २० | ३५ | ० | ७ | २ | २ | ३५ | ६ | ० | २ | १०९ | २५५ | ३६४ |
| भदौ | १० | १७ | ० | ७ | १ | ३ | ७ | ९ | ० | ० | ५४ | २१९ | २७३ |
| असोज | ५ | १२ | ० | ७ | ० | २ | ११ | २१ | ० | ३ | ६१ | ० | ६१ |
| कार्तिक | ९ | ४ | ० | ८ | ४ | १ | ९ | ३ | ० | १ | ३९ | २०६ | २४५ |
| मंसिर | ५ | ५ | ० | ८ | ० | ० | २१ | ८ | ० | १ | ४८ | २८७ | ३३५ |
| पुस | १५ | ९ | ० | ० | ३ | २ | २८ | ६ | ० | ७ | ७० | २४३ | ३१३ |
| माघ | १६ | ९ | ० | ० | ० | ७ | १७ | ७ | ० | ५ | ६१ | २४० | ३०१ |
| फागुन | २१ | १६ | ० | ० | ० | ३ | ८ | ३ | ० | ९ | ६० | २८१ | ३४१ |
| चैत | १४ | ११ | २ | ० | १ | ८ | ११ | ११ | ० | ४ | ६२ | २९२ | ३५४ |
| बैसाख २०८१ | १६ | १२ | ० | २ | ५ | ३ | १२ | ० | ० | ० | ५० | ३३० | ३८० |
| जेठ | २३ | २२ | ० | ० | २ | २ | ११ | ४ | ० | ५ | ६९ | ३७९ | ४४८ |
| असार | ९ | १० | २ | ० | २ | ० | ० | २० | ० | ३२ | ७५ | ० | ७५ |
| जम्मा | १६३ | १६२ | ४ | ३९ | २० | ३३ | १७० | ९८ | ० | ६९ | ७५८ | २७३२ | ३४९० |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालमा पुनर्स्थापना केन्द्रहरू सञ्चालन गर्ने संस्थाहरूबाट विभिन्न मितिमा प्राप्त विवरण।*

चित्र नं. ४.१: आ.व. २०८०/८१ मा १० जिल्लाका पुनर्स्थापना केन्द्रहरू मार्फत उद्धार र पुनर्स्थापना गरिएका पीडित/प्रभावितहरूको संख्या




माथि उल्लेखित तालिका नं. ४.६ मा प्रस्तुत गरिएको पुनर्स्थापना केन्द्रको तथ्याङ्कलाई मात्र विश्लेषण गर्दा जिल्लागत रूपमा आ.व. २०८०/८१ मा सबैभन्दा बढी रूपन्देहीमा १७० जना, झापा १६३, पर्सा १६२, बाँके ९८, सुर्खेत ६९, काठमाडौं ३९, कास्की ३३, सिन्धुपाल्चोक २० र चितवन मा ४ जना पीडित/प्रभावितहरूको उद्धार

तथा पुनर्स्थापना भएको देखिन्छ। यस सम्बन्धी थप विवरण चित्र नं. ४.१ मा प्रस्तुत गरिएको छ। कैलालीको सन्दर्भमा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्था सृजनशील समाज कोभिड १९ पछि निष्कृय भएकोले तथ्याङ्क प्राप्त हुन सकेको छैन। मासिक रूपमा प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा सबै भन्दा बढी २०८० साउनमा पुनर्स्थापना केन्द्रहरूबाट १०९ जना पीडित/प्रभावितको उद्धार तथा पुनर्स्थापना गरिनुका साथै २०८१ बैशाख र जेठमा संघसंस्थाहरूबाट क्रमशः ३३० र ३७९ जना पीडित/प्रभावितको उद्धार तथा पुनर्स्थापना भएको देखिन्छ। यस सम्बन्धी थप विवरण चित्र नं. ४.२ मा प्रस्तुत गरिएको छ।

चित्र नं. ४.२:आ.व. २०८०/८१ मा पुनर्स्थापना केन्द्र र सहयोगी संघसंस्थाहरूबाट उद्धार र फिर्ति गरिएका पीडित/प्रभावितको महिनावारी संख्या




**नेपाल-भारत सीमा नाका र अन्य चेकप्वाइन्टबाट प्रारम्भिक पहिचान, उद्धार, र पारिवारिक पुनर्मिलन**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा माइती नेपाल, आफन्त नेपाल र शक्ति समूहबाट उपलब्ध गराइएको तथ्याङ्क अनुसार आ.व. २०८०/८१ मा नेपाल-भारत सीमानाका र अन्य स्थानमा रहेका सूचना केन्द्र मार्फत सीमा सुरक्षा तथा चेक प्वाइन्टमा कार्यरत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतका निकायहरूको सहयोगमा समेत मानव बेचबिखन तथा ओसारपसारका लागि जोखिम भनी प्रारम्भिक पहिचान गरी उद्धार र फिर्ति गरिएका महिला २,७६६ जना (६४.३ प्रतिशत), बालिका १,४३६ जना (३३.४ प्रतिशत), पुरुष १५ जना (०.४ प्रतिशत) र बालक ८३ जना (१.९ प्रतिशत) गरी जम्मा ४,३०० जना रहेका छन्। यसका साथै ती सूचना केन्द्रहरूले कुल ७७,६८३ जना (महिला ३०१४१, बालिका १९१५९, पुरुष १९०२, बालक २८३ र नखुलेको २६१९८ जना) लाई मानव बेचबिखन तथा मानव तस्करीका विरूद्धमा र सुरक्षित आप्रवासन सम्बन्धमा परामर्श सेवा प्रदान गरेको देखिन्छ। यस सम्बन्धी विवरण चित्र नं. ४.३, ४. ४ र तालिका ४.७ प्रस्तुत गरिएको छ।

चित्र नं. ४.३ आ.व. २०८०/८१ मा संघसंस्थाहरूद्वारा नेपाल-भारत सीमा नाकाबाट प्रारम्भिक पहिचान गरी फिर्ति गरिएका जोखिम समूहको प्रतिशत




चित्र नं. ४.४ आ. व. २०८०/८१ मा संघसंस्थाहरूद्वारा नेपाल-भारत सीमा नाकामा परामर्श प्रदान गरिएका जोखिम समूहको प्रतिशत



**तालिका नं. ४.७: आ.व.२०८०/८१ मा सीमा क्षेत्रमा सूचना केन्द्र सञ्चालन गरिरहेका संस्था र ती केन्द्रहरूबाट प्रारम्भिक पहिचान, उद्धार एवम् परामर्श प्रदान गरिएका व्यक्तिहरूको संख्या**

| क्र. सं. | सूचना केन्द्र रहेको स्थान/ जिल्ला | उद्धार/फिर्ति गरिएका प्रभावितको संख्या | | | | | परामर्श दिइएको प्रभावितको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | बालिका | बालक | जम्मा | महिला | पुरुष | बालिका | बालक | जम्मा |
| क) माइती नेपाल | | | | | | | | | | | |
| १ | पशुपतिनगर, इलाम | १६९ | ० | १२३ | १५ | ३०७ | ८१२ | ० | २०० | १५ | १०२७ |
| २ | कांकडभित्ता, झापा | ८० | ० | ५४ | ३१ | १६५ | ८० | ० | ५५ | ३१ | १६६ |
| ३ | रानी बिराटनगर, मोरङ सीमानाकाबाट | १७० | ० | ५० | ० | २२० | १७० | ० | ५० | ० | २२० |
| | भारतबाट | ० | ० | २ | ० | २ | ० | ० | २ | ० | २ |
| ४ | जनकपुरधाम, धनुषा | २१ | ० | २४ | ० | ४५ | ४५ | ० | ३२ | ० | ७७ |
| ५ | विरगञ्ज नाका शंकराचार्य गेट, पर्सा | १२४ | ० | ३६ | २ | १६२ | १२४ | ० | ३६ | २ | १६२ |
| ६ | काभ्रेभञ्ज्याङ धुलीखेल, काभ्रे | १२ | ० | ९ | ० | २१ | ४२३ | ० | १०८ | ० | ५३१ |
| ७ | चन्द्रागिरी चेक प्वाईन्ट | ७८ | ० | ३४ | ० | ११२ | ० | ० | ० | ० | ० |
| ८ | रसुवा | ० | ० | १२० | ० | १२० | १४९९ | ० | ० | ० | १४९९ |
| ९ | बेलहिया नाका, रूपन्देही | १५१ | ० | २७ | ० | १७८ | १५१ | ० | २७ | ० | १७८ |
| १० | जमुनाहा नाका, बाँके | ३२१ | ० | १९४ | ११ | ५२६ | १४३५ | ० | ११५० | ४८ | २६३३ |
| ११ | गुलरीया, मधुवन र बढैयाताल, बर्दिया | ११० | ० | २१९ | ११ | ३४० | ११० | ० | २१९ | ११ | ३४० |
| १२ | टिकापुर, कैलाली | २५ | ० | ० | ० | २५ | ३१७५ | १९०० | ३७६३ | १५० | ८९८८ |
| | गौरीफन्टा नाका, कैलाली | ९० | ० | ३४ | ० | १२४ | ४६४२ | ० | ३९५६ | ० | ८५९८ |

| क्र. सं. | सूचना केन्द्र रहेको स्थान/ जिल्ला | उद्दार/फिर्ति गरिएका प्रभावितको संख्या | | | | | परामर्श दिइएको प्रभावितको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | बालिका | बालक | जम्मा | महिला | पुरुष | बालिका | बालक | जम्मा |
| १३ | गड्डाचौकी, कञ्चनपुर | १०३ | ० | ६६ | ० | १६९ | नखुलेको | | | | २६१९८ |
| | जम्मा | १४५४ | ० | ९९२ | ७० | २५१६ | १२६६६ | १९०० | ९५९८ | २५७ | ५०६१९ |
| **ख) आफन्त नेपाल** | | | | | | | | | | | |
| १ | मेचीनगर नगरपालिका, झापा | ७६ | ० | ३३ | ७ | ११६ | १९०१ | ० | ६२४ | १५ | २५४० |
| २ | विराटनगर महानगरपालिका, मोरङ | ५५ | ० | ३२ | ० | ८७ | १८४२ | ० | ९५२ | ० | २७९४ |
| ३ | जनकपुरधाम उप-महानगरपालिका, धनुषा | ७७ | ० | ५१ | ० | १२८ | ४९४ | ० | ३९९ | ० | ८९३ |
| ४ | बिरगंज महानगरपालिका, पर्सा | ७६ | ० | ५६ | ० | १३२ | २१८६ | ० | १०२१ | ० | ३२०७ |
| ५ | जलेश्वर नगरपालिका, महोत्तरी | ६ | ० | १४ | ० | २० | ६१ | ० | ६७ | ० | १२८ |
| ६ | माडी नगरपालिका, चितवन | १४ | ० | १९ | ० | ३३ | १३३१ | ० | ० | ० | १३३१ |
| ७ | सिदार्थनगर नगरपालिका, रूपन्देही | ८५ | ० | ७० | ० | १५५ | २७८० | ० | १८५८ | ० | ४६३८ |
| ८ | पाल्हीनन्दन गाउँपालिका, नवलपरासी | २८ | ० | २४ | ० | ५२ | ६६८ | ० | ३३४ | ० | १००२ |
| ९ | कृष्णनगर नगरपालिका कपिलवस्तु | ८४ | ० | ५४ | ६ | १४४ | २५६८ | ० | २१५५ | ४ | ४७२७ |

| क्र. सं. | सूचना केन्द्र रहेको स्थान/ जिल्ला | उद्दार/फिर्ति गरिएका प्रभावितको संख्या | | | | | परामर्श दिइएको प्रभावितको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | बालिका | बालक | जम्मा | महिला | पुरुष | बालिका | बालक | जम्मा |
| १० | नेपालगञ्ज उपमहानगरपालिका, बाँके | ८६ | २ | ६८ | ० | १५६ | १७३२ | २ | १४२१ | ० | ३१५५ |
| ११ | भीमदत्त नगरपालिका, कञ्चनपुर | ४७ | ० | २३ | ० | ७० | १२३४ | ० | ७३० | ७ | १९७१ |
| | जम्मा | ६३४ | २ | ४४४ | १३ | १०९३ | १६७९७ | २ | ९५६१ | २६ | २६३८६ |
| ग) शक्ति समूह | | | | | | | | | | | |
| १ | काठमाडौं र बाँके | ६७८ | १३ | ० | ० | ६९१ | ६७८ | ० | ० | ० | ६७८ |
| | जम्मा | ६७८ | १३ | ० | ० | ६९१ | ६७८ | ० | ० | ० | ६७८ |
| | कुल जम्मा | २७६६ | १५ | १४३६ | ८३ | ४३०० | ३०१४१ | १९०२ | १९१५९ | २८३ | ७७६८३ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा माइती नेपाल, आफन्त नेपाल र शक्ति समूहबाट प्राप्त विवरण*

## ४.२ हराएका र फेला परेका बालबालिका

बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८१ अनुसार आर्थिक बर्ष २०८०/८१ मा १७ जना बालिका बेचबिखनमा परेको र ४६ जना बालिका अपरहणमा परेको देखिन्छ। सो प्रतिवेदनमा देशभर ६,५९० जना बालबालिका (बालिका ४,७६१ जना र बालक १,८२९ जना) हराएकोमा नेपाल प्रहरी, बालबालिका खोजतलास केन्द्र र बाल हेल्पलाइन समेतको सहयोग र समन्वयमा खोजतलास गरी ५,८३१ (बालिका ४,१८२ जना र बालक १,६४९ जना) लाई फेला पारी पारिवारिक पुनर्मिलन गरिएको छ। यस सम्बन्धी विवरण चित्र नं. ४.५ मा प्रस्तुत गरिएको छ। साथै हराएका र फेला परेका बालबालिका सम्बन्धी प्रदेशगत विवरण चित्र नं. ४.६ मा प्रस्तुत गरिएको छ। यसप्रकार हराएका मध्ये बालकको तुलनामा बालिकाको संख्या अत्यधिक रहेको छ भने बालबालिका हराउनेमा प्रदेशगत रूपमा बागमती प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेश क्रमशः पहिलो, दोश्रो र तेश्रो नम्बरमा रहेको देखिन्छ। थप विवरण तालिका ४.८ मा पनि प्रस्तुत गरिएको छ। साथै नेपाल प्रहरी, बालबालिका खोजतलाश केन्द्र र बाल हेल्पलाइनहरूमा बालबालिका हराएकोमा अभिभावकहरूले सूचना दिने तर आफैं फिर्ता आएका वा अभिभावक स्वयमले फेला पारेका बालबालिकाबारे जानकारी दिने गरेको पाईंदैन। यसरी आफै फिर्ता आएका र अभिभावक स्वयमले फेला पारेका बालबालिकाको बारेमा प्रहरी, खोजतलाश केन्द्र वा हेल्पलाइनमा जानकारी दिने गरिएमा फेला नपरेका बालबालिकाको संख्यामा उल्लेख्य कमी आउने छ।







**तालिका नं. ४.८: आ.व. २०८०/८१ मा हराएको, फेला परेका र खोजतलास जारी रहेका बालबालिकाको प्रदेशगत विवरण**

| क्र स | प्रदेश | हराएका | | | हराएका मध्ये फेला परेका | | | खोजतलास जारी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| १ | कोशी | ६५२ | २१७ | ८६९ | ५७८ | १९९ | ७७७ | ७४ | १८ | १२ |
| २ | मधेश | १२३७ | २१३ | १४५० | ९७६ | १७६ | ११५२ | २६१ | ३७ | २९८ |
| ३ | बागमती (काठमाडौं उपत्यका बाहेक) | ३७५ | १२० | ४९५ | ३५५ | १०६ | ४६१ | २० | १४ | ३४ |
| | काठमाडौं उपत्यका | ५३९ | ३२२ | ८६१ | ४९४ | २९६ | ७९० | ४५ | २६ | ७१ |
| | बालबालिका खोजतलास केन्द्र (१०४) | ५१ | ५६ | १०७ | ४० | ४५ | ८५ | ११ | ११ | २२ |
| ४ | गण्डकी | ३३९ | १५३ | ४९२ | ३२५ | १४० | ४६५ | १४ | १३ | २७ |
| ५ | लुम्बिनी | ९१७ | ३४७ | १२६४ | ८०४ | ३०९ | १११३ | ११३ | ३८ | १५१ |
| ६ | कर्णाली | २५८ | १४८ | ४०६ | २३७ | १३४ | ३७१ | २१ | १४ | ३५ |
| ७ | सुदूरपश्चिम | ३९३ | २५३ | ६४६ | ३७३ | २४४ | ६१७ | २० | ९ | २९ |
| | जम्मा | ४७६१ | १८२९ | ६५९० | ४१८२ | १६४९ | ५८३१ | ५७९ | १८० | ६७९ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन २०८१*

यस आर्थिक बर्षमा काठमाडौं उपत्यका लगायत विभिन्न जिल्लाहरूमा सडकमा आश्रित बालिका २३५ (बालिका २९ र बालक २०६) जनालाई उद्धार गरिएको थियो। यसप्रकार २०७३ साल बैसाखदेखि २०८१ साल असार मसान्तसम्म ८ वर्षको अवधिमा २,३४९ जना सडक बालबालिकाको उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको छ। उद्धार गरिएका मध्ये १,५९६ जनालाई पारिवारिक पुनर्मिलन गरिएको र ७९८ जनालाई सीपमूलक तालिम प्रदान गरिएकोमा ४८० जना स्वरोजगारमूलक आयआर्जनमा समेत संलग्न रहेका छन्। यस आ.व.मा बाल हेल्पलाइन मार्फत उद्धार गरिएका, अन्य निकायबाट सिफारिश भई आएका र अन्य माध्यमबाट सहयोगको आवश्यकता भएको भनी पहिचान भई सम्पर्कमा आएका कुल १०,२५१ जना (बालिका ६३ प्रतिशत र बालक ३७ प्रतिशत) लाई बाल हेल्पलाइन सेवा प्रदान गरिएको छ।[१]

## ४.३ पुनर्स्थापना कोष

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत २०६५ सालमा सुरूवात गरिएको पुनर्स्थापना कोषका लागि आर्थिक बर्ष २०८०/८१ मा थप २० लाख बजेट बिनियोजन भएको छ। उक्त पुनर्स्थापना कोषमा जम्मा भएको रकमलाई मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएका व्यक्तिहरूको उद्धार, पुनर्स्थापना विशेषगरी, खाना, आवास, लुगा/कपडा जस्ता आधारभूत आवश्यकताका साथै स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी सहायता, सीप विकास तालिम र बीउ पूँजी लगायतका सहयोग र अदालतबाट आदेश भए बमोजिम क्षतिपूर्ति उपलब्ध गराउने कार्यमा उपयोग गर्ने गरिएको छ। आ.व. २०८०/८१ मा पुनर्स्थापना कोषको सञ्चित रकमबाट यस मन्त्रालयले पुनर्स्थापना केन्द्र सञ्चालनका लागि व्यवस्थापन करार सम्झौता गर्ने विभिन्न संस्थाहरूलाई रू ५८,९३,९६७। शोधभर्नाका रूपमा भुक्तानी गरेको छ।[२] सोध भर्ना पाउने संस्थाहरूको नाम रकम सहित खुलाई तालिका नं. ४.९ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.९: आ.व. २०८०/०८१ मा सोधभर्ना रकम प्राप्त गरेका पुनर्स्थापना केन्द्रहरूको नामावली**

| क्र सं | पुनर्स्थापना केन्द्रको नाम | जिल्ला | सोधभर्ना रकम |
|---|---|---|---|
| १ | शक्ति समूह | सिन्धुपाल्चोक | १९,२५,९१६ |
| २ | साथी | बाँके | ७,२२,२११ |
| ३ | एबिसी नेपाल | काठमाण्डौ | १०,९,४९० |
| ४ | आवाज नेपाल | सुर्खेत | ७,१०,०२४ |
| ५ | थ्रीएन्जल्स | कास्की | १४,५६,३२६ |
| जम्मा | | | ५८,९३,९६७ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय*

१. राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन २०८१

२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## कोशी प्रदेश

कोशी प्रदेशको बिराटनगरमा सामाजिक विकास मन्त्रालय अन्तर्गत मानव बेचबिखन तथा ओसारपसारका साथै लैङ्गिक हिंसाबाट पीडित/प्रभावित भएका महिला तथा किशोरीका लागि एक दीर्घकालीन पुनर्स्थापना गृह सञ्चालनमा रहेको छ। आ. व. २०८०/८१ मा सामाजिक विकास मन्त्रालयले उक्त दीर्घकालीन पुनर्स्थापना गृह सञ्चालन तथा व्यवस्थापनका लागि रू एक करोड २७ लाख ८१ हजार विनियोजन गरेको छ भने जिल्ला तथा स्थानीय स्तरमा स्थानीय तह तथा गैरसरकारी संस्थाद्वारा सञ्चालित १६ वटा अल्पकालिन पुनर्स्थापना गृह सञ्चालन तथा व्वस्थापनका लागि प्रति पुनर्स्थापना गृह रू एक लाखका दरले रू १६ लाख निकासा दिएको छ। सो अवधिमा उक्त मन्त्रालयले कोशी प्रदेशका १३७ वटै स्थानीय तहमा रू ५० हजारका दरले कुल रू ६८ लाख ५० हजार रकम लैङ्गिक हिंसा निवारण कोष सञ्चालनका लागि उपलब्ध गराएको छ।[३]

## बागमती प्रदेश

मानव बेचबिखन तथा ओसारपसार विरूद्ध बागमती प्रदेशस्तरीय संरक्षण नीति, २०८० कार्यान्वयनमा रहेको छ भने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्ययोजना बन्ने क्रममा रहेको छ। आ.व. २०८०/८१ मा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएका व्यक्तिहरूको संरक्षण सम्बन्धमा सरकारी तथा गैरसरकारी संस्थाहरूद्वारा सञ्चालन र व्यवस्थापन भइरहेका जिल्ला सेवा केन्द्र, ग्रामिण सामुदायिक सेवा केन्द्र, मनोसामाजिक मनोविमर्श केन्द्र र सुरक्षा गृह लगायतका लागि अनुदान सहयोग प्रदान गरिएको छ।[४]

## गण्डकी प्रदेश

प्रदेशको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सवालमा कुनै पनि विशेष नीति, कार्यक्रम तथा बजेट निर्माण भएको देखिंदैन भने लैङ्गिकतामा आधारित हिंसा निवारण अन्तर्गत मानव बेचबिखन नियन्त्रणको विषयलाई समावेश गरिएको छ।

## लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रमको बुँदा नं. १२० मा बालबालिकाको बेचबिखन तथा गैरकानूनी ओसारपसार नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने, बुँदा नं. १२७ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने उल्लेख भएको छ भने सेवा तथा पुनर्स्थापना कोषको सुनिश्चितता गरी कोष स्थापना र पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्ने व्यवस्था रहेको भनी उल्लेख भएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा भने केही कार्यक्रम बार्षिक बजेटमा समावेश भएको तर छुट्टै कार्ययोजना तयार भएको देखिंदैन।

---

३. कोशी प्रदेश, सामाजिक विकास मन्त्रालय

४. बागमती प्रदेश, सामाजिक विकास मन्त्रलाय

**कर्णाली प्रदेश**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शाखा रहेको देखिन्छ तर बार्षिक कार्यक्रम तथा बजेट भने खुलेको पाइँदैन।

## ४.४ पुनर्स्थापना केन्द्र

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार तथा संरक्षणका लागि प्रचलित कानून अनुसार यस मन्त्रालयले पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ तयार गरी लागू गरेको छ। निर्देशिकाको मुख्य उद्देश्य पुनर्स्थापना केन्द्रहरूको प्रभावकारी व्यवस्थापन तथा सञ्चालन गर्नु हो। यसले मानव बेचबिखन ओसारपसारबाट पीडित र प्रभावित व्यक्तिहरूको पुर्स्थापना कार्यको न्यूनतम मापदण्ड तथा प्रक्रिया निर्धारण गरेको छ। नेपालमा सङ्घीय शासन प्रणाली लागू हुनुपूर्व मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १३ को उपदफा (१) बमोजिम नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले २०६५ सालदेखि काठमाडौं, चितवन, झापा, पर्सा, रूपन्देही, सिन्धुपाल्चोक, कास्की, बाँके, सुर्खेत र कैलालीमा गरी १० वटा जिल्लाहरूमा पुनर्स्थापना केन्द्र स्थापना गरेकोमा आ.व. २०८०/८१ मा पनि विभिन्न गैरसरकारी संस्थाहरूसँगको व्यवस्थापन करारमा ती पुनर्स्थापना केन्द्रहरू हालसम्म पनि निरन्तर सञ्चालनमा रहेका छन्। पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्लाहरू, व्यवस्थापन गर्ने संस्थाहरू र क्षेत्राधिकारका जिल्लाहरूको विवरण तालिका ४.१० मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१० : नेपाल सरकारद्वारा स्थापित गैरसरकारी संस्थाहसँगको व्यवस्थापन करारमा सञ्चालित पुनर्स्थापना केन्द्र सम्बन्धी विवरण**

| क्र. सं. | पुनर्स्थापना केन्द्र रहेको जिल्ला | व्यवस्थापन करार गर्ने संस्था | क्षेत्राधिकारका जिल्लाहरू |
|---|---|---|---|
| १ | झापा | माइती नेपाल | ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर |
| २ | सिन्धुपाल्चोक | शक्ति समूह | सिन्धुपाल्चोक, काभ्रे, रामेछाप, दोलखा |
| ३ | काठमाडौं | ए.बी.सी. नेपाल | रसुवा, नुवाकोट, धादिङ, सोलुखुम्बु, भक्तपुर, काठमाडौं, ललितपुर, ओखलढुङ्गा, खोटाङ |
| ४ | पर्सा | माइती नेपाल | बारा, रौतहट, पर्सा, सर्लाही, महोत्तरी, धनुषा, सिन्धुली, उदयपुर, सिराहा, सप्तरी |
| ५ | चितवन | आदर्श गृह | चितवन, मनाङ, मुस्ताङ, तनहुँ, लमजुङ, गोर्खा, मकवानपुर |

| क्र. सं. | पुनर्स्थापना केन्द्र रहेको जिल्ला | व्यवस्थापन करार गर्ने संस्था | क्षेत्राधिकारका जिल्लाहरू |
|---|---|---|---|
| ६ | रूपन्देही | माइती नेपाल | गुल्मी, अर्घाखाँची, रूपन्देही, कपिलबस्तु, पाल्पा, स्याङजा, नवलपरासी, म्याग्दी, बागलुङ, पर्वत |
| ७ | बाँके | साथी | सल्यान, बर्दिया, बाँके, जाजरकोट, हुम्ला, जुम्ला, मुगु, डोल्पा, रूकुम, रोल्पा, दाङ, प्यूठान |
| ८ | कैलाली | सिर्जनशील समाज | दार्चुला, बैतडी, डडेलधुरा, बझाङ्ग, कैलाली, कञ्चनपुर, बाजुरा, अछाम, डोटी, दैलेख, कालिकोट |
| ९ | कास्की | थ्री एन्जल्स | बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश |
| १० | सुर्खेत | आवाज | कालीकोट, दैलेख, बर्दिया, सुर्खेत |

यसका साथै, संघीय र प्रादेशिक सरकारको सहकार्यमा लुम्बिनी प्रदेशको दाङमा एउटा र मधेश प्रदेशको सर्लाहीको लालबन्दीमा अर्को गरी दुई वटा दीर्घकालीन पुनर्स्थापना केन्द्रहरू निर्माणाधीन अवस्थामा छन्।[५] सुदूरपश्चिम प्रदेश सरकारले कञ्चनपुरको महेन्द्रनगरमा दीर्घकालीन संरक्षण गृह पनि निर्माण गरिरहेको छ।[६]

यसका अतिरिक्त घरेलु हिंसा (कसुर र सजाय ऐन, २०६६ र नियमावली, २०६७ बमोजिम विभिन्न २१ जिल्लामा सेवा केन्द्रहरू सञ्चालनमा छन्।[७] यस सम्बन्धी विवरण अनुसूची १ मा समावेश गरिएको छ। पुनर्स्थापना केन्द्र र अल्पकालीन सेवा केन्द्र दुवैले लैङ्गिक हिंसा र मानव बेचबिखनबाट पीडित/प्रभावितहरूलाई कानून तथा मापदण्डद्वारा निर्धारण गरेअनुसार मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएका व्यक्तिहरू विशेषगरी महिला तथा बालबालिकालाई शारीरिक तथा मानसिक उपचार र पुनर्लाभ, सामाजिक पुनर्स्थापना, कानूनी सहायता, आर्थिक सशक्तिकरणका लागि सीप तथा व्यवसायमूलक तालिम र पारिवारिक पुनर्मिलन सम्बन्धी सेवाहरू प्रवाह गरिरहेका छन्।

कोशी प्रदेश सरकारले विराटनगरमा प्रदेशस्तरीय संरक्षण गृह सञ्चालन गरिरहेको छ।[८] कर्णाली प्रदेशमा प्रदेश सरकारले ९ जिल्लाहरूमा (मुगु जिल्ला बाहेक) जिल्लास्तरीय सेवा केन्द्र सञ्चालन गर्न सहयोग गरिरहेको छ।[९] बागमती प्रदेशमा प्रदेश सरकारले १६ वटा सामुदायिक स्तरको सेवा केन्द्र

५. मधेश प्रदेश, खेलकुद तथा समाज कल्याण मन्त्रालय र लुम्बिनी प्रदेश, सामाजिक विकास मन्त्रालय
६. सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालय
७. MoWCSC, Status of Women in Nepal Social Statics and Key Indicators 2081
८. कोशी प्रदेश, सामाजिक विकास मन्त्रालय
९. कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालय

सञ्चालन गर्न सहयोग गरिरहेको छ र सिन्धुपाल्चोक जिल्लामा पुनर्स्थापना केन्द्र निर्माण गर्न ४० लाख रूपैयाँ विनियोजन गरेको छ।[१०]

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो आर्थिक वर्षको अवधिमा ती पुनर्स्थापना केन्द्रहरूको अनुगमन गर्ने कार्यक्रम अन्तर्गत रूपन्देही, चितवन, झापा कास्की, पर्सा र सिन्धुपाल्चोक जिल्लामा सञ्चालित पुनर्स्थापना केन्द्रहरूको निरीक्षण तथा अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गरेको छ।

यसका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १३ को उपदफा (२) बमोजिम नेपाल सरकारको स्वीकृति लिई सरकारी नीति, कानून, कार्ययोजना तथा निर्देशिका बमोजिम सरकारी निकायहरूसँगको समन्वयमा विभिन्न सामाजिक संघसंस्थाहरूले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित महिला तथा बालबालिकाहरूलाई पुनर्स्थापना सेवा प्रदान गर्ने उद्देश्यले मुलुकका विभिन्न स्थानहरूमा सुरक्षा गृह, सुरक्षित आश्रय वा यस्तै नाम दिई संरक्षण गृहहरू सञ्चालन गरिरहेका छन्। ती संरक्षण गृहहरूले पनि सामाजिक पुनर्स्थापना, प्राथमिक उपचार, मनोसामाजिक परामर्श, कानूनी सहायता, शिक्षा तथा सीप विकास र आर्थिक सशक्तीकरणका लागि व्यवसायिक सीप र उद्यमशीलता विकास तालिम, रोजगारी वा जीविकोपार्जन सहायता प्रदान गरिरहेका छन्। संरक्षण गृहको सञ्चालन र व्यवस्थापनलाई निरन्तरता दिने संस्थाहरूको विवरण अनुसूची १ मा दिइएको छ।

पुनर्स्थापना केन्द्रहरूको अनुगमन

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय समितिको निर्णय र निर्देशन बमोजिम मन्त्रालयको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाका अधिकृत तथा कर्मचारीहरूले आ.व. २०८०/८१ मा यस मन्त्रालयको सहयोग र समन्वयमा विभिन्न जिल्लामा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितका लागि सञ्चालित पुनर्स्थापना केन्द्रहरूको अनुगमन गरी प्रतिवेदन प्रस्तुत गरेको छ। यस सम्बन्धी विवरण तालिका नं. ४.११ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.११ आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र शाखाबाट पुनर्स्थापना केन्द्रहरूको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विवरण**

| क्र.सं. | अनुगमन गरिएको पुनर्स्थापना केन्द्र र जिल्ला | अनुगमनको संख्या |
|---|---|---|
| १ | पुनर्स्थापना केन्द्र, काठमाडौं महानगरपालिका (मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिद्वारा अनुगमन तथा अन्तरक्रिया) | एक पटक |
| २ | पुनर्स्थापना केन्द्र, रूपन्देही | एक पटक |

१०. बागमती प्रदेश, सामाजिक विकास मन्त्रालय

| क्र.सं. | अनुगमन गरिएको पुनर्स्थापना केन्द्र र जिल्ला | अनुगमनको संख्या |
|---|---|---|
| ३ | पुनर्स्थापना केन्द्र, चितवन, भरतपुर महानगरपालिका | एक पटक |
| ४ | पुनर्स्थापना केन्द्र, झापा | एक पटक |
| ५ | पुनर्स्थापना केन्द्र, सिन्धुपाल्चोक | एक पटक |
| ६ | पुनर्स्थापना केन्द्र, कास्की, पोखरा महानगरपालिका | दुई पटक |
| ७ | पुनर्स्थापना केन्द्र, पर्सा, विरगञ्ज महानगरपालिका | एक पटक |

अनुगमन तथा मूल्याङ्कनको क्रममा पुनर्स्थापना केन्द्रका पदाधिकारी, कर्मचारी तथा संरक्षित प्रभावितहरूसँग केन्द्रको समग्र वस्तुस्थिती, समस्या, चुनौती तथा अपेक्षाहरू सम्बन्धमा विस्तृत छलफल सम्पन्न हुनुका साथै केन्द्रको भौतिक पक्षको स्थलगत निरीक्षण तथा अनुगमन गरिएको छ। पुनर्स्थापना केन्द्र अनुगमन गरिएका जिल्लाहरुमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिका पदाधिकारीहरूसंग समेत मानव बेचबिखनको समस्या समाधान, केन्द्र संचालन, सरकारी तथा गैरसरकारी निकायहरुसंगको समन्वय तथा सहकार्य लगायतका विषयमा छलफल गरिएको छ। काठमाडौं जिल्लामा एविसी नेपालद्वारा संचालित पुनर्स्थापना केन्द्रमा राष्ट्रिय समितिका पदाधिकारीहरूद्वारा सम्पन्न अनुगमन पश्चात अन्तरक्रिया कार्यक्रम समेत गरिएको छ। पुर्स्थापना केन्द्रहरूको अनुगमन तथा मूल्याङ्कनको सन्दर्भमा समग्रमा देहायका समस्याहरूको पहिचान गरिएका छन्:

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति र स्थानीय तहहरूसँग समन्वयको अभाव ।
- केन्द्रमा संरक्षितहरूलाई पारिवारिक पुनर्मिलन र पुनर्स्थापनामा कठिनाई।
- न्यायीक पहुँचमा कमि र प्रक्रियामा ढिलाइ।
- रोजगारमा आवद्ध हुन/गराउन कठिनाई।
- केन्द्रमा लैङ्गिक हिंसा पिडितहरूलाई समेत राख्नुपर्ने अवस्थाले गर्दा श्रोतको अभाव साथै ब्यवस्थापनमा कठिनाई।
- केन्द्रमा संरक्षितहरूसंग रहेको बालबालिकाको जन्मदर्ता, शिक्षा लगायतका ब्यवस्थापनमा कठिनाई।

**साथै अनुगमनका क्रममा पहिचान भएका उपर्युक्त समस्या समाधाना लागि देहायअनुसार सुझावहरू प्रस्तुत गरिएका छन्:**

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति र स्थानीय तहहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने।

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति (DCCHT) र स्थानीय तहसँगको समन्वय र सहकार्यमा मानव बेचबिखन तथा ओसारपसार विरूद्धको कार्यक्रमहरू संचालन गर्ने।
- मानव बेचबिखन विरुद्ध सचेतना तथा परिवारलाई परामर्श कार्यक्रमहरू सञ्चालन गर्ने।
- केन्द्रमा संरक्षितहरूलाई रोजगरमूलक सीप विकास तालिम प्रदान गरी रोजगार/स्वरोजगारमा आवद्ध गराउने।
- केन्द्रमा संरक्षितहरूलाई तालिम, अभिमूखीकरण साथै विभिन्न समारोहहरूमा सहभागी गराई आत्मनिर्भर बनाउने।
- कानूनमा सहज पहुँचका लागि सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय गर्ने।

## ४.५ पुनर्स्थापना सेवा

चित्र नं ४.६ आ.व. २०८०/८१ मा आधारभूत पुनर्स्थापना सेवा प्राप्त गर्ने पीडित/प्रभावितको संख्या




सरकारी निकायहरू विशेषगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्, नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो तथा विभिन्न जिल्लामा रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू एवम् सरकारी अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू (One-Stop Crisis Management Centres - OCMC) समेतको समन्वय र अनुरोधमा विभिन्न गैरसरकारी संस्थाहरूले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरू विशेषगरी महिला, बालिका तथा बालकहरूलाई आवश्यकता अनुसार आवासीय हेरचाह, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श र मनोवैज्ञानिक उपचार लगायतका आधारभूत एवम् आकस्मिक सेवा र हेरचाह प्रदान गर्दै आइरहेका छन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा उपलब्ध माइती नेपाल, शक्ति समूह, आफन्त नेपाल र कोपिला नेपालबाट प्राप्त भएको विवरणको आधारमा अधिक संख्यामा महिला तथा बालिका र केही सीमित संख्यामा बालक र पुरुष गरी कुल ४,७४३ जना पीडित/प्रभावितले पुनर्स्थापना सेवा प्राप्त गरेको देखिन्छ। सो तथ्याङ्कलाई माथि चित्र नं. ४.६ मा देखाइएको छ। संघसंस्थाबाट उपलब्ध गराइएको पुनर्स्थापना सेवा उपभोग गर्ने यो संख्याभित्र मानव बेचबिखन तथा

ओसारपसारबाट पीडित/प्रभावित भएका महिला, बालिका, पुरुष र बालकका अतिरिक्त यौनजन्य हिंसा र घरेलु हिंसाबाट पीडित/प्रभावित भएका व्यक्तिहरू समेत समावेश भएको छ।

## विभिन्न जिल्लाहरूबाट प्राप्त तथ्याङ्क

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा केही जिल्लाहरूबाट प्राप्त जानकारी अनुसार स्थानीय तह र विभिन्न संघसंस्थाहरूले पीडित/प्रभावितहरूलाई पुनर्स्थापना सेवा प्रदान गरिरहेको देखिन्छ। यस सम्बन्धी विवरण तालिका नं. ४.१२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.१२: आ.व. २०८०/८१ मा स्थानीय तह र संघसंस्थाद्वारा विभिन्न जिल्लाहरूमा प्रवाह भएको पुनर्स्थापना सेवा**

| जिल्ला | सरकारी/ गैरसरकारी | संरक्षण गृहको किसिम | सेवा प्राप्त गर्ने पीडित/ प्रभावितको संख्या | तथ्याङ्क श्रोत |
|---|---|---|---|---|
| सोलुखुम्बु | गैरसरकारी | जिल्ला सेवा केन्द्र | घरेलु हिंसा प्रभावित २५ जना | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु |
| म्याग्दी | बेनी नगरपालिका | सेवा केन्द्र | हिंसा पीडित (घरेलु हिंसा, जबरजस्ती करणी लगायत) १६ जनाको उद्धार र पुनर्स्थापना | जिल्ला प्रशासन कार्यालय, म्याग्दी |
| दाङ | गैरसरकारी | माव सेवा समाज घर नारायणपुर | १४ जना | जिल्ला प्रशासन कार्यालय, दाङ |
| | | घोराही नगर महिला सेवा केन्द्र | १८ जना | |
| | | मानव सेवा आश्रम तुल्सीपुर | १० जना | |
| | | उप-मेयर अल्पकालीन सुरक्षा आवास तुल्सीपुर | ५ जना | |
| | | मनकामना सेफ हाउस लमही | ७ जना | |
| | | निल सागर सेवा आश्रम भालुवाङ | १ जना | |

| जिल्ला | सरकारी/ गैरसरकारी | संरक्षण गृहको किसिम | सेवा प्राप्त गर्ने पीडित/ प्रभावितको संख्या | तथ्याङ्क श्रोत |
|---|---|---|---|---|
| | | शान्ति पुनर्स्थापना गृह | ६ जना उद्धार, २९५ जनालाई परामर्श र ३ जनालाई अभिभावकको जिम्मा लगाइएको | |
| बझाङ | सरकारी | महिला सुरक्षित आवास गृह | हिंसा पीडित महिलाहरूलाई पुनर्स्थाना र पारिवारिक पुनरमिलन गराइएको तर संख्या नखुलेको | जिल्ला प्रशासन कार्यालय बझाङ |
| सुर्खेत | सरकारी | आवाज संस्थाद्वारा सञ्चालित सेवा केन्द्र | महिला २०, बालिका ४४ र बालक ३२ गरी जम्मा ९६ जना मध्ये मानव बेचबिखन तथा ओसारपसारको मुद्धा ४ (महिला २ र बालिका २) कानूनी प्रक्रियामा रहेको | जिल्ला प्रशासन कार्यालय सुर्खेत |
| कास्की | गैरसरकारी | महिला सुरक्षा गृह, पोखरा | महिला ९८, बालिका १ र बालक २ गरी जम्मा १०१ रहेको | कोपिला नेपाल कास्की |
| | गैरसरकारी | अस्थायी बालगृह — इर्मजेन्सी किशोरी सेल्टर | पुरुष, बालिका र बालक गरी ३६ जना रहेको | कोपिला नेपाल कास्की |
| | गैरसरकारी | SHE Shelter | महिला २४ र पुरुष ४ जना गरी जम्मा २८ रहेको | SHE Shelter |
| | गैरसरकारी | समुदायमा आधारीत महिला सुरक्षा गृह | महिला ९ जना रहेको | समुदायमा आधारीत महिला सुरक्षा गृह |

## स्वास्थ्य सेवा

आ.व. २०८०/८१ मा पुनर्स्थापना केन्द्र तथा संरक्षण गृह लगायतका आवासीय हेरचाह र संरक्षणमा रहेका पीडित/प्रभावितहरूले स्वास्थ्य उपचार सेवा निरन्तर रूपमा प्राप्त गरेको देखिन्छ। यस मन्त्रालयमा माइती नेपाल, शक्ति समूह, आफन्त नेपाल र विश्वास नेपालबाट उपलब्ध तथ्याङ्क अनुसार कुल १,६९९ जना पीडित/प्रभावितले स्वास्थ्य सेवा प्राप्त गरेको देखिन्छ। प्रभावितहरू मध्ये ५० प्रतिशत बालिका र ४९ प्रतिशत महिलाहरू छन् भने १ प्रतिशत मात्र पुरुष र बालकहरू छन्। यससम्बन्धी विवरण तालिका नं. ४.१३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.१३: आ. व. २०८०/८१ मा केही संघसंस्थाहरूबाट स्वास्थ्य सेवा प्राप्त गरेका पीडित/प्रभावितको संख्या**

| क्र स | संस्थाको नाम | महिला | बालिका | पुरुष | बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | माइती नेपाल | ३१९ | २८९ | ४ | ४ | ६१६ |
| २. | शक्ति समूह | २०५ | ३७६ | ० | ० | ५८१ |
| ३. | आफन्त नेपाल | १६१ | १०७ | ० | ० | २६८ |
| ४. | कोपिला नेपाल | १०९ | ५४ | ० | ११ | १७४ |
| ५. | विश्वास नेपाल | २१ | १२ | २ | ० | ३५ |
| ६. | सुनिता फाउण्डेशन | १० | - | - | - | १० |
| ७. | हिरण्य नेपाल | १५ | - | - | - | १५ |
| जम्मा | | ८४० | ८३८ | ६ | १५ | १६९९ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा उल्लेखित संस्थाहरूबाट प्राप्त विवरण*

पीडित/प्रभावितलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा प्रदान गर्ने ७७ जिल्लाका ९७ सरकारी अस्पतालमा सञ्चालित एकद्वार संङ्कट व्यवस्थापन केन्द्र लगायत अन्य धेरै संघसंस्थाहरू पनि सक्रिय रूपमा निरन्तर लागिरहेका छन्।

## मनोसामाजिक परामर्श

आ.व. २०८०/८१ मा पुनर्स्थापना केन्द्र तथा संरक्षण गृह लगायतका आवासीय हेरचाह र संरक्षणमा रहेका पीडित/प्रभावितहरूले मनोसामाजिक परामर्श सेवा पनि निरन्तर रूपमा प्राप्त गरेका छन्। यस मन्त्रालयलाई माइती नेपाल, शक्ति समूह, आफन्त नेपाल र विश्वास नेपालले उपलब्ध गराएको विवरण अनुसार कुल ५,९०२ जना पीडित/प्रभावितले मनोसामाजिक परामर्श प्राप्त गरेको देखिन्छ। प्रभावितहरू मध्ये ४९ प्रतिशत महिला र ४८ प्रतिशत बालिका, ३ प्रतिशत पुरुष र बालक रहेको देखिन्छ। सो सम्बन्धी विवरण तालिका नं. ४.१४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४.१४ आ. व. २०८०/८१ मा केही संघसंस्थाहरूबाट मनोसामाजिक परामर्श सेवा प्राप्त गरेका पीडित/प्रभावितको संख्या**

| क्र स | संस्थाको नाम | महिला | बालिका | पुरुष | बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | माइती नेपाल | १८७५ | १९४४ | ४ | ८२ | ३९०५ |
| २. | शक्ति समूह | २०५ | ३७६ | ० | ० | ५८१ |
| ३. | आफन्त नेपाल | ३८७ | ३२३ | ० | ० | ७१९ |
| ४. | कोपिला नेपाल | १०९ | ५४ | ० | ११ | १७४ |
| ५. | विश्वास नेपाल | २९२ | ११७ | ३५ | ३८ | ४८२ |
| ६. | सुनिता फाण्डेशन | २५ | - | - | - | २५ |
| ७. | हिरण्य नेपाल | १० | १६ | - | - | २६ |
| | जम्मा | २९०३ | २८३९ | ३९ | १३१ | ५९०२ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा उल्लेखित संस्थाहरूबाट प्राप्त विवरण*

यस मन्त्रालयमा प्राप्त विवरण अनुसार पुनर्स्थापना केन्द्रमा रहेका मानव वेचविखन तथा ओसारपसार पीडित/प्रभावितहरूका लागि मनोसामाजिक परामर्श प्रदान गर्ने तथा अन्तरक्रिया गर्ने सन्दर्भमा पोखरा कास्की स्थित श्री एन्जल्स नेपाल र शक्ति समूहको पुनर्स्थापना केन्द्रमा रहेका पीडित/प्रभावितहरूको सहभागितामा मनोसामाजिक परामर्शका साथै अन्तरक्रियाको माध्यमबाट अनुभवको आदानप्रदान गरिएको छ। सो कार्यक्रमको माधयमबाट सहभागीहरूमा सकारात्मक सोचको बिकास हुने र आत्मविश्वास बढ्नुका साथै आफ्नो भविष्यको योजना बनाउन सक्षम हुने अपेक्षा गरिएको छ।

## शिक्षा सहायता

आ. व. २०८०/८१ मा आवासीय हेरचाहका लागि पुनर्स्थापना केन्द्र र संरक्षण गृहमा आश्रित मानव बेचबिखनबाट पीडित/प्रभावितहरूले आफ्नो पढाईलाई पनि निरन्तरता दिने अवसर प्राप्त गरेका छन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा माइती नेपाल, शक्ति समूह, आफन्त नेपाल, विश्वास नेपाल र हिरण्य नेपाल बाट प्राप्त भएको विवरण अनुसार जम्मा ६०६ जना पीडित/प्रभावितले विभिन्न तहको शिक्षा हासिल गरेको देखिन्छ। जसमध्ये ६७.४ प्रतिशतले आधारभूत शिक्षा प्राप्त गरेका छन् भने ११.३ प्रतिशतले उच्च शिक्षा, ९.४ प्रतिशतले उच्च माध्यमिक शिक्षा र १२ प्रतिशतले स्नातक वा सो भन्दा माथिको शिक्षा प्राप्त गरेको देखिन्छ। यससम्बन्धी विवरण चित्र नं. ४.७ मा प्रस्तुत गरिएको छ।[११]

११. महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा विभिन्न संघसंस्थाबाट प्राप्त विवरणअनुसार

### सीप तालिम, आयआर्जन टेवा र रोजगारी

आ.व. २०८०/८१ मा संस्थागत संरक्षणमा रहेका पीडित/प्रभावितहरू मध्ये १९५४ ले विभिन्न सरकारी निकाय तथा संस्थाहरू मार्फत सञ्चालन भएका केयरगिभर, सिलाई बुनाई, कटाई, गुडिया बनाउने, जुत्ता बनाउने, अचार बनाउने, ब्यूटी पार्लर, इ-रिक्सा ड्राइभिङ्ग, च्याउ खेती लगायतका सीपमूलक तालिम प्राप्त गरी लाभान्वीत भएका छन्। यसैगरी विभिन्न किसिमका सीप तालिम प्राप्त गरेका पीडित/प्रभावितहरू मध्ये १०० जनाले बीउ पुँजी सहायता र १२४ जनाले रोजगारी पाएको देखिन्छ। यस सम्बन्धी विवरण चित्र नं. ४.८ मा प्रस्तुत गरिएको छ।

यस मन्त्रालयमा प्राप्त विवरण अनुसार मानव वेचविखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि रोजगारमूलक तालिम प्रदान गर्ने सिलसिलामा ए बी सी नेपाल काठमाडौंको संरक्षणमा रहेका १० जना किशोरीहरूलाई तीन महिने आधारभूत मन्टेश्वरी तालिम र थ्री एन्जल्स नेपाल कास्कीको संरक्षणमा रहेका १० जना किशोरीहरूलाई तीन महिने आधारभूत कम्प्युटर तालिम प्रदान गरिएको छ।

## ४.६ पारिवारिक पुनर्मिलन/सामाजिक पुन:एकीकरण

चित्र नं. ४.७ आ.व.२०८०/८१ मा विभिन्न सेवा प्रदायकहरू मार्फत शिक्षा सहायता प्राप्त गर्ने पीडित/प्रभावितको संख्या




आ.व. २०८०/८१ मा सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको सहयोगमा सञ्चालित पुनर्स्थापना केन्द्र र संरक्षण गृहहरूमा पीडित/प्रभावितहरू संस्थागत हेरचाहमा रहेकोमा विभिन्न संस्थाहरूद्वारा ती पीडित/प्रभावितहरूहरूलाई पारिवारिक पुनर्मिलन र सामाजिक पुन:एकीकरणका प्रयासहरू भएका छन्। मन्त्रालयमा प्राप्त विवरण अनुसार सबैभन्दा बढी माइती नेपालबाट ३,०६० जना, आफन्त नेपालबाट ९७९ जना, शक्ति समूहबाट ५६१ जना, कोपिला नेपालबाट १९१ जना, विश्वास नेपालबाट २९ जना र हिरण्य नेपालबाट ६ जना गरी कुल ४,८२६ जना पीडित/प्रभावितहरूको पारिवारिक पुनर्मिलन र सामाजिक पुन:एकीकरण गरिएको छ।

## ४.७ बैदेशिक रोजगारतर्फ उद्धार तथा पुनर्स्थापना

बैदेशिक रोजगार बोर्डको सचिवालयको प्रगति प्रतिवेदन अनुसार आ.व. २०८०/८१ मा सुरक्षित गृह सञ्चालनमा सहयोग बार्षिक भौतिक लक्ष्य संख्या २० र बजेट ४ करोड रहेकोमा भौतिक प्रगति २० प्रतिशत र वित्तिय प्रगति १५ प्रतिशत मात्र हासिल भएको देखिन्छ। बैदेशिक रोजगारको सिलसिलामा

**चित्र नं. ४.८ आ.व. २०८०/८१ मा सीप तालिम, आयआर्जन सहयोग र रोजगारी पाउने पीडित/प्रभावितको संख्या**




गन्तव्य मुलुकमा अलपत्र परेका, अफ्ठ्यारोमा रहेका कामदारको उद्धार व्यवस्था तर्फ भौतिक लक्ष्य ४०० जना र वित्तिय लक्ष्य रू २ करोड रहेको देखिन्छ। उद्धार कार्यका लागि २० वटा विदेशी मुलुकका नेपाली दूतावासहरूमा चक्रीय कोष (Revolving Fund) को व्यवस्थापनका लागि रू २ करोड विनियोजन गर्ने लक्ष्य रहेको थियो।[12]

12. http://www.feb.gov.np/pratibedhan

परिच्छेद ५

# कानूनी कारवाही

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको अधिकारको प्रत्याभूति सहित न्यायमा पहुँच दिलाउने र बेचबिखनको अपराधमा संलग्न दलाल तथा पीडकहरूलाई कानूनी दायराभित्र ल्याउने सन्दर्भमा आ.व. २०८०/८१ मा नेपाल सरकारका कानून कार्यान्वयनका निकायहरू एवम् नागरिक समाज संस्थाहरूले सम्पादन गरेका कार्यहरूलाई यस परिच्छेदमा देहाय अनुसार उल्लेख गरिएको छ।

## ५. १ नि:शुल्क कानूनी सहायता

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित लगायत आर्थिक रूपमा विपन्न नागरिकहरूलाई राज्यको तर्फबाट नि:शुल्क कानूनी परामर्श र सहायता दिनुका साथै निजहरूको तर्फबाट अड्डा अदालतहरूमा बहस, पैरवी, लेखापढी तथा कानूनी कारबाही लगायत अन्य सेवा समेत नि:शुल्क उपलब्ध गराउने उदेश्यले जिल्लामा कानूनी सहायता समिति मार्फत कानून व्यवसायिहरूले कानूनी सहायता प्रदान गर्दै आइरहेको छ। साथै प्रत्येक जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा समेत निजहरुको तर्फबाट बहस, पैरबी तथा कानूनी प्रतिनिधित्व गर्न, लिखत तयार गरिदिने लगायत परामर्श सेवा दिन वैतनिक कानून व्यवसायीको व्यवस्था गरिएको छ। यसका अतिरिक्त मानव बेचबिखन लगायत लैङ्गिक तथा यौनजन्य हिंसाका पीडितहरूलाई नेपाल बार एशोसिएशन लगायत विभिन्न नागरिक समाज संघसंस्थाहरू मार्फत स्वेच्छिक नि:शुल्क (Pro-bono) कानूनी सहायता उपलब्ध हुने ब्यवस्था छ। मानव बेचबिखन विरूद्ध कानूनी सहायता प्रवाह गर्न विभिन्न संघसंस्थाहरू समेत कार्यरत छन्।

**तालिका नं. ५.१ आ.व. २०८०/८१ मा विभिन्न संस्थाहरूद्वारा नि:शुल्क कानूनी सहायता प्राप्त गर्ने पीडित/प्रभावितको संख्या**

| क्र.सं. | कानूनी सहायता प्रदान गर्ने संस्था | महिला | बालिका | पुरुष | बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | माइती नेपाल | १०९९ | ९६ | ० | ४ | ११९९ |
| २. | शक्ति समूह | १४३ | ४०८ | ० | ० | ५५१ |
| ३. | आफन्त नेपाल | १७ | २८ | ० | १ | ४६ |

| क्र.सं. | कानूनी सहायता प्रदान गर्ने संस्था | महिला | बालिका | पुरुष | बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| ४. | कोपिला नेपाल | १० | २२ | ० | १ | ३३ |
| ५. | विश्वास नेपाल | १८ | २० | ५ | ० | ४३ |
| ६. | संरक्षक समूह नेपाल (ससने) | ४५ | - | - | - | ४५ |
| | **जम्मा** | **१३३२** | **५७४** | **५** | **६** | **१९१७** |

मन्त्रालयमा प्राप्त केही संस्थाहरूद्वारा उपलब्ध गराइएको विवरण अनुसार आ.व. २०८०/८१ मा १,९१७ जना पीडित/प्रभावितहरूले निःशुल्क कानूनी सहायता प्राप्त गरेको देखिन्छ। यस सम्बन्धी तथ्याङ्क माथि तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ। यसरी कानूनी सहायता प्राप्त गर्नेमा महिला ६९.५ प्रतिशत र बालिका ३०.५ प्रतिशत छन् भने पुरुष तथा बालकको संख्या न्यून छ।[1]

## ५.२ प्रहरी अनुसन्धान र कारवाही

आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ अन्तर्गत दर्ता भई अनुसन्धान गरी विभिन्न जिल्ला अदालतहरूमा अभियोजन गरिएका मुद्दाहरूको सम्बन्धमा नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट प्राप्त विवरण अनुसार कुल १७० वटा उजुरी परेको र त्यसमा १३४ वटा मुद्दा सरकारी वकील कार्यालय मार्फत अदालतमा अभियोजन गरिएको देखिन्छ। सो सम्बन्धी मासिक संख्या सहितको विवरण तालिका ५.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.२: नेपाल प्रहरीमा मानव बेचबिखन विरूद्ध परेका उजुरी, अनुसन्धान तथा अभियोजन गरिएका मुद्दाको मासिक संख्या**

| महिना/साल | ब्यूरो अन्तर्गत | | | अन्य प्रहरी कार्यालयहरू अन्तर्गत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उजुरी संख्या | अनुसन्धान गरिएको | अभियोजन गरिएको | उजुरी संख्या | अनुसन्धान गरिएको | अभियोजन गरिएको | उजुरी संख्या | अनुसन्धान गरिएको | अभियोजन गरिएको |
| साउन २०८० | ९ | ९ | ५ | १० | १० | ७ | १९ | १९ | १२ |
| भदौ | १ | १ | १ | ८ | ८ | ६ | ९ | ९ | ७ |
| असोज | २ | २ | १ | ९ | ९ | ८ | ११ | ११ | ९ |
| कात्तिक | ६ | ६ | ५ | ३ | ३ | २ | ९ | ९ | ७ |
| मंसिर | ६ | ६ | ५ | ७ | ७ | ७ | १३ | १३ | १२ |
| पुष | ८ | ८ | ६ | १३ | १३ | १२ | २१ | २१ | १८ |

१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा विभिन्न निकाय, संघसंस्थाहरूबाट प्राप्त विवरणअनुसार

| महिना/ साल | ब्यूरो अन्तर्गत | | | अन्य प्रहरी कार्यालयहरू अन्तर्गत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उजुरी संख्या | अनुसन्धान गरिएको | अभियोजन गरिएको | उजुरी संख्या | अनुसन्धान गरिएको | अभियोजन गरिएको | उजुरी संख्या | अनुसन्धान गरिएको | अभियोजन गरिएको |
| माघ | ४ | ४ | ४ | १० | १० | ८ | १४ | १४ | १२ |
| फागुन | ६ | ६ | ६ | ९ | ९ | ६ | १५ | १५ | १२ |
| चैत | ४ | ४ | ४ | ८ | ८ | ५ | १२ | १२ | ९ |
| बैशाख २०८१ | ८ | ८ | ६ | ५ | ५ | ४ | १३ | १३ | १० |
| जेठ | ६ | ६ | ६ | ११ | ११ | ८ | १७ | १७ | १४ |
| असार | ७ | ७ | ६ | १० | १० | ६ | १७ | १७ | १२ |
| जम्मा | ६७ | ६७ | ५५ | १०३ | १०३ | ७९ | १७० | १७० | १३४ |

*श्रोतः नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरो*

उपरोक्त तालिका अनुसार कुल १७० वटा मानव बेचबिखन विरूद्ध नेपाल प्रहरीका विभिन्न कार्यालयहरूमा उजुरी परेको मध्ये मानव बेचबिखन अनुसन्धान ब्यरोबाट ६७ वटा (३९.४ प्रतिशत) उजुरी माथि अनुसन्धान भएको छ भने अन्य प्रहरी कार्यालयहरूबाट कुल १०३ (६०.६ प्रतिशत) वटा उजुरी माथि अनुसन्धान भएको छ। यस प्रकार उजुरी र अनुसन्धान भएका १७० मानव बेचबिखनका घटना मध्ये १३४ (७८.८ प्रतिशत) वटामा अभियोजन गरिएको छ। ती मध्ये ४१ प्रतिशत ब्यूरोबाट र ५९ प्रतिशत अन्य प्रहरी कार्यालयहरूबाट अनुसन्धान भएका मानव बेचबिखनका मुद्दाहरूमा अभियोजन गरिएको छ।

गृह मन्त्रालयबाट प्राप्त विवरण र महान्याधिवक्ताको कार्यालयबाट प्रकाशित आ.व. २०८०/८१ को बार्षिक प्रतिवेदनमा पनि नेपाल प्रहरी प्रधान कार्यालयको श्रोत भनी उल्लेख भई सो आर्थिक बर्षमा प्रदेशगत रूपमा मानव बेचबिखन तथा ओसारपसारको कसुर सम्बन्धी तथ्याङ्क तालिका ५.३ मा प्रस्तुत गरिएको छः

**तालिका नं ५.३ आ. व. आ.व. २०८०/८१ मा प्रदेशगत रूपमा नेपाल प्रहरीका विभिन्न निकायहरूमा दर्ता भएका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको संख्या**

| कसूर | उपत्यका (मानव बेचबिखन अनुसन्धान ब्युरो) | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **गृह मन्त्रालय*** | | | | | | | | | |
| मानव बेचबिखन तथा ओसारपसार | ८४ | ११ | ११ | ८ | ८ | ३१ | ६ | ११ | १७० |
| **महान्याधिवक्ताको कार्यालय** | | | | | | | | | |
| मानव बेचबिखन तथा ओसारपसार | ८२ | ९ | ८ | ८ | ८ | २३ | ५ | ८ | १५१ |
| मानव बेचबिखन तथा जबरजस्तीकरणी | २ | २ | ३ | ० | ० | ८ | १ | ३ | १९ |
| **जम्मा** | **८४** | **११** | **११** | **८** | **८** | **३१** | **६** | **११** | **१७०** |

*श्रोतः*
** गृह मन्त्रालय*
*@महान्याधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन २०८०/८१*

उपर्युक्त तालिका अनुसार गृह मन्त्रालयबाट प्राप्त विवरण र महान्याधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन २०८०/८१ अनुसार १७० वटा मुद्दा दर्ता भएको देखिन्छ। नेपाल प्रहरीको तथ्याङ्क अनुसार काठमाडौं उपत्यकाको जम्मा ८४ वटा मुद्दा मध्ये ६७ वटा मानव बेचबिखन अनुसन्धान ब्यूरोमा र बाँकी १७ वटा विभिन्न प्रहरी निकायहरूमा उजुरी परी अनुसन्धान भएको देखिन्छ।[२] लुम्बिनी प्रदेशमा ३१, कोशी प्रदेश, मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशमा क्रमशः११-११, बागमती प्रदेश (काठमाडौं उपत्यका बाहेक) र गण्डकी प्रदेशमा क्रमशः ८-८ र कर्णाली प्रदेशमा ४ वटा मुद्दाहरू नेपाल प्रहरीका विभिन्न निकायहरूमा दर्ता भएका छन्।

जिल्लागत रूपमा हेर्दा सातै प्रदेशका ३५ वटा जिल्लाहरूमा नेपाल प्रहरीका विभिन्न निकायहरूमा मानव बेचबिखन तथा ओसारपसारको उजुरी दर्ता भएको पाइन्छ। सबैभन्दा बढी मुद्दा काठमाडौं उपत्यकामा ८४ वटा, लुम्बिनी प्रदेशका १२ मध्ये ६ जिल्लामा ३१ वटा, कोशी प्रदेशका १४ मध्ये ५ जिल्लामा ११ वटा, मधेश प्रदेशका ८ मध्ये ५ जिल्लामा ११ वटा, बागमती प्रदेशको काठमाडौं उपत्यका

2. Crime data against Women, Children and Senior Citizen of Fiscal year 2080/81https://cid.nepalpolice.gov.np/cid-wings/women-children-and-senior-citizen-service-directorate/

बाहेकका बाँकी १३ मध्येका ४ जिल्लामा ८ वटा, गण्डकी प्रदेशका ११ मध्ये ५ जिल्लामा ८ वटा, कर्णाली प्रदेको १० मध्ये ४ जिल्लामा ६ वटा मुद्दा र सुदूरपश्चिम प्रदेशको ९ मध्ये २ जिल्लामा ११ वटा मुद्दा दर्ता भएका छन्। यस सम्बन्धी विवरण तालिका नं. ५.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.४: आ.व. २०८०/८१ मा जिल्लागत रूपमा नेपाल प्रहरीमा विभिन्न कार्यालयहरूमा दर्ता भएका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको संख्या**

| | काठमाडौँ उपत्यका | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | काठमाडौं/६७<br>(ब्यूरो)<br>काठमाडौं/१४<br>ललितपुर/२<br>भक्तपुर/१ | झापा/१<br>इलाम/१<br>मोरङ/४<br>सुनसरी/१<br>उदयपुर/४ | रौतहट/२<br>सर्लाही/२<br>महोत्तरी/१<br>धनुषा/४<br>सप्तरी/२ | चितवन/१<br>नुवाकोट/१<br>काभ्रे/२<br>सिन्धुली/४ | नवलपरासी पूर्व/१<br>बागलुङ/१<br>गोरखा/१<br>तनहुँ/२<br>कास्की/३ | नवलपरासी पश्चिम/३<br>रूपन्देही/६<br>कपिलबस्तु/४<br>दाङ/२<br>बाँके/१२<br>बर्दिया/४ | जुम्ला/१<br>हुम्ला/१<br>सल्यान/१<br>सुर्खेत/३ | कैलाली/४<br>कञ्चनपुर/७ | जम्मा |
| | ८४ | ११ | ११ | ८ | ८ | ३१ | ६ | ११ | १७० |

*स्रोतः गृह मन्त्रालय*

तालिका नं. ५.४ अनुसार आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसारको कसूरमा सबै भन्दा बढी मुद्दा दर्ता हुने तीन जिल्लमा काठमाडौं उपत्यका पछि बाँके (१२ वटा), कञ्चनपुर (७ वटा) र रूपन्देही (६ वटा) रहेका छन्। गृह मन्त्रालयबाट प्राप्त विवरण अनुसार नेपाल प्रहरीमा उजुरी परेका १७० वटा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा देखिएका घटनाका प्रकृतिहरु बारे तालिका ५.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.५ आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसार घटनाको प्रकृति**

| क्र.सं. | बेचबिखनको प्रकृति | संख्या |
|---|---|---|
| १. | नेपालभित्र यौन पेशामा संलग्न गराउन | ५८ |
| २. | भारतमा यौन पेशामा संलग्न गराउन | २० |
| ३. | नेपाल तथा भारत ओसारपसार | ५४ |
| ४. | Cyber Slavery (म्यानमारका लागि) | ८ |
| ५. | विदेशमा श्रम शोषण | १९ |
| ६. | विदेशमा बन्धक बनाएको | ११ |
| जम्मा | | १७० |

*स्रोतः गृह मन्त्रालय*

चित्र नं.५.१ आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको उमेर तथा लैङ्गिकता अनुसार प्रतिशत




माथि उल्लेख भएका १७० वटा मानव बेचबिखन तथा ओसारपसारका घटनाका पीडित व्यक्तिहरू कुल २१५ जना छन्। लैङ्गिकताका आधारमा हेर्दा पीडितहरू मध्ये ९२ प्रतिशत महिला तथा बालिका (लगभग पाँच खण्डमा तीन खण्ड महिला र एकतिहाई भन्दा बढि बालिका) करिव ८ प्रतिशत पुरुषहरू छन् भने बालक शून्य छ। यस सम्बन्धी विवरण चित्र नं. ५.१ मा देखाइएको छ।

चित्र नं. ५.२ आ.व. २०८०/८१ मा नेपाल प्रहरीका विभिन्न निकायमा दर्ता भएका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाका पीडितहरूको उमेरको आधारमा संख्या




उमेरगत रूपमा २१५ जना पीडित व्यक्तिहरूको तथ्याङ्कलाई विश्लेषण गर्दा १८ वर्ष भन्दा कम उमेर समुहका बालिका ३४ प्रतिशत, १८-२५ वर्ष उमेर समूहका व्यक्तिहरू ३९ प्रतिशत, २६-३५ वर्ष उमेर समूहका व्यक्तिहरू २३ प्रतिशत र ३६-४५ वर्ष र सो भन्दा माथिका उमेर समूहका व्यक्तिहरू ३ प्रतिशत रहेको देखिन्छ। यस सम्बन्धी विवरण चित्र नं ५.२ मा देखाइनुका साथै पीडितहरूको उमेरको आधारमा प्रदेशगत रूपमा वर्गीकरण गरिएको संख्या तालिका नं. ५.६ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.६: आ.व. २०८०/८१ मा आ.व. २०८०/८१ मा नेपाल प्रहरीका विभिन्न निकायमा दर्ता भएका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाका पीडितहरूको प्रदेश र उमेरको आधारमा पीडित प्रभावितको संख्या**

| | १८ बर्ष मुनिका | | १८-२५ बर्ष | | २६-३५ बर्ष | | ३६-४५ वर्ष | | ४६ देखि माथि | | नखुलेको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| उपत्यका | ० | १० | ५ | ० | ३ | १ | ० | ० | ० | ० | १ | ० | २० |
| ब्यूरो | ० | २० | १५ | ३ | १६ | १२ | ५ | ० | ० | ० | ० | ० | ७१ |
| कोशी | ० | ४ | ११ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | १८ |

| | १८ बर्ष मुनिका | | १८-२५ बर्ष | | २६-३५ बर्ष | | ३६-४५ वर्ष | | ४६ देखि माथि | | नखुलेको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| मधेश | ० | ७ | ६ | ० | ८ | ० | १ | ० | ० | ० | ० | ० | २२ |
| बागमती | ० | ४ | ५ | ० | ३ | ० | १ | ० | ० | ० | ० | ० | १३ |
| गण्डकी | ० | ७ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १३ |
| लुम्बिनी | ० | १६ | २२ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ४० |
| कर्णाली | ० | २ | ४ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ७ |
| सुदूरपश्चिम | ० | ३ | ६ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ११ |
| जम्मा | ० | ७३ | ८० | ३ | ३७ | १४ | ७ | ० | ० | ० | १ | ० | २१५ |

*स्रोतः गृह मन्त्रालय*

गृह मन्त्रालयबाट उपलब्ध तथ्याङ्क अनुसार आ.व. २०८०/८१ मा नेपालका विभिन्न स्थानबाट पुरुष १३६, महिला ६२ बालिका २ र बालक १ गरी जम्मा २०१ जना व्यक्तिहरू मानव बेचबिखन तथा ओसारपसारको आरोपमा पक्राउ परेका छन् भने पुरुष ९९ र महिला ३२ गरी १३१ जना फरार रहेको अवस्था छ। यस सम्बन्धी विवरण चित्र नं. ५.३ र ५.४ मा प्रस्तुत गरिएको छ।[३]



चित्र नं. ५.३ आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दामा पक्राउ परेका पीडकहरूको संख्या



चित्र नं. ५.४ आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाका फरार रहेका पीडकहरूको संख्या

## ५.३ अभियोजन

महान्याधिवक्ताको कार्यालयको प्रतिवेदन अनुसार आ. व. २०८०/८१ मा सो कार्यालय र मातहतका उच्च सरकारी वकीलको कार्यालय तथा जिल्ला सरकारी वकीलको कार्यालयहरूमा नेपाल प्रहरीबाट अनुसन्धान भई अभियोजनका लागि दर्ता भएका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरूलाई

३. गृह मन्त्रालय

"मानव किनबेच", "मानव ओसारपसार", "मानव अङ्ग झिक्ने/बेच्ने", "बेश्यागमन" र "बेश्यावृत्ति" गरी पाँच वर्गमा वर्गीकरण गरिएको छ। यो आ. व.मा महान्याधिवक्ताको कार्यालयमा मानव किनवेच र मानव ओसारपसारको अभियोगमा जम्मा २११ वटा मुद्दा रहेकोमा २२ वटा (१०.४ प्रतिशत) मुद्दामा कसूर ठहर भएको, २८ वटा (१३.३ प्रतिशत) मुद्दामा सफाई पाएको र १६१ वटा (७६.३ प्रतिशत) मुद्दा फछ्र्यौट हुन बाँकि रहेको देखिन्छ। महान्याधिवक्ताको कार्यालयमा मानव अङ्ग झिक्ने/बेच्ने, बेश्यागमन र बेश्यावृत्ति सम्बन्धी अभियोगमा कुनै मुद्दा नरहेको अवस्था देखिन्छ। यस सम्बन्धी विवरण तालिका नं. ५.७ मा दिइएको छ।

**तालिका नं. ५.७: आ. व. २०८०/८१ मा महान्याधिवक्ताको कार्यालयमा रहेको मानव बेचबिखन सम्बन्धी मुद्दाको संख्या**

| मानव बेचबिखन मुद्दा | लगत | कसुर ठहर | सफाई | मुल्तबी | अन्य | जम्मा | बाँकी |
|---|---|---|---|---|---|---|---|
| मानव किनबेच | ८ | २ | ६ | ० | ० | ८ | ० |
| मानव ओसारपसार | २०३ | २० | २२ | ० | ० | ४२ | १६१ |
| मानव अङ्ग झिक्ने/बेच्ने | ० | ० | ० | ० | ० | ० | ० |
| बेश्यागमन | ० | ० | ० | ० | ० | ० | ० |
| बेश्यावृत्ति | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **२११** | **२२** | **२८** | **०** | **०** | **५०** | **१६१** |

*श्रोतः महान्याधिवक्ता कार्यालयको बार्षिक प्रतिवेदन २०८०/८१*

उक्त प्रतिवेदन अनुसार उच्च सरकारी वकील कार्यालयहरूमा मानव किनबेच, मानव ओसारपसार, मानव अङ्ग झिक्ने/बेच्ने र बेश्यावृत्ति गरी मानव बेचबिखन विरूद्धको मुद्दाको कुल लगत २६६ रहेकोमा १०० वटा (३७.६ प्रतिशत) मुद्दामा कसूर ठहर भएको, ६० वटा (२२.६ प्रतिशत) मुद्दामा सफाई पाएको र १०५ वटा (३९.५ प्रतिशत) मुद्दा फछ्र्यौट हुन बाँकि रहेको देखिन्छ। यस सम्बन्धी विवरण तालिका नं. ५.८ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.८: आ.व. २०८०/८१ मा उच्च सरकारी वकील कार्यालयमा रहेको मानव बेचबिखन सम्बन्धी मुद्दाको संख्या**

| मानव बेचबिखन मुद्दा | लगत | कसूर | सफाई | अन्य | जम्मा | बाँकी |
|---|---|---|---|---|---|---|
| मानव किनबेच | ८८ | ३५ | १६ | ० | ५१ | ३७ |
| मानव ओसारपसार | १७४ | ६५ | ४४ | १ | ११० | ६४ |
| मानव अङ्ग झिक्ने बेच्ने | २ | ० | ० | ० | ० | २ |
| बेश्यागमन | ० | ० | ० | ० | ० | ० |

| मानव बेचबिखन मुद्दा | लगत | कसूर | सफाई | अन्य | जम्मा | बाँकी |
|---|---|---|---|---|---|---|
| बेश्यावृत्ति | २ | ० | ० | ० | ० | २ |
| | २६६ | १०० | ६० | १ | १६१ | १०५ |
| *श्रोतः महान्याधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन २०८०/८१* | | | | | | |

सो प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न जिल्लाका जिल्ला सरकारी वकील कार्यालयहरूमा मानव किनबेच विरुद्धमा ३७, मानव ओसारपसार विरुद्ध १३० र बेश्यावृत्ति विरुद्ध ४ गरी जम्मा १७१ वटा मुद्दा चलाउने र ६ वटा मुद्दा (मानव किनवेच ४ र मानव ओसारपसार २) नचलाउने भनी अभियोजन सम्बन्धी निर्णय भएको र ती मुद्दाहरूमा कुल ३४९ प्रतिवादीहरू (मुद्दा चलाउनेमा ३३८ जना र मुद्दा नचलाउनेमा ६ जना) रहेको देखिन्छ। सो आ.व.मा विभिन्न जिल्ला स्थित सरकारी वकील कार्यालयहरूमा मानव बेचबिखन विरुद्धका मुद्दाको जम्मा लगत संख्या ३७३ र प्रतिवादी संख्या ८५३ जना रहेको, ती मध्ये ८२ (२२ प्रतिशत) मुद्दामा (२३१ जना प्रतिवादी सहित) कसूर कायम भएको, १४९ (४० प्रतिशत) मुद्दामा (२३० जना प्रतिवादी सहित) सफाई पाएको, ८ (२ प्रतिशत) मुद्दा (१९ जना प्रतिवादी सहित) फिर्ता गरिएको/मुल्तबी राखिएको र १३४ (३६ प्रतिशत) मुद्दा (३७३ जना प्रतिवादी सहित) बाँकी रहेको देखिन्छ। यस सम्बन्धी विवरण माथि तालिका नं. ५.९ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.९: आ.व. २०८०/८१ मा विभिन्न जिल्ला स्थित जिल्ला सरकारी वकील कार्यालयमा रहेका मानव बेचबिखनसम्बन्धी मुद्दाको संख्या**

| मानव बेचबिखनका मुद्दा | | | मानव किनबेच | मानव ओसारपसार | मानव अङ्ग झिक्ने | वेश्यागमन | वेश्याबृत्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०८०/८१ मा अभियोजनसम्बन्धी निर्णय संख्या | मुद्दा चलाउने | मुद्दा | ३७ | १३० | ० | ० | ४ | १७१ |
| | | प्रतिवादी | ६५ | २६६ | ० | ० | ७ | ३३८ |
| | मुद्दा नचलाउने | मुद्दा | ४ | २ | ० | ० | ० | ६ |
| | | प्रतिवादी | ७ | ४ | ० | ० | ० | ११ |
| जम्मा लगत संख्या | | मुद्दा | ९४ | २७० | ० | ० | ९ | ३७३ |
| | | प्रतिवादी | २३३ | ६०२ | ० | ० | १८ | ८५३ |

| मानव बेचबिखनका मुद्दा | | | मानव किनबेच | मानव ओसारपसार | मानव अङ्ग झिक्ने | वेश्यागमन | वेश्यावृत्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| फछ्र्यौट संख्या | कसूर कायम | मुद्दा | १८ | ६२ | ० | ० | २ | ८२ |
| | | प्रतिवादी | ७६ | २५१ | ० | ० | ४ | ३३१ |
| | सफाई | मुद्दा | ३१ | ११३ | ० | ० | ५ | १४९ |
| | | प्रतिवादी | ६३ | १५८ | ० | ० | ९ | २३० |
| | फिर्ता, मुल्तबी, अन्य | मुद्दा | ३ | ५ | ० | ० | ० | ८ |
| | | प्रतिवादी | ५ | १४ | ० | ० | ० | १९ |
| | जम्मा | मुद्दा | ५२ | १८० | ० | ० | ७ | २३९ |
| | | प्रतिवादी | १४४ | ३२३ | ० | ० | १३ | ३८० |
| बाँकी | | मुद्दा | ४२ | ९० | ० | ० | २ | १३४ |
| | | प्रतिवादी | ८९ | २७९ | ० | ० | ५ | ३७३ |
| *श्रोतः महान्याधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०८०/८१* | | | | | | | | |

## ५.४ अदालती कारवाही

सर्बोच्च अदालतको वार्षिक प्रतिवेदन २०८०/८१ अनुसार सर्बोच्च अदालत, उच्च अदालतहरू तथा मातहतका इजलासहरू र जिल्ला अदालतहरूमा आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको कुल लगत ११४७ रहेकोमा ५८७ (५१.२ प्रतिशत) फछ्र्यौट भई बाँकी ५६० वटा (४८.८ प्रतिशत) मुद्दा अदालतहरूमा विचाराधीन रहेका छन्। सर्बोच्च अदालतमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी जम्मा ३७५ वटा मुद्दा रहेकोमा यो आ.व.मा एकतिहाई मुद्दाको फछ्र्यौट भएको छ। उच्च अदालत र मातहतका इजलासहरूमा रहेका ४०२ वटा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरू मध्ये दुइतिहाईको फछ्र्यौट भएको छ। यसरी नै ७७ जिल्ला मध्ये ४५ जिल्ला अदालतहरूमा रहेका जम्मा ३७० वटा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरू मध्ये ५३ प्रतिशत मुद्दाहरू फछ्र्यौट भएका छन्। यस सम्बन्धी विवरण चित्र नं. ५.५ मा प्रस्तुत गरिएको छ। साथै यो आ.व.मा सर्बोच्च अदालतमा मानव बेचबिखन तथा ओसारपसार अन्तर्गत थुनुवा सम्बन्धी मुद्दाको जम्मा लगत १४४ रहेकोमा ४८ वटा मुद्दा फछ्र्यौट भई ९६ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको अवस्था छ।[४]

४. सर्बोच्च अदालतको वार्षिक प्रतिवेदन २०८०/८१

**चित्र नं. ५.५: आव २०८०/८१ मा अदालतहरूमा रहेका मानव बेचबिखन सम्बन्धी मुद्दाको लगत**




| | सर्बोच्च अदालत | उच्च अदालत | जिल्ला अदालत | जम्मा |
|---|---|---|---|---|
| लगत | ३७५ | ४०२ | ३७० | ११४७ |
| फछ्र्यौट | १२२ | २६८ | १९७ | ५८७ |
| बाँकी | २५३ | १३४ | १७३ | ५६० |

सर्बोच्च अदालतको सो प्रतिवेदनमा उल्लेख भए अनुसार यस आ.व.मा उच्च अदालतका धनकुटा र बागलुङ इजलासमा र ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा, चितवन, मकवानपुर, रसुवा, धादिङ, दोलखा, रामेछाप, मनाङ, स्याङ्जा, पर्वत, म्याग्दी, मुस्ताङ, नवलपरासी, रुकुम, प्युठान, जाजरकोट, सल्यान, जुम्ला, मुगु, अछाम, बाजुरा, डोटी, दार्चुला, बैतडी, नवलपुर र पूर्वीरुकुम गरी ३४ जिल्ला अदालतहरूमा मानव बेचबिखन तथा ओसारपसारको कुनै पनि मुद्दा छैन। यस सम्बन्धी विवरण अनुसूची २ र अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

यस मन्त्रालयमा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध विवरण अनुसार आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जम्मा २२१ उजुरी परी कानूनी कारबाहीका लागि पहल भएको देखिन्छ। सो सम्बन्धी विवरण तालिका नं. ५.१० मा प्रस्तुत गरिएको छ। सो तालिका अनुसार संस्थाहरूको पहलमा दर्ता भएका कुल उजुरी २२१ मा पीडित/प्रभावितको संख्या २३५ रहेकोमा ती मध्ये लगभग ५८ प्रतिशत बालिका, ३९ प्रतिशत महिला र बाँकी ३ प्रतिशत पुरुष र बालक रहेका छन्।

**तालिका नं. ५.१०: आ.व. २०८०/८१ संस्थाहरूको पहलमा विभिन्न जिल्ला अदालतहरूमा दायर भएको मुद्दाको संख्या र पीडित/प्रभावितको संख्या**

| क्र.सं. | संस्था | उजुरी संख्या | पीडित/प्रभावितको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | बालिका | पुरुष | बालक | जम्मा |
| | माइती नेपाल | १२३ | ४३ | ८३ | ० | ४ | १३० |
| | शक्ति समूह | १४ | ५ | ९ | ० | ० | १४ |
| | आफन्त नेपाल | ३१ | १४ | २२ | ० | ० | ३६ |
| | कोपिला नेपाल | २५ | ३ | २१ | ० | ३ | २७ |
| | विश्वास नेपाल | २८ | २६ | १ | १ | ० | २८ |
| | जम्मा | २२१ | ९१ | १३६ | १ | ७ | २३५ |

## ५.५ अभियोजित कैदी/थुनुवाहरूको संख्या

कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसारको अभियोगमा नेपालका विभिन्न ३९ वटा कारागाहरूमा स्वदेशी २८८ जना (८७.८ प्रतिशत) र विदेशी ४० जना (१२.२ प्रतिशत) गरी कुल ३२८ जना कैदी र थुनुवाहरू रहेका छन्। ती मध्ये कसूर प्रमाणित भई कैद सजाय भोगी रहेका स्वदेशी १७९ (पुरुष १३४, महिला ४५) र विदेशी पुरुष ८ जना गरी १८७ जना (५७ प्रतिशत) छन् भने सोही अपराधमा आरोपित भई पुर्पक्षका लागि थुनामा रहेका स्वदेशी १०९ (पुरुष ९१, महिला १८) र विदेशी ३२ (पुरुष २७ र महिला ५) गरी जम्मा १४१ जना (४३ प्रतिशत) छन्। यस प्रकार अभियोजित कुल ३२८ कैदी/बन्दी मध्ये लगभग ७९ प्रतिशत पुरुष र २१ प्रतिशत महिला छन्। यस सम्बन्धी विवरण तालिका नं: ५.११ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.११ आ. व. २०८०/८१ मा नेपालका विभिन्न कारागारमा (बर्णानुक्रम अनुसार) मानव बेचबिखन तथा ओसारपसारको अभियोगमा कैद भुक्तान गरिरहेका र पुर्पक्षका लागि थुनामा रहेका कैदी/थुनुवाहरूको संख्या**

| क्र. सं. | कारागार/ जिल्ला | स्वदेशी | | | | | | जम्मा स्वदेशी | विदेशी | | | | | | जम्मा विदेशी | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कैदी | | | थुनुवा | | | | कैदी | | | थुनुवा | | | | |
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | |
| १ | इलाम | ४ | ३ | ७ | - | - | - | ७ | - | - | - | - | - | - | - | ७ |
| २ | उदयपुर | ३ | - | ३ | १ | - | १ | ४ | - | - | - | - | - | - | - | ४ |
| ३ | कपिलवस्तु | १ | - | १ | २ | - | २ | ३ | ३ | - | ३ | २ | - | २ | ५ | ८ |
| ४ | काभ्रेपलाञ्चोक | - | - | - | २ | - | २ | २ | - | - | - | - | - | - | - | २ |
| ५ | कास्की | ३ | ३ | ६ | २ | २ | ४ | १० | १ | - | १ | २ | - | २ | ३ | १३ |
| ६ | कैलाली | १ | - | १ | - | - | - | १ | - | - | - | - | - | - | - | १ |
| ७ | गुल्मी | १ | - | १ | - | - | - | १ | - | - | - | - | - | - | - | १ |
| ८ | घोराही, दाङ | २ | - | २ | १ | - | १ | ३ | - | - | - | - | - | - | - | ३ |
| ९ | चितवन | ३ | २ | ५ | २ | १ | ३ | ८ | - | - | - | - | १ | १ | १ | ९ |
| १० | जगन्नाथदेवल, काठमाडौं | ४१ | - | ४१ | ८ | - | ८ | ४९ | - | - | - | ७ | १ | ८ | ८ | ५७ |
| ११ | झापा | ७ | ४ | ११ | २ | २ | ४ | १५ | - | - | - | १ | - | १ | १ | १६ |

| क्र. सं. | कारागार/ जिल्ला | स्वदेशी | | | | | | जम्मा स्वदेशी | विदेशी | | | | | | जम्मा विदेशी | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कैदी | | | थुनुवा | | | | कैदी | | | थुनुवा | | | | |
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | |
| १२ | डिल्लीबजार, काठमाडौं | ६ | - | ६ | १४ | - | १४ | २० | - | - | - | - | - | - | - | २० |
| १३ | तनहुँ | - | २ | २ | २ | २ | ४ | ६ | - | - | - | - | - | - | - | ६ |
| १४ | तुलसीपुर, दाङ | ९ | ४ | १३ | - | - | - | १३ | - | - | - | - | - | - | - | १३ |
| १५ | दार्चुला | ३ | - | ३ | - | - | - | ३ | - | - | - | - | - | - | - | ३ |
| १६ | दैलेख | १ | २ | ३ | - | - | - | ३ | - | - | - | - | - | - | - | ३ |
| १७ | धनकुटा | २ | - | २ | - | - | - | २ | - | - | - | - | - | - | - | २ |
| १८ | धादिङ | १ | ४ | ५ | - | - | - | ५ | - | - | - | - | - | - | - | ५ |
| १९ | नवलपरासी | ४ | ५ | ९ | १ | २ | ३ | १२ | - | - | - | ३ | १ | - | ४ | १६ |
| २० | पर्वत | २ | - | २ | - | - | - | २ | - | - | - | - | - | ४ | - | २ |
| २१ | पर्सा | ४ | - | ४ | ४ | - | ४ | ८ | - | - | - | १ | - | १ | १ | ९ |
| २२ | पाल्पा | २ | १ | ३ | - | २ | २ | ५ | - | - | - | - | - | - | - | ५ |
| २३ | बझाङ | १ | - | १ | - | - | - | १ | - | - | - | - | - | - | - | १ |
| २४ | बर्दिया | ५ | २ | ७ | ६ | २ | ८ | १५ | १ | - | - | २ | - | २ | ३ | १८ |
| २५ | बाँके | ७ | - | ७ | ६ | - | ६ | १३ | १ | - | १ | १ | - | १ | २ | १५ |
| २६ | महोत्तरी | १ | - | १ | - | - | - | १ | - | - | १ | - | - | - | - | १ |
| २७ | मोरङ | ५ | ५ | १० | - | २ | २ | १२ | १ | - | - | ३ | - | ३ | ४ | १६ |
| २८ | रामेछाप | १ | - | १ | - | - | - | १ | - | - | १ | - | - | - | - | १ |
| २९ | रुकुम | - | - | - | १ | - | १ | १ | - | - | - | - | - | - | - | १ |
| ३० | रूपन्देही | - | - | - | २ | - | २ | २ | - | - | १ | १ | - | १ | १ | ३ |
| ३१ | रौतहट | - | १ | १ | - | - | - | १ | १ | - | - | - | - | - | १ | २ |
| ३२ | ललितपुर | - | - | - | २५ | - | २५ | २५ | - | - | - | २ | - | २ | २ | २७ |

| क्र. सं. | कारागार/ जिल्ला | स्वदेशी | | | | | | जम्मा स्वदेशी | विदेशी | | | | | | जम्मा विदेशी | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कैदी | | | थुनुवा | | | | कैदी | | | थुनुवा | | | | |
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | |
| ३३ | संखुवासभा | २ | - | २ | - | - | - | २ | - | - | - | - | - | - | - | २ |
| ३४ | सर्लाही | १ | १ | २ | - | १ | १ | ३ | - | - | - | - | - | - | - | ३ |
| ३५ | सिन्धुपाल्चोक | १ | - | १ | ३ | - | ३ | ४ | - | - | - | - | - | - | - | ४ |
| ३६ | सिन्धुली | ५ | ३ | ८ | ३ | २ | ५ | १३ | - | - | - | १ | १ | २ | २ | १५ |
| ३७ | सिराहा | १ | १ | २ | - | - | - | २ | - | - | - | - | - | - | - | २ |
| ३८ | सुनसरी | ३ | - | ३ | २ | - | २ | ५ | - | - | - | - | - | - | - | ५ |
| ३९ | सुर्खेत | १ | २ | ३ | २ | - | २ | ५ | - | - | - | १ | १ | २ | २ | ७ |
| जम्मा | | १३४ | ४५ | १७९ | ९१ | १८ | १०९ | २८८ | ८ | - | ८ | २७ | ५ | ३२ | ४० | ३२८ |

*श्रोतः गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग*

## ५.६ बैदेशिक रोजगार सम्बन्धी कारवाही

बैदेशिक रोजगार विभागको प्रगति प्रतिवेदन अनुसार आ. व. २०८०/८१ मा जम्मा ७,४१,२९७ जना नेपाली नागरिकहरूले बैदेशिक रोजगारका लागि स्वीकृत प्राप्त गरेका थिए। त्यस मध्ये ८९ प्रतिशत पुरुष र ११ प्रतिशत मात्र महिला रहेको देखिन्छ। लैङ्गिकताका आधारमा श्रम स्वीकृतिको किसिम छुट्याइ चित्र ५.६.मा प्रस्तुत गरिएको छ। बैदेशिक रोजगार विभागको उद्धार राहत तथा समन्वय शाखामा आ.व. २०८०/८१ मा १४४२ वटा उजुरी परेको, १७३ जनाको उद्धार गरिएको, २४४ जनालाई क्षतिपूर्ति दिइएको, १५२ उजुरीमा आपसी सहमति कायम भएको, ७१ वटा उजुरी फिर्ता भएको र ४२ वटा तामेलीमा राखिएको थियो भने जम्मा फर्छ्यौट भएको उजुरी संख्या ७८७ रहेको देखिन्छ। सो अवधिमा सो शाखाबाट रु. ४,६८,१८,२८५। सम्बन्धित

चित्र नं. ५.६ आ.व. २०८०/८१ मा श्रम स्वीकृति लिइ बैदेशिक रोजगारमा जाने पुरुष र महिलाको संख्या



व्यक्तिलाई क्षतिपूर्ति उपलब्ध गराईएको पाइन्छ।

विभागको मुद्दा तथा अनुसन्धान शाखामा सो अवधिमा परेको उजुरी संख्या २९१६ मध्ये ४४५ मिलापत्र भएको र ३९० वटा घटनामा अदालतमा मुद्दा दायर गरिएको थियो भने रू. २४,४९,६९,५२९। क्षतिपूर्ति वापत रकम उपलब्ध गराईएको थियो। प्रहरी शाखामा परेका ३४०५ मध्ये मिलापत्र भएको ८६ लगायत २२१७ फर्छ्यौट भएको र रू १,७६,०१,६९८। रकम क्षतिपूर्ति वापत असुल गरेको देखिन्छ। यस प्रकार सो अवधिमा कुल ७७६३ उजुरी दर्ता भएको मध्ये ३८३७ (लगभग ५० प्रतिशत) उजुरीको फर्छ्यौट भएको र कुल जम्मा रू. ३०,९३,८९,५१२। रकम क्षतिपूर्ति भराएको देखिन्छ। यसका अतिरिक्त विभागबाट नियमन गर्ने सिलसिलामा ८९ वटा इजाजत प्राप्त संस्थाको नियमित र आकस्मिक अनुगमन, १२ वटा तालिम प्रदायक संस्थाको अनलाइन अनुगमन सहित २१९ वटा अभिमूखीकरण तालिम प्रदायक संस्थाको अनुगमन र १४ वटा कन्सल्टेन्सी संस्थाको अनुगमन गरिनुका साथै १४ वटा इजाजत प्राप्त संस्थाको कारोबार बन्द गरेको र १२७ जनाको राहदानी फिर्ताका लागि पहल गरेको पनि देखिन्छ।[५] महान्यायाधिवक्ताको कार्यालयको प्रतिवदेन अनुसार विशेष सरकारी वकील कार्यालयबाट बैदेशिक रोजगार सम्बन्धमा आ.व. २०८०/८१ मा २१८ मुद्दा दायर भएको र प्रतिवादीको संख्या ५०२ रहेको छ।[६]

५ बैदेशिक रोजगार विभागको आर्थिक बर्ष २०८०/८१ को असार मसान्तसम्मको प्रगति विवरण https://dofe.gov.np/yearly.aspx

६ महान्याधिवक्ता कार्यालयको बार्षिक प्रतिवेदन २०८०/८१

परिच्छेद ६

# क्षमता विकास

## ६.१ सामाजिक सूचना प्रणाली

नेपालमा सङ्घीय शासन प्रणाली लागू भई सामाजिक विकास, सामाजिक सुरक्षा र सामाजिक संरक्षणका सवालहरू तीनै तहको सरकारको जिम्मेवारीमा रहेको परिप्रेक्ष्यमा स्थानीय तहदेखि सङ्घीय तहसम्मको सामाजिक सूचनाको प्रवाहलाई नियमित र प्रभावकारी तरिकाले व्यवस्थापन गर्न आ.व. २०८०/८१ मा यस मन्त्रालयले सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) को विकास गरेको छ। राज्य संयन्त्रमा छरिएर रहेका सामाजिक तथ्याङ्कलाई एकीकृत गरी स्थानीय तहदेखि सङ्घीय तहसम्म तथ्याङ्कको प्रवाह कायम गरी नीति निर्माण तथा कार्यान्वयनमा सहयोग पुर्‍याउनुका साथै देहायका उद्देश्य सहित SIMS कार्यान्वयनमा ल्याउन प्रयास गरिएको छ।

(क) लैङ्गिक तथा सामाजिक तथ्याङ्कमा रहेको रिक्तता पूर्ति गर्ने,

(ख) सूचना र कार्यप्रवाहलाई व्यवस्थित बनाउने,

(ग) सम्पूर्ण प्रमाण तथा कागजातलाई व्यवस्थित बनाउने र समयमै पहुँचयोग्य बनाउने,

(घ) अनुगमनलाई भरपर्दो बनाउने र सहजीकरण गर्ने,

(ङ) प्रगति प्रतिवेदन सजिलै प्राप्त गर्न सकिने बनाउने।

छलफल र अन्तरक्रियाद्वारा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक; बालबालिका तथा किशोरकिशोरी; अपाङ्गता भएका व्यक्ति; जेष्ठ नागरिक; बालगृह; बालसुधार गृह; ज्येष्ठ नागरिक हेरचाह केन्द्र; मानव बेचबिखन तथा ओसारपसार; श्रम आप्रवासन; गुनासो/उजुरी दर्ता; परिचयपत्र; प्रतिवेदन लगायत १२ वटा विषयगत क्षेत्रहरूको निर्धारणपछि तथ्याङ्क प्रविष्ट गर्ने, भण्डारण गर्ने र विश्लेषण गर्ने गरी सफ्टवेयर निर्माण गरिएको छ। साथै सो सफ्टवेयरको बारेमा छनोट गरिएका केही प्रदेश र जिल्लाहरूमा स्थानीय तहका सरोकारवालाहरू समेतको सहभागितामा सफ्ट्वेयर उपयोग गर्ने बारे नमुना परीक्षणका साथै क्षमता विकास तालिम सञ्चालन गरिएको छ। यसका अतिरिक्त SIMS को प्रयोग र यसलाई स्थानीयकरण गर्न सबै महानगरपालिका, उपमहानगरपालिका, नगपालिका र गाउँपालिका लगायत सरोकारवालाहरूको अहम् भूमिका रहने हुँदा सबैको सहयोग र सहकार्यको आवश्यकता बारे बोध गराउने सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहयोगमा सबै स्थानीय तहलाई SIMS लाई कार्यान्वयनमा ल्याउन परिपत्र गरिदिन संघीय मामिला तथा सामान्य प्रशासनसँग समन्वय बैठक सम्पन्न भएको छ भने राष्ट्रिय तथ्याङ्क प्रणालीमा SIMS लाई आबद्ध गरी सबलीकरण गर्ने

सम्बन्धमा राष्ट्रिय तथ्याङ्क कार्यालयसँग पनि समन्वय बैठक सम्पन्न भएको छ। SIMS को प्रयोगबाट छरिएर रहेका सामाजिक तथ्याङ्कलाई एकीकृत गरी स्थानीय तहदेखि केन्द्रीय तहसम्मको तथ्याङ्कको व्यवस्थित हुनुका साथै नीति निर्माण तथा कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## ६.२ तालिम अभिमूखीकरण

सामाजिक कार्यकर्ता, कानून कार्यान्वयन गर्ने निकाय, न्यायिक निकाय लगायतका सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संस्थाका कर्मचारीहरूलाई मानव बेचबिखन नियन्त्रणका विविध पक्षहरू सम्बन्धमा निरन्तर रूपमा तालिम तथा अभिमूखीकरण कार्यक्रमहरू सञ्चालन हुदै आएका छन्। यी कार्यक्रमहरूमा पीडित पहिचान, आघात-सूचित हेरचाह, कानुनी ढाँचा र प्रमाणमा आधारित अनुसन्धान प्रविधिहरू समावेश छन्। यसप्रकारको प्रशिक्षणमा सरकारी निकायहरू, नागरिक समाज संस्थाहरू र मिडिया लगायत विभिन्न क्षेत्रका सरोकारवालाहरूबीच अन्तर निकाय/विषय सहकार्य हुने गरेको छ। परिणामस्वरूप पीडित केन्द्रित हेरचाह पद्धतिको क्रमिक रूपमा विकास हुँदै गइरहेको छ। सरकारी निकाय तथा नागरिक समाज संस्थाहरूले पीडितहरूलाई सहयोग सेवाहरू बृद्धि गर्दै लैजाने प्रयास जारी छ। यसमा कानुनी सहायता, मनोवैज्ञानिक सहयोग, स्वास्थ्य सेवा, आवासीय हेरचाह, शिक्षा र सीप विकास लगायतका विषय समावेश छन्। आ.व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सम्बोधन प्रणालीलाई प्रभावकारी बनाउन कार्यरत विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरूले सम्पादन गरेका क्रियाकलापहरू देहाय अनुसार छन्ः

### (क) नेपाल प्रहरी

नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान र तालिम केन्द्रहरुबाट प्रहरी अधिकारीहरूलाई मानव बेचबिखन लगायत लैङ्गिक हिंसा नियन्त्रण र बालबालिकासँग सम्बन्धित अपराधको सम्बोधन गर्न विशेषगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा कार्यरत प्रहरी जनशक्तिलाई निरन्तर रूपमा विशेष तालिम प्रदान हुँदै आएको छ। मनोसामाजिक परामर्श सहित प्राथमिक उपचार, महिला तथा बालिका विरुद्ध हुने अपराधको अनुसन्धान, बलात्कारका घटनाहरू, यौन आक्रमण, बाल यौन दुर्व्यवहार, मानव बेचबिखन तथा ओसारपसार जस्ता घटनाहरूमा बालिकाहरूमा विशेष ध्यान केन्द्रित गर्दै, भेदभावपूर्ण अभ्यासहरू र साइबर अपराध नियन्त्रण सम्बन्धी विषयमा सहभागीहरूलाई सीप अभिवृद्धि गर्ने हेतुले ती तालिमहरू सञ्चालन गरिएका हुन्। प्रहरी कर्मचारीहरूलाई नियमित रूपमा लैङ्गिक-उत्तरदायी सञ्चार सीप, घरेलु हिंसाका मुद्दाहरूको व्यवस्थापन, बाल न्याय र अधिकारमुखी अवधारणबाट पीडितले पाउने सहयोग बारे ज्ञान प्रदान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान तथा प्रदेशमा रहेका तालिम केन्द्रहरूद्वारा सञ्चालित यस प्रकारका तालिममा जम्मा १,११४ प्रहरी कर्मचारीहरू सहभागी भएका देखिन्छन्।[१]

१. महान्याधिवक्ता कार्यालयको बार्षिक प्रतिवेदन २०८०/८१

नेपाल प्रहरीले बेचबिखनका घटनाहरूको विश्लेषण गर्न विशेष डेटा बेस र सफ्टवेयर ट्र्याक (CDR र १२) पनि विकास गरेको छ। गुनासो र जानकारी सङ्कलन सम्बन्धी QR कोड जस्ता उपकरणहरू पनि वेबसाइटमा राखिएकाछन्। सचेतना अभियानका साथै पीडित/प्रभावितको पहुँचका लागि डिजिटल प्लेटफर्म र सामाजिक सञ्जाल मार्फत डिजिटल अभियान र पहुँच कार्यक्रम सुरु गरिएको छ। बेचबिखनको जोखिममा रहेका महिला तथा बालिकाहरूलाई पहुँचयोग्य जानकारी र सहयोग प्रदान गर्न मोबाइल एप्स र अनलाइन स्रोतहरू उपयोगी सिद्ध हुने विश्वास गरिएको छ।

### (ख) गैरसरकारी संघसंस्था

सरकारी निकायहरूको सहयोग, समन्वय, सहकार्य र सहभागितामा मानव बेचबिखन नियन्त्रणका लागि कार्यरत गैरसरकारी संघसंस्थाहरूले आ.व. २०८०/८१ मा तालिका नं. ६.१ मा प्रसतुत गरिएअनुसार तालिम अभिमूखीकरण कार्यक्रमहरू आयोजना गरेका छन्। ती क्षमता विकास सम्बन्धी कार्यक्रमहरूमा महिला १,७६८ र पुरुष ६८३ गरी २,४५१ जना प्रत्यक्ष रूपमा सहभागी भएका छन्।

**तालिका नं. ६.१: आ.व. २०८०/८१ मा गैरसरकारी संघसंस्थाहरूले गरेका क्षमता विकाससम्बन्धी प्रयास**

| संयोजन गर्ने संस्था | स्थान/कार्यक्रम | सहभागी संख्या |
|---|---|---|
| माइती नेपाल | इलाममा महिला तथा पुरुष प्रहरी कर्मचारीलाई अभिमूखीकरण | महिला ३ पुरुष २५ |
| | मोरङ बिराटनगर महानगरपालिकामा सीमा निगरानीमा काम गर्ने सरोकारवालाहरूलाई क्षमता अभिवुद्धि कार्यक्रम | महिला १० पुरुष १२ |
| | काठमाडौंमा नेपाल प्रहरीका कर्मचारीहरूलाई २ पटक तालिम | महिला ७ पुरुष ५२ |
| | बर्दिया गुलरियामा सेवा प्रदायकहरूलाई क्षमता अभिवृद्धि तालिम | महिला १३ पुरुष १५ |
| | कञ्चनपुरको दोधाराचाँदनीमा बाल यौन शोषण र मानव बेचबिखन विरुद्ध सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि | महिला ४ पुरुष २९ |
| शक्ति समूह | काठमाडौंमा सरोकारवालाहरूलाई mentoring session | महिला ७८ |
| | काठमाडौंमा प्रभावितहरूलाई अङ्ग्रेजी भाषा विशेष कक्षा | महिला ४ |
| | कास्कीको पोखरामा मानव बेचबिखन सम्बन्धी सवालहरूका बारे प्रभावकारी रूपमा कार्यान्वयनमा सरोकारलाहरूको भूमिका बारे अन्तरक्रिया | महिला १८ पुरुष १८ |
| कोपिला नेपाल | कास्कीको पोखरामा दक्षिण एसियाका र नेपाल स्थित गैससहरूका लागि लक्षित मानव बेचविखनको अवस्था र अनुभव आदानप्रदान बारे ३ दिने कार्यशाला | नखुलेको |

| | | |
|---|---|---|
| नारी सीप सृजना केन्द्र | मकवानपुरको राक्सिराङ गाउँपालिकामा स्थानीय सरकारसँगको नीति पैरवी सीप विकास सम्बन्धी कार्यशाला | महिला ११ पुरुष १८ |
| विश्वास नेपाल | एटविनसँगको सहकार्यमा प्रभावितहरूको बन्द सत्र | महिला २० |
| | पर्पल फाउन्डेसनसँगको सहकार्यमा प्रभावितहरूलाई रुपान्तरकारी नेतृत्व तालिम | महिला ५ |
| | प्रयास नेपालसँगको सहकार्यमा प्रभावितहरूको क्षमता अभिवृद्धि तालिम | महिला ६ |
| | प्रभावितहरूलाई जुता सिलाउन र  उघोषक तालिम | नखुलेको |
| | प्रभावितहरूलाई अंग्रेजी कक्षा सञ्चालन | महिला १६ पुरुष ४ |
| | प्रभावितहरूलाई नेतृत्व विकास तालिम | महिला २८ पुरुष ५ |
| | आस्मान नेपालसँगको सहकार्यमा मनोरन्जन क्षेत्रमा हुने बालबालिका आन्तरिक बेचबिखनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने सवालमा छलफल | नखुलेको |
| | NBI सँगको सहकार्यमा प्रभावितहरूको अधिकार र व्यवसाय सहयोग कार्यक्रम | नखुलेको |
| | एसिया फाउन्डेसनसँगको सहकायर्यमा प्रभावितहरूको नागरिक्ताको अधिकार सम्बन्धी गोष्ठी | नखुलेको |
| | प्रभावितहरूलाई उदघोषक तालिम | महिला १६ पुरुष ४ |
| | स्थानीय सरकारका सम्बन्धित शाखाका प्रतिनिधीहरूलाई घटना व्यवस्थापन सम्बन्धी तालिम | महिला २२ |
| | हेटौडा, मकवानपुर  विश्वास प्रेरणा राष्ट्रिय र प्रदेश स्तरिय सञ्जालहरूलाई आन्तरिक मानव वेचविखन तथा ओसारपसार विरुद्ध, प्रभावकारी सञ्चा र नेतृत्व विकास तालिम | महिला ३१ |
| | रूपन्देहीमा विश्वास प्रेरणा राष्ट्रिय र प्रदेश स्तरिय सञ्जालहरूलाई आन्तरिक मानव वेचविखन तथा ओसारपसार विरुद्ध, प्रभावकारी सञ्चार नेतृत्व विकास तालिम | महिला ३२ |
| | काठमाडौंमा आन्तरिक मानव वेचविखन तथा ओसारपसार विरुद्ध छलफल कार्यक्रम | महिला २२ |
| | काठमाडौंमा विश्वास प्रेरणा राष्ट्रिय सञ्जालको रणनिती योजना | महिला २१ |
| | रूपन्देही र काठमाडौंमा आन्तरिक बेचबिखन तथा ओसारपसार विरुद्ध दोहोरी गीत र हाजिरि जवाफ मार्फत सचेतना | महिला २५० |
| एटविन | काठमाडौंमा "मानव बेचबिखन न्यूनिकरणमा सरकारी निकायको भूमिका" संवाद कार्यक्रम | महिला २५ पुरुष १० |

| | | |
|---|---|---|
| | काठमाडौं "मानव बेचबिखन नियन्त्रण तथा मनोरञ्जन क्षेत्रलाई व्यवस्थित बनाउन निजी क्षेत्रको भूमिका" संवाद कार्यक्रम | महिला १९ पुरुष १० |
| | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका नागरिक समाजलाई रोकथाम/ अवरोध/फिर्ता/पुर्नमिलन/ पुनःएकीकरण/परामर्श सम्बन्धी तालिम | महिला ६८ पुरुष १४ |
| | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका सुरक्षाकर्मीहरूलाई अवरोध, परामर्श र सम्प्रेषण सम्बन्धी अभिमूखिकरण कार्यक्रम | महिला २३ पुरुष १०४ |
| | काभ्रेमा नेतृत्व सीप विकास प्रशिक्षण | महिला ३५ |
| | ललितपुरमा मानव बेचबिखनविरूद्धको अवधारणागत स्पष्टता प्रशिक्षण | महिला २५ पुरुष ७ |
| | काठमाडौंमा "मानव बेचबिखनबाट प्रभावित र मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूका सवाल र सम्बोधन" अन्तरक्रिया कार्यक्रम | महिला ४८ पुरुष ८ |
| | काठमाडौंमा "मानव बेचबिखनसँग सम्बन्धित विभिन्न अवधारणाहरू" अन्तरक्रिया कार्यक्रम | महिला ४४ पुरुष ७ अन्य १ |
| | काठमाडौंमा "मानव बेचबिखनबाट प्रभावितहरूका सवाल पहिचान" छलफल बैठक | महिला २५ |
| | ललितपुरमा "मनोरञ्नज क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूका मुद्दाहरू पहिचान" बन्द कार्यशाला गोष्ठी | महिला ३६ |
| | काठमाडौंमा "मनोरञ्नज क्षेत्रमा कार्यरत महिला श्रमिकहरूका सवाल पहिचान" संजालसँग छलफल बैठक | महिला १८ पुरुष ३ |
| | काठमाडौंमा "मानव बेचबिखन अन्त्यका लागि संचारकर्मीसँग संवाद" | महिला २३ पुरुष १० |
| | कास्कीको पोखरामा "मानव बेचबिखनबाट प्रभावितहरूका सवाल पहिचान" प्रादेशिक तहमा छलफल बैठक | महिला ३७ |
| | कास्कीको पोखरामा "मानव बेचबिखन न्यूनीकरणमा सरोकारवालाको भूमिका" विषयक प्रदेशस्तरीय कार्यक्रम | महिला ४१ पुरुष २८ |
| | काठमाडौंमा "मानव बेचबिखनबाट प्रभावितहरूको मुद्दा पहिचान" प्रभावितको संजालसँग छलफल बैठक | महिला ३२ |
| | काठमाडौंमा "मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलारुका मुद्दा पहिचान" संजालसँग छलफल बैठक | महिला २२ पुरुष ५ |

| | | |
|---|---|---|
| | काठमाडौंमा मानव बेचबिखनसँग सरोकार रहेका विषयवस्तु सम्बन्धी समन्वय बैठक | महिला ५४ पुरुष ८ |
| | ललितपुरमा "मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूका मुद्दाहरू पहिचान" बन्द कार्यशाला गोष्ठी | महिला २९ |
| | ललितपुरमा "मानव बेचबिखनबाट प्रभावितहरूका मुद्दा पहिचान" बन्द कार्यशाला गोष्ठी | महिला २४ |
| | सुनसरीको इटहरीमा "मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूका सवाल पहिचान" संजालसँग छलफल बैठक | महिला ३१ |
| | झापाको बिर्तामोडमा "मानव बेचबिखनबाट प्रभावितहरूका सवाल पहिचान" संजालसँग छलफल बैठक | महिला ३४ पुरुष १ |
| | भारतको पश्चिम बंगाल दार्जिलिङमा मानव बेचबिखन विरूद्ध सरोकारवालासँग बैठक | नखुलेको |
| | काठमाडौं, बागमती प्रदेश "मानव बेचबिखनबाट प्रभावित र मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूका सवाल र सम्बोधन" अन्तरक्रिया कार्यक्रम | महिला ५१ पुरुष १३ |
| | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशमा बालश्रम सम्बन्धी बेचबिखनका मुद्दाहरूलाई रोक्न र सम्बोधन गर्न समन्वय सन्यत्रको बैठक २२ वटा | महिला १०८ पुरुष १४३ |
| | काठमाडौंमा प्रमाणमा आधारित वकालत र संलग्नता, बालश्रम शोषण, स्थानगमन, ओसारपसार रोकथाम, पहिचान र सम्बोधन गर्ने पक्षहरूलाई समेट्ने निति तथा कानूनी वातावरणलाई सुदृढीकरण गर्न राष्ट्रियस्तरको परामर्श कार्यक्रम | महिला ३९ पुरुष १२ |
| | काठमाडौं, बागमती प्रदेश "पालेर्मो प्रोटोकलको घरेलुकरणका लागि आगामी कार्यदिशा" बारे विभिन्न सरकारी निकायसँग बैठक | महिला २३ पुरुष ९ |
| | ललितपुरमा "मानव विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने आलेख (पर्लेमो प्रोटोकल) सम्बन्धि अभिमुखिकरण कार्यक्रम" | महिला ४७ पुरुष १४ |
| | काठमाडौंमा "मानव बेचबिखन सम्बन्धी पालेर्मो प्रोटोकलको घरेलुकरणमा नीतिनिर्माताहरूको भुमिका" अन्तरक्रिया कार्यक्रम | महिला ४८ पुरुष १८ |
| | काठमाडौंमा "मानव बेचबिखनका आयाम र प्रवृत्तिहरुः पहिचान र सम्बोधन" प्यानल छलफल | महिला ७३ पुरुष ३८ |

| | | |
|---|---|---|
| सुनिता फाउण्डेशन | दुप्चेश्वर गाउँपालिका, नुवाकोटमा जिल्ला स्तरीय सरोकारवालाहरु सँग अन्तरक्रिया कार्यक्रम | महिला २० पुरुष १० |
| | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोकमा सरोकारवालाहरुसँग समिक्ष्यात्मक अन्तरक्रिया कार्यक्रम | महिला २३ पुरुष १४ |
| | हेटौंडा उपमहानगरपालिका, मकवानपुरमा सरोकारवालाहरुसँग समिक्ष्यात्मक अन्तरक्रिया कार्यक्रम | महिला १६ पुरुष १४ |
| | काठमाण्डौंमा बेचबिखन प्रभावितहरुको आर्थिक पुनरमिलनको अधिकार सुनिश्चित गर्नका लागि हाम्रो भुमिका शीर्षक कार्यशाला | महिला ३५ पुरुष १५ |

परिच्छेद ७

# सहयोग, समन्वय र सहकार्य

आ. व. २०८०/८१ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि यस मन्त्रालय लगायत सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूबाट देहाय अनुसारका समन्वय, सहयोग र सहकार्य सम्बन्धी क्रियाकलापहरू सम्पन्न भएका छन्।

## ७.१ राष्ट्रियस्तरमा समन्वय र सहकार्य

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ तथा नियमावली, २०६५ अनुसार विभिन्न मन्त्रालय/निकाय तथा संघसंस्थाहरूको प्रतिनिधित्व हुने गरी यस मन्त्रालयको सचिवको संयोजकत्वमा गठित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र सबै जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन भएका जिल्ला समितिहरू सबै सरोकारवालाहरूबीचको समन्वय, सहयोग र सहकार्यलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण समन्वयकारी संयन्त्रहरू हुन्। मानव बेचबिखन विरुद्ध निरोधात्मक र संरक्षात्मक कार्यक्रमहरूको तर्जुमा लगायत नीतिगत र कानूनी सुधार, पीडित प्रभावितहरूको उद्धार, स्वदेश फिर्ति र पुनर्स्थापना, बेचबिखन कर्ताहरू विरुद्ध कानूनी कारवाहीका लागि परराष्ट्र मन्त्रालय, विदेश स्थित नेपाली कुटनीति नियोगहरू, गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, मानव बेचबिखन अनुसन्धान ब्यूरो, सशस्त्र प्रहरी बल, नेपाल, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालयका साथै मानव बेचबिखन विरुद्ध कार्यरत नागरिक समाज संघसंस्थाहरू, नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय निकाय लगायत द्विपक्षीय/बहुपक्षीय दातृ निकायहरूसंगको समन्वय र सहयोग अभिबृद्धिका लागि मन्त्रालय र राष्ट्रिय समिति प्रयत्नशील रही आएको छ।

नेपालले पालेर्मो प्रोटोकल अनुमोदन गरेपछि यस मन्त्रालयको अगुवाईमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि राष्ट्रिय नीति, ऐन, नियमावली र कार्ययोजनाको तर्जुमा तथा परिमार्जन गर्ने सिलसिलामा संघ, प्रदेश र स्थानीय तहमा विभिन्न सरोकारवाला निकाय, नागरिक समाज संघसंस्था तथा पीडित/प्रभावितहरूसँग सहयोग र सहकार्यलाई बढावा दिंदै सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रमहरूको माध्यमबाट राय सुझाव संकलन गर्ने कार्य सम्पन्न गरेको छ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को संशोधनका लागि कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय, अर्थ मन्त्रालय लगायत सरोकारवाला मन्त्रालयहरूसँग विभिन्न समयमा

समन्वय, छलफल र परामर्श वैठकहरू सम्पन्न भएका छन्। आ.व. २०८०/८१ मा मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिको तीन पटक बैठक बसी महत्वपूर्ण निर्णयहरू भएका छन्। समन्वय र सहयोगको दृष्टिकोणले राष्ट्रिय समितिले गैरसरकारी संस्थाहरू शक्ति समूह, साथी, एबीसी नेपाल, आवाज र थ्रि एन्जल्सलाई क्रमशः सिन्धुपाल्चोक, बाँके, काठमाडौं, सुर्खेत र कास्कीमा रहेका पुनर्स्थापना केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापन वापत खर्च शोधभर्ना भुक्तानी दिने सम्बन्धमा निर्णय गरेको छ। समितिले जिल्ला अदालत मकवानुपरको फैसला बमोजिम  मानव बेचबिखनका पाँच जना पीडितहरूलाई क्षतिपूर्ति दिने निर्णय गरेको छ। राष्ट्रिय समितिले मन्त्रालयको सहयोग र समन्वयमा एवीसी नेपालद्वारा काठमाडौंमा सञ्चालित पुनर्स्थापना केन्द्रको अनुगमन तथा व्यवस्थापन समितिसँग अन्तरक्रिया गरी आवश्यक पृष्ठपोण प्रदान गरेको छ।

मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितका लागि सञ्चालित पुनर्स्थापना केन्द्रका सञ्चालक, व्यवस्थापक र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिका सदस्य र स्थानीय तहका कर्मचारीहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी पुनर्स्थापना केन्द्रबाट सम्पादित कार्यहरूको समीक्षा गरेको थियो। सो अवसरमा पुनर्स्थापना केन्द्रका सञ्चालक तथा व्यवस्थापकहरूलाई जिल्ला समितिसँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन आवश्यक सल्लाह सुझाव प्रदान गर्नुका साथै पुनर्स्थापना केन्द्रको आगामी कार्ययोजना निर्माण र कार्यान्वयनमा जोड दिने र जिल्लामा अन्य सरोकारवाला निकाय तथा संस्थाहरूसँगको प्रभावकारी समन्वय गर्ने बिषयमा छलफल केन्द्रित रहेको थियो। यसरी नै मन्त्रालयले किशोरी समूह वा बेचबिखनबाट प्रभावित हुनसक्ने जोखिम समूह तथा सरोकारवाला निकायहरूको सहभागितामा मानव बेचबिखन अनुसन्धान व्युरोको सहकार्यमा अनलाइनबाट हुन सक्ने बेचबिखनबाट जोगिन साइबर क्राइम सम्बन्धी जानकारी तथा मानव बेचबिखन विरुद्ध अभियान कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा धादिङ जिल्लामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण क्षेत्रमा कार्य गरिरहेका सरकारी निकाय, गै.स.स. र सम्बन्धित सरोकारवाला निकायहरूको सहभागितामा सो कार्यक्रम सम्पन्न भएको र जिल्लामा मानव बेचबिखनको अवस्था पहिचान बारे जानकारी लिइएको छ।

### ७.२ जिल्ला तथा स्थानीयस्तरमा समन्वय बैठकहरू

विभिन्न जिल्ला तथा स्थानीय तहमा मानव बेचबिखन नियन्त्रण समितिहरू, परियोजना सल्लाहकार समितिसँगको परामर्श र सहमन्वयमा विभिन्न गैरसरकारी संस्थाहरूले वैठक आयोजना गरी आपसी सहयोग र सहकार्यलाई प्रवर्द्धन गरेका छन्। यससम्बन्धी विवरण तालिका ७.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.१: गैरसरकारी संस्थाहरूको पहलमा विभिन्न जिल्ला तथा स्थानीय तहमा आयोजना गरिएका समन्वय वैठक सम्बन्धी विवरण**

| संस्था | जिल्ला | कार्यक्रम |
|---|---|---|
| माइती नेपाल | इलाम | नेपाल भारत सीमा नाकाका अधिकारीहरूसँग द्विपक्षीय सहयोग बैठक |
| | झापा | नगरस्तरीय परियोजना सल्लाहकार समितसँग समीक्षा बैठक |
| | मोरङ | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, नगर प्रमुख, जिल्ला न्यायधिवक्ता, गैसस जिल्ला प्रमुख,पत्रकार महासंघ र सरोकारवाला संघसंस्था लगायतको मानव बेचबिखन नियन्त्रण जिल्ला समितिको बैठक |
| | धनुषा | जनकपुरधाम उपमहानगरपालिकाका परियोजना सल्लाकार समितिसंग छलफल, प्रहरी, प्रशासन, सरकारी कर्मचारी तथा माइती नेपाल धनुषाका कर्मचारीहरूबीच समन्वयात्मक बैठक तथा छलफल |
| | पर्सा | स्थानीय तथा राष्ट्रिय स्तरका पत्रकारहरूको सम्मेलन |
| | काठमाडौं | काठमाण्डौंको चन्द्रागिरी नगरपालिकामा मानब बेचबिखन बिरुद्ध समन्वय बैठक |
| | रसुवा | जिल्ला सदरमुकाम धुन्चेमा मानव बेचबिखन नियन्त्रण जिल्ला समितिसँ समन्वय बैठक, स्याप्रुबेसीमा स्थानीय तहसँग MPAC बैठक र टिम्मुरेमा प्रहरीसँग अन्तरक्रिया बैठक |
| | चितवन | मानव बेचबिखन नियन्त्रण जिल्ला समितिसँगको समन्वय बैठक |
| | रूपन्देही | मानव बेचबिखन नियन्त्रण जिल्ला समितिसँग बैठक संख्या ३;<br>सिद्धार्थनगर नगरपालिकामा मानव बेचबिखन नियन्त्रण स्थानीय समितिसँग बैठक संख्या ४;<br>प्रहरी, अधिवक्ता र संघ संस्थासँग समन्वयात्मक अन्तरक्रिया बैठक संख्या २;<br>यातायात कर्मीहरूसँग अन्तरक्रिया कार्यक्रम;<br>नेपाल भारत कोर कमिटीको समन्वयात्मक बैठक;<br>परियोजना सल्लाहकार समितिको बैठक र पत्रकार सम्मेलन |

| संस्था | जिल्ला | कार्यक्रम |
|---|---|---|
| | बाँके | जिल्ला समिति, अन्तरक्रियात्मक बैठक, नेपाल प्रहरीका अधिकृत एवम् प्रहरी कर्मचारी, सञ्चारकर्मीहरूसँग समन्वयात्मक अन्तरक्रिया;<br>नेपाल र भारतका सरकारी र गैर सरकारी निकाय, सुरक्षा निकाय र सञ्चारकर्मी समेतको सहभागितामा अन्तरदेशीय कार्यशाला गोष्ठी |
| | बर्दिया | मानब बेचबिखन नियन्त्रण जिल्ला समितिसँग समन्वय बैठक संख्या २; गुलरिया नगरपालिकामा मानब बेचबिखन नियन्त्रण स्थानीय समितिसँग समन्वय बैठक; मानब बेचबिखन तथा ओसार पसार बिरुद्ध सञ्चार कर्मीहरूसँग अन्तरक्रिया;<br>नगर परियोजना परामर्श समितिको बैठक;<br>मानब बेचबिखन तथा ओसारपसार बिरुद्ध सरोकारवालाहरूसँग अन्तरक्रिया |
| | कैलाली | धनगढी उ.न.पा. वार्ड नं. २ का वडा अध्यक्ष ,कञ्चनपुर जिल्ला पुनरबास न.पा.वार्ड नं.११ वडा अध्यक्ष, भारतीय गौरीफंटा पोस्टका एस.एस.बी प्रमुख, त्रिनगर प्रहरी चौकी प्रमुख तथा सीमामा काम गर्ने सरोकारवाला भारतीय र सरकारी, गैसससँग समन्वय बैठक |
| | कञ्चनपुर | मानव बेचबिखन नियन्त्रण जिल्ला समितिसँग समन्वय बैठक;<br>भीमदत्त नगरपालिकामा मानव बचबिखन नियन्त्रण स्थानीय समितिसँग समन्वय बैठक;<br>दोधारा चाँदनी नगरपालिकामा मानव बेचबिखन नियन्त्रण स्थानीय समितिसँग समन्वय बैठक तथा परियोजना सल्लाहाकार समितिको बैठक |
| शक्ति समूह | काठमाडौं | नेपाल प्रहरीसँग अन्तरक्रिया कार्यक्रम |
| | कास्की | पोखरा महानगरपालिकामा मानव बेचबिखन नियन्त्रण स्थानीय समितिसँग समन्वय बैठक; नेपाल प्रहरीसँग अन्तरक्रिया कार्यक्रम; सरोकारवालाहरूसँग अन्तरक्रिया |

| संस्था | जिल्ला | कार्यक्रम |
|---|---|---|
| आफन्त नेपाल | मोरङ | विराटनगर महानगरपालिका- १८ मा किशोरी समूह गठन<br>विराटनगर महानगरपालिका –१३ मा वार्षिक परियोजना समीक्षा |
| | झापा | मेचीनगर नगरपालिका–०६ मा वार्षिक परियोजना समीक्षा<br>मेचीनगर नगरपालिका–१५ मा महिला समूह गठन |
| | चितवन | माडी नगरपालिका–८ मा महिला समूह गठन |
| | पर्सा | बिरगञ्ज महानगरपालिकामा वार्षिक परियोजना समीक्षा |
| | बाँके | राप्ती सोनारी गाउँपालिका ७ मा किशोरी समूह गठन तथा परिचालन<br>नेपालगञ्ज उपमहानगरपालिका १७ मा पुरुष समूह गठन तथा परिचालन<br>नेपालगञ्ज उपमहानगरपालिका १ मा परियोजना समीक्षा कार्यक्रम |
| कोपिला नेपाल | कास्की | पोखरा महानगरपालिकामा प्रत्येक २ महिनामा समन्वय बैठक |
| नारी सीप सृजना केन्द्र | मकवानपुर | हेटौंडामा संघसंस्थाहरूसँग जिल्ला स्तरीय समन्वय बैठक |
| एटविन | पर्सा, कञ्चनपुर र रूपन्देही जिल्लामा नेपाल र भारतका सरकारी निकाय तथा नागरिक समाज सम्मिलित सीमापार समन्वय र सहकार्यलाई सहज बनाउन क्रस बोर्डर अन्तरक्रिया कार्यक्रम संख्या ३ वटा | |
| | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशमा बालश्रम शोषणको रोकथाम, प्रारम्भिक पहिचान र सम्प्रेषण संयन्त्रलाई चलायमान बनाउन, स्थिति अनुगमन र प्रारम्भिक चेतावनी संयन्त्रको स्थापना संख्या २२ वटा | |
| संरक्षक समूह नेपाल (ससने) | काठमाडौं महानगरपालिकाको सामाजिक विकास शाखाका कर्मचारीहरूसँग मानव बेचबिखन नियन्त्रण सम्बन्धी महानगरपालिकाको नीति तथा रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सन्दर्भमा विभिन्न मितिमा आयोजना भएको बैठक संख्या ९ र सहभागी पदाधिकारीहरूको संख्या ९० रहेको। | |

## ७.३ विकास साझेदारहरूसँगको सहयोग र सहकार्य

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र अन्तर्गत महिला सशक्तिकरण महाशाखा तथा मानव बेचबिखन शाखामार्फत मानव बेचबिखन, मानव तस्करी, लैङ्गिकतामा आधारित हिंसा, बाल विवाह,

बाल श्रम लगायत आधुनिक दासता विरूद्ध लक्षित विभिन्न क्रियाकलापहरू सञ्चालनका सम्बन्धमा विकास साझेदारहरूसँग निरन्तर रूपमा सम्पर्क, समन्वय र सहकार्य भइरहेको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) का साथै संयुक्त राष्ट्रसंघीय निकायहरू UN Women, UNICEF, UNFPA, UNODC, ILO, IOM सँग सम्पर्क र बैठक हुनुका साथै मन्त्रालयले संयुक्त राज्य अमेरिका सरकारको सहयोगमा Winrock International सँगको मानव बेचबिखन विरूद्धको "हाम्रो सम्मान" परियोजना कार्यान्वयन गरियो। सन् २०११ मा नेपाल सरकार र स्वीटजरल्याण्ड सरकारबीच द्विपक्षीय सम्झौता भई कार्यान्वयनमा रहेको सुरक्षित आप्रवासन (Safer Migration -SaMI) कार्यक्रम नोभेम्बर २६, २०२४ देखि कार्यन्वयनको चौथो चरणमा प्रवेश गरेको छ। सो कार्यक्रमले संघ, प्रदेश र स्थानीय सरकारको समन्वय, सहकार्य र साझेदारीमा बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाई श्रम आप्रवासनमा हुन सक्ने मानव तस्करी र मानव बेचबेबिखनको जोखिमीलाई न्यूनीकरणमा योगदान पुर्‍याइरहेको छ।

समाज कल्याण परिषद्द्वारा उपलब्ध गराइएको विवरण अनुसार आ.व. २०८०/८१ मा नेपालका छ वटा गैरसरकारी संस्थाहरूले विकास साझेदार/दातृनिकायहरूसँगको सहयोग र साझेदारितामा देशभित्र मानव बेचबिखन विरुद्ध सचेतना जगाउने, पीडित/प्रभावितहरूका लागि संरक्षण तथा पुनर्स्थापना सेवा उपलबध गराउनुका साथे न्यायमा पहुँच दिलाउने र नीति कानून सुधारको क्षेत्रमा वहस पैरवीका साथै सरकारलाई सहयोग पुर्‍याउने लगायतका क्रियाकलापहरू सहित परियोजना कार्यान्वयन गरिरहेका छन्। संक्षिप्त विवरण तालिका नं. ७.२ मा प्रस्तुत गरिएको छ।

यस आ.व. मा छ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले समाज कल्याण परिषद् मार्फत परियोजना सम्झौता गरी विभिन्न गैरसरकारी संस्थाहरूसँगको साझेदारितामा कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमका विभिन्न जिल्लाहरूमा मानव बेचबिखन, लैङ्गिक हिंसा तथा यौन शोषण विरुद्ध तथा सुरक्षित आप्रवास, जीविकोपार्जन र वातावरणका सवालहरूमा प्रत्यक्ष रूपमा परियोजनाहरू कार्यान्वयन गरिरहेका छन्। ती परियोजना अन्तर्गत परियोजना अवधिभर कुल रकम रु. २,५२,३९,८२,७८८। बराबरको कार्यक्रम कार्यान्वयन हुने भनी समाज कल्याण परिषद्सँग परियोजना सम्झौता भएको देखिन्छ। यस सम्बन्धी विवरण तालिका नं. ७.३ मा प्रस्तुत गरिएको छ।

समाज कल्याण परिषद् अन्तर्गत परियोजना सम्झौताका आधारमा यस आर्थिक वर्षमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लक्षित शिक्षा, स्वास्थ्य, पोषण, सरसफाई लगायतका कार्यक्रमहरूमा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत छन्। ती संस्थाहरूले नेपालमा कार्यरत विभिन्न गैरसरकारी/समुदायमा आधारित संघ संस्थाहरूसंग मिलेर संघ, प्रदेश र स्थानीय तहको स्वीकृति लिई सञ्चालन गरिरहेका कार्यक्रमहरूबाट मानव बेचबिखनको रोकथाम र पीडित/प्रभावितको संरक्षण तथा हेरचाहमा पनि प्रत्यक्ष वा परोक्ष रूपमा सहयोय पुगेको छ। समाज कल्याण परिषदबाट प्राप्त अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सम्बन्धी विवरण अनुसूची ८ मा संलग्न छ।

**तालिका नं. ७.२: आ.व. २०८०/८१ मा मानव बेचबिखन विरुद्ध विकास साझेदारको सहयोगमा परियोजना सञ्चालन गरिरहेका गैरसरकारी संस्था सम्बन्धी विवरण**

| क्र. सं. | संस्थाको नाम ठेगाना | परियोजना | प्रदेश जिल्ला | दातृ निकाय | सहयोग रकम रु | अवधी | विषयगत क्षेत्र | मुख्य क्रियाकलाप र लक्षित समूह |
|---|---|---|---|---|---|---|---|---|
| १ | महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल काठमाडौं | Prevention of Child labour Exploitation: Strengthening capacity and surveillance on migration and trafficking | • मधेशको पर्सा, बारा, रौतहट र सर्लाही,<br>• बागमतीको काठमाडौं,<br>• लुम्बिनीको रुपन्देही, कपिलबस्तु र बाँके,<br>• सुदूरपश्चिमको कैलाली र कञ्चनपुर | UNICEF, Kathmandu, Nepal | १३,०१३,०८९,२९ | ०२/११/२०२३-३१/०५/२०२४ | मानव बेचबिखन | जोखिमा रहेका श्रम शोषण तथा बेचबिखनमा परेकालाइँ सूचना केन्द्र, नेपाल प्रहरु, सशस्त्र प्रहरी नेपाली सेनाका सिनिधीहरुलाई, अवरोध, परामर्श, सम्प्रेषण सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने। |
| २ | अर्को पाना नेपाल, ललितपुर १७ ग्वार्को | Care & protection of women@ risk of abuse, trafficking and sexual exploitation as well as assistance in rescuing and supporting survivors in their rehabilitation and reintegration process. | • बागमतीको ललितपुर | Chrisiche Ostmission (COM), Switzerland | ९,४८६,८००.०० | ०१/०४/२०२४- ३१/०३/२०२५ | महिला तथा बालबालिका र मानव बेचबिखन | पार्लर-सिलाई तालिम, हस्तकला सम्वन्धि तालिम, मनोविमर्श सेवा, स्वास्थ्य शिविर, आवश्यक परेका खण्डमा अन्य व्यवसाय भ्रमण, किशोर किशोरीहरुलाई लक्षित गरि मानव बेचविखन विरुद्धको तालिम दिने, विभिन्न अभिमुखिकरण तथा जनचेतननामुलक कायृक्तम गर्ने, आपतकालिन सहयोग। |

| क्र. सं. | संस्थाको नाम ठेगाना | परियोजना | प्रदेश जिल्ला | दातृ निकाय | सहयोग रकम रु | अवधी | विषयगत क्षेत्र | मुख्य क्रियाकलाप र लक्षित समूह |
|---|---|---|---|---|---|---|---|---|
| ३ | आफन्त नेपाल, ललितपुर १४ जाउलाखेल | Combating Trafficking in Persons. | • मधेशको महोत्तरी<br>• बागमतीको चितवन | Our Daughters International, USA` | ७,४१७,५०७.०० | ०१/०३/२०२४-३१/१२/२०२४ | महिला तथा बालबालिका र मानव बेचबिखन | नेपाल भारत विचको खुला नाका प्रयोग गरि हुन सक्ने मानव बेचविखन विरुद्ध निगरानी गर्ने, मानव बेचविखन तथा ओसारपसारको जोखिममा रहेका महिला तथा किशोरीहरु, वालिकाहरुलाई पहिचान गर्ने, परामर्श गर्ने, अवरोध गर्ने, उद्धार गर्ने, पारिवारिक तथा सामाजिक पुनर्मिलन तथा गराउन सहयोग गर्ने, अवरोध-उद्धार गरिएका महिला तथा किशोरीहरुलाई सुरक्षा प्रदान गर्ने, समग्रमा मानव बेचविखन मुक्त तथा लैङ्गिक हिंसा रहित समाज निर्माण गर्ने कार्य गर्ने। |
| ४ | माईती नेपाल, काठमाडौं | Combating Human Trafficking and Other Social Evils in Nepal | • कोशीको झापा र मोरङ<br>• मधेशको सप्तरी र सिराहा<br>• बागमतीको काठमाडौं र सिन्धुपाल्चोक | Charities Aid Foundation(CAF), America | १४,८८३,२८३.२० | ०९/२०२-<br>०८/२०२४ | मानव बेचबिखन | मानव बेचबिखन तथा ओसारपसार बाट प्रभावितहरुको सीमापार, समुन्द्रपार र आन्तरिक रुपमा उद्धार गर्ने, मानव बेचबिखज विरुद्ध जनचेतना कायुक्रम गर्ने, मानव बेचबिखन तथा ओसारपसार रोक्न हाइवे निगरानी गर्ने। |

| क्र. सं. | संस्थाको नाम ठेगाना | परियोजना | प्रदेश जिल्ला | दातृ निकाय | सहयोग रकम रु | अवधी | विषयगत क्षेत्र | मुख्य क्रियाकलाप र लक्षित समूह |
|---|---|---|---|---|---|---|---|---|
| ५ | माइती नेपाल, काठमाण्डौं | Support to Child Protection Center | • बागमतीको काठमाडौं | BONO Direkthilfe e.V., Germany | २,८१८,२९०.०० | १०/२०२३-१२/२०२४ | मानव बेचबिखन | माइती नेपालको बालगृहमा रहेका मानव बेचबिखन, लैगिंक हिंसा र विभिन्न प्रकारका शोषणजन्य अवस्थाबाट प्रभावित बालबालिकाहरुलाई खाना, लत्ता कपडा, सरसफाई सामाग्री लगायतका सेवा उपलब्ध गराउने। |
| ६ | शक्ति समूह, काठमाण्डौं | Comprehensive Support to Curb Human Trafficking in Nepal | • बागमतीको काठमाडौं<br>• गण्डकीको कास्की<br>• लुम्बिनीको बाँके | OUR, USA | १२,२३०,६५३.०० | १०/२०२३-०२/२०२४ | मानव बेचबिखन | मानव बेचबिखन तथा यसको उच्च जोखिम मा रहेको महिला तथा किशोरी को उद्धार गर्नको लागि सहयोग गर्ने, कानुनी अभिमुखीकरण, कानुनी सहयोग, मनोपरामर्श, सवस्थ्य जाँच, उपचार, शिक्षामा सहयोग गर्न्ने आदि। |
| ७ | शक्ति समूह, काठमाण्डौं | Mukti South Asia. | • बागमतीको काठमाडौं | ECPAT Luxemburg | ४५,७०४,०४९.०० | १०/०९/२०२३-१४/०९/२०२७ | मानव बेचबिखन | बेचविखनमा परेका वालवालिकाहरुलाई सहयोग, पैरवी,पुर्नस्थापना, पुनर्मिलन, संरक्षण, प्रभावकारी रूपमा रोकथाम। |

| क्र. सं. | संस्थाको नाम ठेगाना | परियोजना | प्रदेश जिल्ला | दातृ निकाय | सहयोग रकम रु | अवधी | विषयगत क्षेत्र | मुख्य क्रियाकलाप र लक्षित समूह |
|---|---|---|---|---|---|---|---|---|
| ८ | शान्ति फाउण्डेशन, काठमाण्डौं ६ बौद्ध | Survivor Lead Project. | • बागमतीको काठमाडौं | The Freedom Fund, UK | २,६५८,६७२.५० | ०८/०१/२०२४- ३०/११/२०२४ | मानव बेचबिखन | वाग्मती प्रदेशका मानव बेचविखन पिडितहरुको संजाल दर्ता गर्ने, संस्थागत प्रगति विवरण डिजाइन तथा प्रकाशन, नेर्तत्व, वकालत तथा डकुमेण्ट्सन सम्वन्धी तालिम, एड्स तथा ओसारपसारवाट प्रभावित किशोर किशोरीहरुको उद्धारे, फोरम निर्माण कार्यशाला आदि। |
| ९ | शेयर एण्ड केयर नेपाल, ललितपुर ५ | Dignity-II Follow-up Project. | • बागमतीको नुवाकोट | Tear Fund, New Zealand | १७,२५९,६००.०० | १३/०५/२०२४- १५/०७/२०२५ | मानव बेचबिखन | विद्यालय सचेतना कार्यक्रम, मानव बेचविखन तथा असुरक्षित बसाई सराई समवन्धमा । ऋसुरक्षित बैदेशिक रोजगार, मानव बेचविखनका मुद्धाहरुमा समुदाय र सरोकारवालहरुको सचेतना गोष्ठी संचालन गर्ने, अतिरिक्त क्रियाकलाप जस्तै क्वीज, सडक नाटक, रेली तथा साँस्कृतिक कार्यक्रम संचालन। |

**तालिका नं. ७.३: आ.व. २०८०/८१ मा मानव बेचबिखन, लैङ्गिक हिंसा तथा यौन शोषण विरुद्ध परियोजना सञ्चालनमा सहयोग गरिरहेका अन्तर्राष्ट्रिय संस्था सम्बन्धी विवरण**

| क्र सं | अनर्राष्ट्रिय संस्था | परियोजना | विषयगत क्षेत्र | प्रदेश/जिल्ला | अवधि (सम्झौता मिति) | कुल बजेट (रु) | साझेदार गैसस |
|---|---|---|---|---|---|---|---|
| १ | AWO International e.v.,Germany | Program for Enhancing Safe Labour Migration and Combating Trafficking in Nepal (Phase-2) | सुरक्षित आप्रवासन, मानव बेचबिखन नियन्त्रण र जीविकोपार्जन | • सुदूरपश्चिमको डोटी<br>• बागमतीको मकवानपुर | ३ वर्ष (०५/१०/२०२३) | १४९७११५४६ | • National Environment and Development Society (NEEDS) Nepal, Doti<br>• Women Skill Creation Center (WoSCC), Makawanpur |
| २ | Tear Fund, UK | Building Resilient Livelihood of Vulnerable Communities in Targeted District of Nepal-Phase ii | वातावरण तथा आर्थिक दिगोपना, लैङ्गिक हिंसा र मानव बेचबिखन नियन्त्रण | • बागमतीको सिन्धुपाल्चोक<br>• सुदूरपश्चिमको बाजुरा र कञ्चनपुर<br>• कोशिको सुनसरी | ५ वर्ष | ३२१६५५७९२ | • नखुलेको |
| ३ | Hope Mobilization Brazil | Apple of God's Eyes (Phase IV)" | मानव बेचबिखन तथा यौनजन्य शोषण नियन्त्रण | • बागमतीको काठमाडौं, भक्तपुर, दोलखा र नुवाकोट | ५ वर्ष (११/११/२०२२) | १६१०९९१९१५ | • Nepalese Home |

| क्र सं | अनर्राष्ट्रिय संस्था | परियोजना | विषयगत क्षेत्र | प्रदेश/जिल्ला | अवधि (सम्झौता मिति) | कुल बजेट (रु) | साझेदार गैसस |
|---|---|---|---|---|---|---|---|
| ४ | AWO International Nepal (Germany) | Program for Promotion of Safe Migration, Protection of Migrant's Rights and Combating Trafficking in Nepal | सुरक्षित श्रम आप्रवासन, मानव बेचबिखन नियन्त्रण र जीविकोपार्जन | • सुदूरपश्चिमको कञ्चनपुर र डोटी<br>• बागमतीको काठमाडौं र मकवानपुर<br>• कोशीको इलाम | ३ वर्ष (१४/११/२०२२) | १२४९९५९०८ | • NEEDS Nepal<br>• Pourakhi Nepal<br>• HuRF Nepal<br>• WoSFCC Nepal |
| ५ | Good Shephered International Foundation,Italy | Prevention of Human Trafficking, Unsafe Migration and Online Sexual Explotation of Children (OSEC) in Nepal | मानव बेचबिखन, सुरक्षित आप्रवासन र बालबालिकामाथि हुने अनलाइन यौन शोषण नियन्त्रण | • लुम्बिनीको रुपन्देही<br>• गण्डकीको कास्की<br>• बागमतीको काठमाडौं | ३५ महिना (०७/०३/२०२२) | १२२५३४१७३ | • .Child Workers in Nepal Concerned Center (CWIN) Nepal<br>• Opportunity Village Nepal (OVN) Kathmandu.<br>• National Network for Safe Migration (NNSM) Kathmandu |

| क्र सं | अनर्राष्ट्रिय संस्था | परियोजना | विषयगत क्षेत्र | प्रदेश/जिल्ला | अवधि (सम्झौता मिति) | कुल बजेट (रु) | साझेदार गैसस |
|---|---|---|---|---|---|---|---|
| ६ | Tear Fund, UK | Building resilient communities through protection and EES interventions in the Project locations | वातावरण तथा आर्थिक दिगोपना, लैङ्गिक हिंसा र मानव बेचबिखन नियन्त्रण | • सुदूरपश्चिमको बाजुरा (बुढीनन्दा नगरपालिका र बढीमालिका नगरपालिका)<br>• बागमतीको मकवानपुर (मनहरी गाउँपालिका, बकैया गाउँपालिका) र सिन्धुपाल्चोक (हेलम्बु गाउँपालिका, चौतारा साँगाचोकगढी नगरपालिका र मेलम्ची नगरपालिका | ३ वर्ष (२७/०५/२०२०) | १९४०९३४५४ | • Compassionate Hands for Nepal (CHFN),<br>• Shanti Foundation<br>• Education Training and Service for CommunityNepal (ETSC-Nepal),<br>• International Nepal Felloship (INF) |

*श्रोतः समाज कल्याण परिषद्*

परिच्छेद ८

# निष्कर्ष र आगामी कार्यदिशा

## ८.१ निष्कर्ष

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सन्दर्भमा बर्षभरी सम्पादन भएका कार्यक्रम/क्रियाकलापहरूलाई समेटी बार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने गरिएको तेह्र बर्ष पुरा भएको छ। विं. सं. २०६८ मा "मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना" कार्यान्वयन पश्चात २०६९ सालदेखि नै पाँचवटा विषयगत क्षेत्रहरू: निरोध र रोकथाम, पीडित/प्रभावितको संरक्षण; बेचबिखन विरूद्ध कानूनी कारवाही र पीडित/प्रभावितहरूलाई न्यायमा पहुँच; सरोकारवालाहरूको क्षमता विकास एवम् समन्वय, सहयोग र सहकार्य लगायतका क्षेत्रमा गरिएका प्रयास तथा हासिल भएका उपलब्धीहरूका साथै सुझावहरूलाई पनि प्रत्येक वर्ष प्रकाशित प्रतिवेदनले समावेश गर्दै आएको छ। समग्रमा यी वार्षिक प्रतिवदेनहरू मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका विषयमा उपलब्ध भएसम्मका तथ्याङ्क सहितको सरकारी तथा गैरसरकारी क्षेत्रबाट गरिएका प्रयासहरूको प्रतिबिम्ब हो।

आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन तयारीको सिलासिलामा संघ र प्रदेश सरकारका निकायहरू, मानव बेचबिखन नियन्त्रण जिल्ला समिति एवम् गैरसरकारी संघ संस्थाबाट उपलब्ध सूचना, तथ्याङ्क तथा जानकारीका साथै अध्ययन गरिएका विभिन्न निकायका वार्षिक प्रगति प्रतिवेदनहरू र मानव बेचबिखन/आधुनिक दासता सम्बन्धमा प्रकाशित प्रतिवेदनहरूका आधारमा देहायको निष्कर्षमा पुग्न सकिन्छः

१. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो लगायतका कार्यालयहरूमा परेको उजुरी एवम् महान्याधिवक्ताको कार्यालय र अन्तर्गतका सरकारी वकील कार्यालयहरू मार्फत विभिन्न तहका अदालतहरूमा दर्ता भएका मुद्दाको संख्यालाई बिश्लेक्षण गर्दा देशभित्र मानव बेचबिखन तथा ओसारपसारको घटना न्यून छन् भन्न सकिंदैन। छद्म तरिकाले हुने मानिसको तस्करी र किनबेचको सूचना पाउन सहज छैन।मानव बेचबिखन र मानव तस्करीकामा संलग्न हुने ब्यक्तिहरुको अपराधिक क्रियाकलापबारे खुलासा नहुने र पीडित/प्रभावित स्वयं पनि डर, भय, पीडा, दवाव, अज्ञानता, अविश्वास र सामाजिक लाञ्छनाका कारण उजुरी गर्दैनन्।

२. नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्यूरो र सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मीको सहयोगमा नेपाल-भारत सीमा नाका र भारतका विभिन्न शहरबाट प्रारम्भिक पहिचान र उद्धार गरी फर्काइएका बेचबिखनमा परेका र जोखिममा रहेका महिला तथा बालिकाहरूको संख्या उल्लेख्य रहेको सन्दर्भमा नेपाल बढीभन्दा बढी यौन शोषणका उद्देश्यले मूलतः श्रोत मुलुककै रूपमा रहेको अवस्था छ।

३. विशेषगरी छिमेकी मुलुक भारत केन्द्रित यौन बजार वा तेश्रो मुलुकको यौन बजारमा महिला तथा किशोरीहरूलाई बेचबिखनका लागि ओसारपसार गर्न नेपाल-भारतबीचको १७५१ कि.मि. खुला सीमामा सुरक्षा पहरा भएका नाका मात्र होइन अन्य नाकाहरू पनि प्रयोग भईरहेका छन्। ती सबै नाकामा निगरानी एक चुनौतिको विषय बनेको छ।

४. नेपाल-भारत सीमाका मुख्य मुख्य नाकाहरूमा रहेका विभिन्न संघसंस्थाहरूको सूचना केन्द्रहरूको काम, कारवाही, महत्व, आवश्यकता, औचित्यता प्रभावकारिता बारे पटक-पटक प्रश्न उठ्ने गरेको छ।

५. अघिल्ला राष्ट्रिय प्रतिवेदनहरूले सुझाएको, विशेषगरी पालेर्मो प्रोटोकलको अनुमोदन पश्चात CEDAW Committee को निष्कर्ष टिप्पणी, राष्ट्रिय मानव अधिकार आयोग लगायत विभिन्न प्रतिवेदनका सुझाव अनुसार मानव बेचबिखनका सबै किसिमका आयामलाई समेटेर कानून सुधार गरी मानव बेचबिखन विरुद्ध उजुरी, अनुसन्धान र अभियोजनलाई सहज र प्रभावकारी बनाउन जरुरी छ। साथै संघीयता बमोजिम प्राथमिकताका साथ कानूनमा सुधार र संरचनागत व्यवस्थामा सुदृढीकरण आवश्यक छ।

६. रोजगारी र अवसरको खोजीका लागि बैदेशिक रोजगारमा जान चाहने नेपालीहरूले मानव तस्करीको माध्यम अपनाउँदै मानव बेचबिखनको परिणाम भोग्न पर्ने वर्तमान अवस्थालाई चिर्न मानव तस्करी विरूद्धको एक छुट्टै कानूनको अभाव छ। बैदेशिक रोजगारीको नाममा हुने छलछाम, अपनाइने मानव तस्करीको माध्यम र भोग्नु पर्ने मानव बेचबिखनको परिणामलाई कानूनी दायरामा ल्याउन चुनौती छ।

७. मानव बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को अवधि समाप्त भएकोले नयाँ राष्ट्रिय नीति सहितको कार्ययोजनाको मस्यौदालाई अन्तिम रुप दिने प्रयास भइरहेको छ।

८. मानव बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिहरूको पहिचान, उद्धार र स्वदेश फिर्ति लगायत उनीहरूलाई प्रवाह हुनुपर्ने पुनर्स्थापना सेवालाई सुदृढ तुल्याउन एक मानक मापदण्डको निर्माण गर्नुका साथै संघीय संरचनासँग मिलान हुने गरी प्रेषण संयन्त्र (Referral Mechanism) को स्थापनाको आवश्यकता महशुस भएको छ।

९. वैदेशिक रोजगार, भिजिट भिषा, अध्ययन भिषा, विदेशी नागरिकसँगको विवाह आदिका नाममा

विदेशमा बेचबिखनमा भई अलपत्र परेका नेपालीहरूको छिटो उद्धार र स्वदेश फिर्तिका लागि भारत लगायत विदेशी मुलुकहरूसँगको द्विपक्षीय सम्झौता सहितको सम्बोधन प्रणालीका साथै विदेशमा फेला परेका मानव तस्करीका दलाल र बेचबिखन कर्ता माथि कानूनी कारवाहीका लागि पारस्परिक कानूनी सहायता प्रणाली सुदृढ तुल्याउनु पर्ने आवश्यकता छ।

१०. अन्तर्राष्ट्रिय सन्दर्भमा विशेष गरी कोभिड-१९ महामारी पश्चात विश्वमा देखिएको आर्थिक मन्दी, विदेशी सहयोग कटौती गर्ने अमेरिकी सरकार र बेलायती सरकारको नीति लगायत दणिण एशियाली राष्ट्रहरूको सहयोग संगठन सार्क प्रणालीमा छाएको शिथिलता आदिका कारण मानव बेचबिखन विरूद्धको अन्तर्राष्ट्रिय/क्षेत्रीय सहयोग र सहकार्यलाई पनि असर पारेको छ। यसबाट सरकारको तर्फबाट मानव बेचबिखन नियन्त्रणमा गर्नुपर्ने लगानीमा ह्रास आउनुका साथै अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरूको परियोजना तथा कार्यक्रमहरूमा पनि कटौती भएको छ।

११. यस मन्त्रालयको दायित्व बहन गर्ने समर्पित (dedicated) प्रतिनिधि निकाय जिल्लामा नरहँदा अन्य सरकारी निकाय तथा सेवा प्रदायक र स्थानीय तहसँगको समन्वय र सहजीकरणमा रिक्तता (gap) सिर्जना भएको छ। परिणाम स्वरूप जिल्लाहरूमा कानून अनुसार गठन भएका मानव बेचबिखन नियन्त्रण जिल्ला समितिहरूको क्रियाशीलतामा समेत कमी आएको अवस्था छ।

१२. प्रदेशमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहसम्म महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा/उपशाखा स्थापना भई महिला विकास तर्फका कर्मचारीहरूको समायोजन भएता पनि श्रोत विनियोजन, सम्पर्क र अभिमूखीकरणको अभावमा मानव बेचबिखन लगायत लैङ्गिक हिंसाका सवालहरू ओझेलमा छन्। कार्यक्रम र बजेटको हिसाबले प्रदेश र स्थानीय तहमा मानव बेचबिखन नियन्त्रण प्राथमिकतामा पर्न नसकेको अवस्था छ।

१३. मानव बेचबिखन जस्तो जघन्य र संगठित अपराध विरूद्ध लड्न राज्य संयन्त्रको अगुवाईमा संघ, प्रदेश र स्थानीय तहमा दक्ष जनशक्ति सहितको संरचना निर्माण गर्न जरूरी छ। सरकारी तथा गैरसरकारी क्षेत्रबाट मानव बेचबिखन विरुद्धको निरोधात्मक कार्यक्रमहरू समुदायसम्म सघन रूपमा सञ्चालन गर्न आवश्यक छ।

१४. पीडित/प्रभावितको गोपनीयताको अधिकार, द्रुत न्याय र क्षतिपूर्तिको अधिकार लगायत संरक्षणका सवालहरू पूर्ण रूपमा सम्बोधन गर्न जरूरी छ। सर्बोच्च अदालतको आदेश अनुसार मानव बेचबिखन सम्बन्धी मुद्दाहरूलाई सबै तहका अदालतले छिटो टुङ्ग्याउन जरूरी छ।

१५. स्वदेश भित्र बैदेशिक रोजगारका भर्ना कर्ताहरू लगायत कृषि, उद्योग कलकारखाना, यातायात, मनोरञ्जन तथा अतिथि सत्कार क्षेत्र, घरेलु कामको क्षेत्र आदिको नियमन प्रभावकारी बनाउनुका साथै निजी क्षेत्रसँगको सहकार्यलाई प्रवर्द्धन गर्न जरूरी छ।

## ८.२ आगामी कार्यदिशा

नेपालमा मानव बेचबिखनका विद्यमान आयाम, स्वरूप, कारण र परिणामहरूका साथै नियन्त्रणका उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यस मन्त्रालयले अध्ययन अनुसन्धान गर्ने कार्यको थालनी गरेको छ। सो अध्ययन अनुसन्धानले भावी कार्यदिशा निर्देशनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यस प्रतिवेदनमा माथि उल्लेख गरिएका निष्कर्षका आधारमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि तत्काले सम्बोधन गरिनुपर्ने सवालहरूका सन्दर्भमा देहाय अनुसार गर्ने गरी मन्त्रालय प्रतिवद्ध छः

| क्र सं | विषयगत क्षेत्र | कार्यक्रम | जिम्मेवारी |
|---|---|---|---|
| १ | नीतिगत सुझावहरूको विश्लेषण र कार्यान्वयन | • मन्त्रालयबाट प्रत्येक बर्ष प्रकाशित राष्ट्रिय प्रतिवेदनहरू, राष्ट्रिय मानव अधिकार आयोगको राष्ट्रिय प्रतिवेदन, नेपालको सन्दर्भमा CEDAW Committee को सिफारिश लगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले गरेका नीतिगत सुझावहरू बारे अध्ययन विश्लेषण गरी सुधार गर्नुपर्ने विषयहरूमा ध्यान दिने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति |
| | | • मानव बेचबिखन विरूद्ध प्रतिपादित राष्ट्रिय नीति, कानून, कार्ययोजना, १६औं योजना, पालेर्मो प्रोटोकल CEDAW Committee को निष्कर्ष टिप्पणी लगायत UPR का सिफारिशहरू बारे स्थानीय तहका सबै सरोकारवालाहरूलाई चरणबद्ध रूपमा जानकारी र सचेत गराउने। | |
| | | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यक्रमहरुको प्रभावकारिता तथा यस अपराधको नयाँ स्वरूप र आयामहरू बारे अध्ययन अनुसन्धान गर्ने। | |
| २ | नीति, कानून, कार्ययोजना र कार्यविधि तर्जुमा र सुधार | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन संसोधन पश्चात सोही अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावलीलाई यथाशीघ्र सुधार गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| | | • मानव बेचबिखन विरूद्धको राष्ट्रिय नीति र कार्ययोजना यथाशीघ्र पारित गर्ने गराउने। | नेपाल सरकार मन्त्रिपरिषद्, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | | • पीडित/प्रभावितहरूको पहिचान, उद्धार, स्वदेश फिर्ति सम्बन्धी मानक कार्यविधि, प्रेषण प्रणाली (Referral Mechanism) लगायतका निर्देशिका/कार्यविधिहरू यथाशीघ्र तर्जुमा गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति |
| | | • पीडित/प्रभावितहरूको संरक्षण तथा हेरचाह सम्बन्धी राष्ट्रिय न्यूनतम मापदण्ड र पुनर्स्थापना गृह सञ्चालन निर्देशिकालाई संघीय संरचना अनुसार मिलान हुनेगरी सुधार गर्ने। | |
| ३ | समिति/संयन्त्र निर्माण | • मानव बेचबिखन नियन्त्रणका लागि कानूनमा व्यवस्था गरी सबै प्रदेशमा प्रदेश स्तरीय समिति र सबै स्थानीय तहमा स्थानीय समितिहरूको गठन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने। | |
| | | • प्रदेश सामाजिक विकास मन्त्रालयका जिल्ला कार्यालयहरूलाई मानव बेचबिखन नियन्त्रणका सवालहरूमा पनि क्रियाशील बनाई जिल्लामा समन्वयात्मक भूमिका निर्वाह गर्न सक्ने गरी सक्षम तुल्याउने। | |
| | | • संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा गठन भएका मानव बेचबिखन नियन्त्रण समिति अन्तर्गत प्रेषण प्रणाली स्थापना गर्ने। | |
| ४ | पुनर्स्थापना केन्द्र/संरक्षण गृहहरूको स्थापना, सञ्चालन र अनुगमन | • गैसससँग साझेदारितामा सञ्चालन भएका पुनर्स्थापना केन्द्र/सेवा केन्द्रहरूलाई क्रमशः प्रदेश सरकार र स्थानीय तहको दायित्वको रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, स्थानीय तह |
| | | • आवश्यकताअनुसार स्थान विशेषका आधारमा दीर्घकालीन तथा अल्पकालीन पुनर्स्थापना केन्द्र/सेवा केन्द्रहरूको वर्गीकरण गरी प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने। | |
| ५ | पुनर्स्थापना कोष सञ्चालन | • पीडित/प्रभावितको सहज पहुँच हुने गरी प्रदेश, जिल्ला र स्थानीय तह पुनर्स्थापना कोष स्थापना तथा प्रभावकारी रूपमा सञ्चालन गर्ने। | |
| ६ | मानव बेचबिखन विरुद्ध शिक्षा सचेतना | • औपचारिक शिक्षाको माध्यमबाट मानव बेचबिखन विरूद्धको शिक्षा सचेतनालाई व्यापक बनाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| | | • अनौपचारिक र जीवनउपयोगी किशोरकिशोरी शिक्षालाई सबै समुदायमा पुर्‍याई मानव बेचबिखन, बाल विवाह, लैङ्गिक हिंसा लगायतका हानीकारक अभ्यासहरू विरूद्ध सचेत गराउने। | |

| | | | |
|---|---|---|---|
| | | • सरकारी तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालन हुने सचेतनाका कार्यक्रमहरू सँगै आयआर्जनका कार्यक्रमहरूलाई पनि जोड दिने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतका मन्त्रालयहरू र गैससहरू |
| ७ | मानव बेचबिखन विरुद्ध समुदाय निगरानी | • समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी तुल्याई महिला समूह, आमा समूह, किशोरी समूह, युवा क्लव, बाल क्लव लगायतका समुदायमा आधारित संघसंस्थाहरूको सहभागितामा समुदाय निगरानी प्रणालीलाई सुदृढ तुल्याउने। | नेपाल प्रहरी, सबै स्थानीय तह, गैसस, समुदायमा आधारित संस्थाहरू |
| ८ | नेपाल-भारत र नेपाल-चीन सीमा निगरानी | • सीमानाकामा सञ्चालन भएका विभिन्न संस्थाका सूचना केन्द्रहरूको आवश्यकता र प्रभावकारिता बारे अध्ययन गरी streamlining गर्ने। | गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| | | • नेपाल-भारत र नेपाल-चीन सीमामा मानव बेचबिखन नियन्त्रणका लागि द्विपक्षीय सहयोग, समाझदारी तथा सहकार्यका लागि आवश्यक पहल गर्ने। | गृह मन्त्रालय, कानुन न्याय तथा संसदीय मामीला मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, गैसस |
| ९ | बैदेशिक रोजगारमा जाने आप्रवासी कामदार तथा घरेलु कामदारहरूको सुरक्षा | • नेपाली कामदारहरू पुगेका सबै मुलुकहरूसँग आप्रवासी कामदारको हित हुने गरी श्रम सम्झौता गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसंग समन्वय गर्ने। | परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय |
| | | • श्रम आप्रवासन विशेषगरी घरेलु काममा बिदेश जाने महिला कामदारहरूको सन्दर्भमा मानव बेचबिखन  र मानव तस्करी मुक्त बनाउन विशेष कार्ययोजना सहित सूचना सङ्कलन, निगरानी, अनुगमन र कानूनी कारबाहीमा प्रभावकारीता ल्याउने। | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय, अध्यागमन विभाग |
| | | • आप्रवासी कामदार तथा तिनका परिवारको संरक्षणको अधिकार सम्बन्धमा बनेको विशेष महासन्धि International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families 1990, Protocol Against the smuggling of Migrants by Land, Sea and Air, Supplementing the Uited Nations Convention against Transnational Organized Crime; अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) का महासन्धिहरू Domestic Workers Convention, 2011 (No. 189) र Violence and Harassment Conventions 2019 (No. 190) को अनुमोदनको आवश्यकता बारे अध्ययन गर्ने। | संघीय संसद, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | | • पर्यटन/भिजिट भिषामा जाने व्यक्तिहरू विशेषगरी महिला/किशोरीहरूको सम्बन्धमा बेचबिखनको जोखिमलाई घटाउने उपायहरू अवलम्वन गर्ने। | गृह मन्त्रालय, अध्यागमन विभाग, नेपाल प्रहरी |
| १० | सामाजिक सूचना व्यबस्थापन प्रणाली | • SIMS को सफ्टवेयरलाई आवश्यकता अनुसार सुधार गरी सबै सरोकारवाला मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह र गैससमा पुर्याई तथ्याङ्क प्रणालीलाई सुदृढ तुल्याउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| १२ | आन्तरिक श्रम बजारमा नियमन र अनुगमन | • कृषि, उद्योग, निर्माण, यातायात, पर्यटन, मनोरञ्जन तथा अतिथि सत्कार लगायतका क्षेत्रहरूमा श्रम तथा यौन शोषणका दृष्टिले जोखिम क्षेत्रहरू पहिचान गरी नियमन र अनुगमनलाई प्रभावकारी बनाउने। | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, जिल्ला प्रसाशन कार्यालय, स्थानीय तह |
| १३ | क्षमता विकास | • सबै तहका मानव बेचबिखन नियन्त्रण समिति संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सबै प्रदेश सरकार, सबै स्थानीय तह |
| | | • संघ, प्रदेश र स्थानीय तहमा मानव बेचबिखन नियन्त्रण सम्पर्क बिन्दू तोक्ने र क्षमता विकास तालिम सञ्चालन गर्ने। | |
| | | • अनुसन्धान, अभियोजन तथा न्याय निरूपणमा संलग्न रहने पदाधिकारीहरू लक्षित क्षमता विकास तालिम सञ्चालन गर्ने। | राष्ट्रिय न्यायिक प्रतिष्ठान, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, प्रहरी प्रशिक्षण प्रतिष्ठान, प्रदेश प्रहरी तालिम केन्द्रहरू |
| १४ | समन्वय र सहकार्य प्रवर्द्धन | • मानव बेचबिखन विरूद्ध अन्तर्राष्ट्रिय तथा सार्क स्तरीय महासन्धिहरू बमोजिम द्विपक्षीय तथा बहुपक्षीय सहयोग र सम्बन्धलाई सुदृढ तुल्याउने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, परराष्ट्र मन्त्रालय |
| | | • मानव बेचबिखन नियन्त्रणमा सरकारी, गैरसरकारी, निजी क्षेत्र र विकास साझेदारहरूको सहकार्यलाई प्रवर्द्धन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |

## अनुसूची १: जिल्ला स्थित सेवा केन्द्र सम्बन्धी विवरण

| क्र. सं. | जिल्ला/स्थानीय तह | सञ्चालक संस्था |
|---|---|---|
| १ | पाँचथर फिदिम नगरपालिका - ४ | संयुक्त महिला अधिकार समन्वय सञ्जाल |
| २ | सुनसरी इनरुवा नगरपालिका | इनरूवा नगरपालिका |
| ३ | सोलुखुम्बु सोलुदुधकुण्ड नगरपालिका | हिमचुली महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेट |
| ४ | सप्तरी कञ्चनपुर नगरपालिका | सृजनात्मक महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड |
| ५ | सर्लाही मलंगवा नगरपालिका - १० | शान्ति महिला केन्द्र |
| ६ | रौतहट गौर नगरपालिका | नारी चेतना महिला कृषक सहकारी संस्था लिमिटेड |
| ७ | काभ्रेपलान्चोक धुलिखेल नगरपालिका | धुलिखेल नगरपालिका |
| ८ | मकवानपुर हेटौंडा उपमहानगरपालिका | राजदेवी महिला बहउद्देश्यीय सहकारी संस्था लिमिटेड |
| ९ | म्याग्दी बेनी नगरपालिका - ७ | बेनी नगरपालिका |
| १० | तनहुँ ब्यास नगरपालिका - २ | मादी गङ्गा महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड |
| ११ | बागलुङ बागलुङ नगरपालिका - २ | बागलुङ नगरपालिका |
| १२ | प्यूठान मालारानी गाउँपालिका - ४ | मालारानी गाउँपालिका |
| १३ | रोल्पा रोल्पा नगरपालिका | सगरमाथा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड |
| १४ | गुल्मी मुसिकोट नगरपालिका | जनसेवा महिला विकास |
| १५ | अर्घाखाँची सन्दिखर्क नगरपालिका | सुर्योदय महिला विकास तथा ऋण सहकारी संस्था लिमिटेड |
| १६ | नवलपरासी पश्चिम रामग्राम नगरपालिका- ४ | दाउन्ने बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड |
| १७ | दाङ घोराही उप-महानगरपालिका | सौभाग्य महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड |
| १८ | बर्दिया गुलरिया नगरपालिका - ४ | गुलरिया नगरपालिका |
| १९ | जुम्ला चन्दननाथ नगरपालिका - ४ | जिल्ला सेवा केन्द्र |

| | | |
|---|---|---|
| २० | डोटी दिपायल सिलगढी नगरपालिका - ६ | नवलक्ष्मी महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड |
| २१ | कञ्चनपुर भीमदत्त नगरपालिका | शुभलक्ष्मी महिला कृषि बहुउद्देश्यीय संस्था लिमिटेड |
| | | स्रोत: *MoWCSC Stats of Women in Nepal Social Statics and Key Indicators* २०८१ |

**अनुसूची २: नेपाल सरकारको स्वीकृति लिई संरक्षण गृह सञ्चालन गरिरहेका संस्थाहरूको विवरण**

| क्र.स. | संस्थाको नाम र ठेगाना | संरक्षण गृह लगायतका सेवा उपलब्ध जिल्ला | लक्षित समूह |
|---|---|---|---|
| १ | सामाजिक संस्था जिल्ला समन्वय, मधेश प्रदेश, पर्सा जिल्ला, बीरगञ्ज महानगरपालिका वडा नं. १४ | पर्सा, रौतहट, बारा र धनुषा | महिला तथा बालबालिका |
| २ | आसमान नेपाल, मधेश प्रदेश, बारा जिल्ला, कलैया उप-महानगरपालिका, वडा नं. १ सिद्धेश्वर | बारा र धनुषा | महिला तथा बालबालिका |
| ३ | संरक्षण नेपाल, मधेश प्रदेश, बारा जिल्ला, कलैया उप-महानगरपालिका, वडा नं. ४ | बारा, महोत्तरी, धनुषा र सिराहा | बालबालिका, युवा तथा महिला |
